## परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष (तह १०)
### तृतीय पत्र
# समकालीन बौद्ध अभियान

**समग्र उद्देश्य**

विद्यार्थीले वर्तमान विश्वको बौद्ध जगतमा अद्वितिय बौद्ध व्यक्तित्वहरुको नेतृत्वमा विभिन्न किसिमका बौद्ध अभियानहरु सक्रिय रुपमा सञ्चालनमा आउँदा विश्वभरि नै बुद्धशिक्षाको महत्वबारे जागरण, अध्ययन, अभ्यास, तथा आचरणको क्षेत्रमा ठोस उपलब्धि हुन थालेको बारेमा जानकारी पाउनेछन् ।

**सिकाइगत उद्देश्यहरू**

१. विद्यार्थीले **इन्गेज्ड बुद्धिज्म, चूची फाउण्डेशन, सर्वोदय श्रमदान अभियान, साक्यधिता, इन्द्रमांग, फो गुआन शान, पालि टेक्स्ट सोसाइटी, विपस्सना रिसर्च इन्स्टिच्यूट** नामको अन्तर्राष्ट्रिय संस्थाको सक्रिय अभियानको फलस्वरुप विश्वभरि नै बुद्धशिक्षाको महत्वबारे जागरण, अध्ययन, अभ्यास, तथा आचरणको क्षेत्रमा ठोस उपलब्धि हुन थालेको बारेमा जान्नेछन् ।

२. विद्यार्थीले **नवयान, बौद्ध आधुनिकतावाद, गृहस्थ बौद्ध अभियान** नामको सक्रिय अभियानको फलस्वरुप विश्वभरि नै बुद्धशिक्षाको महत्वबारे जागरण, अध्ययन, अभ्यास, तथा आचरणको क्षेत्रमा ठोस उपलब्धि हुन थालेको बारेमा जान्नेछन् ।

**अखिल नेपाल भिक्षु महासंघ**
**नेपाल बौद्ध परियत्ति शिक्षा**

केन्द्रीय कार्यालय : विश्व शान्ति विहार, नयाँ बानेश्वर, मीनभवन, काठमाडौं
फोन नं. : ४१०६९३६, ४१०६९४१, E-mail: pariyatti2556@gmail.com

परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष (तह १०) – तृतीय पत्र
समकालीन बौद्ध अभियान

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा
## परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष (तह १०)
## तृतीय पत्र
# समकालीन बौद्ध अभियान

**अखिल नेपाल भिक्षु महासंघ**
**नेपाल बौद्ध परियत्ति शिक्षा**

Dhamma.Digital
https://dhamma.digital

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष (तह १०)

## तृतीय पत्र

# समकालीन बौद्ध अभियान

Dhamma.Digital

प्रधान सम्पादक

**भिक्षु धर्मगुप्त महास्थविर**

सम्पादक मण्डल

**भिक्षु बोधिज्ञान महास्थविर**

**भिक्षु निग्रोध महास्थविर**

**अमिता धाख्वा**

**डा. त्रिरत्न मानन्धर**

**डा. रीना तुलाधर बनिया**

https://dhamma.digital

प्रकाशक : अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा
पाठ्यक्रम तथा पाठ्यसामग्री समिति

प्रकाशनार्थ आर्थिक सहयोग : **हरि महर्जन, ज्ञानमाया महर्जन, भिक्षु बोधिज्ञान, देव महर्जन, सुभद्रा महर्जन पन्थी, सुवर्ण महर्जन गुरुङ्ग**
खुमलटार, ललितपुर, वडा नं १५

**दाता परिवारलाई साधुवाद !**

परियत्ति सद्धम्मकोविद अन्तिम वर्ष, तृतीय पत्रको यस
पाठ्यपुस्तक प्रकाशनार्थ आर्थिक सहयोग गर्नुहुने
**हरि महर्जन, ज्ञानमाया महर्जन, भिक्षु बोधिज्ञान**
**देव महर्जन, सुभद्रा महर्जन पन्थी, सुवर्ण महर्जन गुरुङ्ग**
खुमलटार, ललितपुर-१५ परिवारलाई साधुवाद !

सर्वाधिकार : अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा

Dhamma.Digital

प्रथम संस्करण : ३०० प्रति
बु.सं. २५६९
वि.सं.२०८२
ने.सं. ११४५
ई.सं. २०२५

मुद्रण : आईडियल प्रिन्टिङ्ग प्रेस, ग्वार्को, ल.पु.

सहयोगार्थ मूल्य : १५०/-

(नोट : यस पुस्तक बिक्री भएको रकम पुनःसंस्करणको लागि प्रयोग हुनेछ ।)

https://dhamma.digital

# साधुवाद

नेपालको बुद्धशाशनमा ऐतिहासिक संस्था, 'नेपाल बौद्ध परियत्ति शिक्षा' को प्रारम्भकालदेखि पाठ्यसामग्री श्रृजना गर्दै अतुलनीय योगदान दिएर जानुभएका अति पूज्यनीय हाम्रा गुरुवर्ग श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर, श्रद्धेय भिक्षु सुदर्शन महास्थविर, श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर, श्रद्धेय गुरुमां अनागारिका सुशिला तथा धर्ममित्र धर्मरत्न शाक्य त्रिशुलीको गुणानुस्मरण गर्दै यस साधुवाद पत्रको शुरुवाट गर्दछौं।

*समकालीन बौद्ध अभियान* शिर्षकको प्रस्तुत पुस्तक, 'अखिल नेपाल भिक्षु महासंघ' द्वारा सञ्चालित 'नेपाल बौद्ध परियत्ति शिक्षा' को 'परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष (तह १०) को तृतीय पत्रको पाठ्यक्रममा आधारित भएर तयार भएको पाठ्यपुस्तक हो । यस पाठ्यपुस्तकको पाठ्यसामग्रीमा एकाइ १ को विषयवस्तु *इन्गेज्ड बुद्धिज्म र चूची फाउण्डेशन* को पाठ्यसामग्री डा. त्रिरत्न मानन्धरले लेख्नुभएको हो । एकाइ २ को विषयवस्तु *सर्वोदय श्रम अभियान* र *साक्यधिता* को पाठ्यसामग्री डा.सबिता धाख्वाले लेख्नुभएको हो । एकाइ ३ को विषयवस्तु इन्द्रमांगको पाठ्यसामग्री डा. त्रिरत्न मानन्धरले लेख्नुभएको हो । एकाइ ३ को विषयवस्तु फो गुआन शानको पाठ्यसामग्री देवकाजी शाक्यले लेख्नुभएको हो ।

एकाइ ४ को विषयवस्तु Pali Text Society र Vipassana Research Institute को पाठ्यसामग्री गुण केशरी महर्जनले लेख्नुभएको हो । एकाइ ५ को विषयवस्तु (क) Neo Buddhism (ख) Buddhist Modernism (ग) Lay Buddhist Movement हरिओम् श्रेष्ठले लेख्नुभएको हो ।

यस पाठ्यपुस्तक प्रकाशन हुनाले 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूको लागि पाठ्यपुस्तक सर्वसुलभ हुने भएको छ । यस पुस्तक प्रकाशनार्थ आर्थिक सहयोगी दाता हरि महर्जन, ज्ञानमाया महर्जन, भिक्षु

https://dhamma.digital

बोधिज्ञान, देव महर्जन, सुभद्रा महर्जन पन्थी, सुवर्ण महर्जन गुरुङ्गलाई हार्दिक धन्यवाद दिन्छौं । पुस्तक प्रकाशनको क्रममा प्रेससम्बन्धि कार्य निपुणताका साथ गर्नुहुने आइडियल प्रेसका विनोद महर्जन प्रमुख प्रेसका सम्पूर्ण कार्यदललाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

अन्तमा पुनः एकपटक 'नेपाल बौद्ध परियत्ति शिक्षा' को पाठ्यसामग्री निर्माण कार्यमा विगतका दिनदेखि आजसम्म विविध कार्यद्वारा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा योगदान दिँदै आउनुभएका श्रद्धेय भिक्षु संघ, श्रद्धेय गुरुमां संघ तथा श्रद्धालु महानुभावहरूलाई मैत्रीपूर्ण साधुवाद ।

बु.सं. २५६९ — प्रधान सम्पादक प्रमुख
वि.सं.२०८२, जेठ — सम्पादक मण्डल

Dhamma.Digital

https://dhamma.digital

# प्रकाशकीय

'नेपाल बौद्ध परियत्ति शिक्षा' का बिद्यार्थीहरूको लागि पाठ्यपुस्तकको रूपमा यो पुस्तक प्रस्तुत गर्न पाउँदा धर्मप्रीतिको अनुभव भएको छ । यस पुस्तक अध्ययन गरेर धेरैभन्दा धेरै विद्यार्थीहरू लाभान्वित हुने अपेक्षा गरेका छौं ।

वि.सं. २०१९ मा स्थापना भएको 'अखिल नेपाल भिक्षु महासंघ' अन्तर्गत सञ्चालित 'नेपाल बौद्ध परियत्ति शिक्षा'को अध्ययन अध्यापनद्वारा नेपालमा बहुसंख्यक अध्ययनार्थीहरूले बुद्धशिक्षालाई गहन रूपमा सिक्ने अवसर प्राप्त गरेको छ । 'नेपाल बौद्ध परियत्ति शिक्षा' का विद्यार्थीहरूको लागि पाठ्यपुस्तक तयार गर्न विगतका समयदेखि वर्तमानसम्म धेरैजना भिक्षुहरू, अनागारिका गुरुमांहरू, उपासक तथा उपासिकाहरूबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुर्‍याउँदै आउनुभएको छ ।

हाम्रा परमपुज्य गुरुवर्गहरू भिक्षु बुद्धघोष महास्थविर, भिक्षु सुदर्शनमहास्थविर, भिक्षु ज्ञाणपूर्णिक महास्थविर, अनागारिका सुशिला तथा श्रद्धालु धर्मभिरु उपासक धर्मरत्न शाक्य जसले परियत्ति शिक्षाको लागि पुसतकहरू श्रृजना गर्नुभयो, उहाँ गुरुहरूको गुणानुस्मरण गर्दै उहाँहरूले देखाउनुभएको मार्गमा पाइला चाल्दै 'नेपाल बौद्ध परियत्ति शिक्षा' लाई निरन्तर अगाडि बढाइरहनु भएको चतुपरिषदलाई साधुवाद दिन्छौं । 'नेपाल बौद्ध परियत्ति शिक्षा' को लागि पाठ्यपुस्तक निर्माण गर्ने वृहत कार्यमा विगतका समयदेखि आजसम्म पाठ्यसामग्री लेखन, पाठ्यसामग्री अनुवाददेखि लिएर आवश्यक परिमार्जन, संशोधन, सल्लाह सुझाव दिँदै सँधैभरि योगदान दिँदै आउनुभएका भिक्षु, अनागारिका गुरुमांहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । पाठ्यसामग्री लेखन, अनुवाद, अनुसन्धान, सम्पादन, शुद्धाशुद्धि, टाइपिङ्ग, प्रुफ रिडिङ्ग आदि विविध कार्यमा सँधैभरि सहयोग गर्दै आउनुभएका श्रद्धालु उपासक

https://dhamma.digital

उपासिकाहरूप्रति मैत्रीपूर्ण साधुवाद ।

'नेपाल बौद्ध परियत्ति शिक्षा' अन्तर्गत 'पाठ्यक्रम तथा पाठ्यपुस्तक समिति' को वर्तमान कार्यकारिणि समितिमा रही यस पाठ्यपुस्तक प्रकाशन कार्य सम्पन्न गर्नुभएका कार्यकारिणि समितिका संयोजक भिक्षु धर्मगुप्त महास्थविर प्रमुख बाँकि सदस्यहरुको अथक प्रयास प्रशंसनीय रहेको छ ।

यो पुस्तक प्रकाशनार्थ आर्थिक सहयोग गर्ने हरि महर्जन, ज्ञानमाया महर्जन, भिक्षु बोधिज्ञान, देव महर्जन, सुभद्रा महर्जन पन्थी, सुवर्ण महर्जन गुरुङ्गप्रति साधुवाद व्यक्त गर्दछौं । प्रेस सम्बन्धी कार्य गरी निरन्तर सहयोग गरिरहनुभएका आईडियल प्रिन्टिङ्ग प्रेस परिवारप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

यस शैक्षिक संस्थामा संलग्न भिक्षु, अनागारिका, उपासक तथा उपासिका वर्गले अनवरत रूपमा सेवा गर्दै आएको तथा उस्तै दाताहरूबाट पनि निरन्तर रूपमा दान दातव्यको पुण्य कार्य भइरहेको कुरा उल्लेखनीय छ । यस्तै पुण्यकार्यको फलस्वरूप परियत्ति शिक्षा अध्ययन अध्यापनको लागि आवश्यक पाठ्यपुस्तक तथा सामग्री आपूर्ति हुँदै आएको छ । यो नेपालको बौद्ध समुदायको लागि धर्म गौरवको कुरा हो । नेपालको बौद्ध जगतका उनै श्रद्धालु महानुभावहरूको निस्वार्थ सेवा, अथक प्रयासको फलस्वरूप नेपाल बौद्ध परियत्ति शिक्षाले सफलपूर्वक ६ दशक पार गरिसक्यो । यस्तै श्रद्धालुहरूको आस्था, त्याग, मेहनतकै आडमा भविष्यका दिनपनि यस ऐतिहासिक संस्थालाई निरन्तररूपले अगाडि बढाउने छौं भन्ने हाम्रो संकल्प रहेको छ ।

बु.सं. २५६९ **अखिल नेपाल भिक्षु महासंघ**

वि.सं. २०८२

https://dhamma.digital

# परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष
## तृतीय पत्र

# समकालीन बौद्ध अभियान

## विषय सूचि


| | | | पृष्ठ |
|---|---|---|---|
| एकाइ १ | (क) | इन्गोज्ड बुद्धिज्म | ४ |
| | (ख) | चूची फाउण्डेशन | १० |
| एकाइ २ | (क) | सर्वोदय श्रमदान अभियान | १९ |
| | (ख) | साक्यधिता | २७ |
| एकाइ ३ | (क) | इन्द्रमांग | ३४ |
| | (ख) | फो गुआन शान | ४६ |
| एकाइ ४ | (क) | पालि टेक्स्ट सोसाइटी | ५३ |
| | (ख) | विपश्यना रिसर्च इन्स्टिच्युट | ५९ |
| एकाइ ५ | (क) | नवयान | ६७ |
| | (ख) | बौद्ध आधुनिकतावाद | ७४ |
| | (ग) | गृहस्थ बौद्ध अभियान | ८२ |


Dhamma.Digital

https://dhamma.digital

परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष
तृतीय पत्र

# समकालीन बौद्ध अभियान

एकाइ १ :

(क) इन्गेज्ड बुद्धिज्म

(ख) चूची फाउण्डेशन

Dhamma.Digital

लेखक : डा. त्रिरत्न मानन्धर

https://dhamma.digital

https://dhamma.digital

# समकालीन बौद्ध अभियान

## Contemporary Buddhist Movement

बुद्धधर्मको मूल उद्देश्य आध्यात्मिक उन्नति हो । मनलाई एकाग्र र शुद्ध बनाई अनुत्तर बोधिलाभ गर्नको निम्ति धर्म अभ्यास गर्नु नै प्रव्रजित वा गृहस्थहरूको प्रमुख लक्ष्य हुन्छ । आध्यात्मिक अभ्यासको साथसाथै बुद्ध शिक्षामा सामाजिक समस्याहरूको समाधान पनि अन्तर्निहित रहेका छन् । समाजका विभिन्न समस्याहरू विश्लेषण गरी बुद्धका शिक्षा अनुसार ती समस्याहरूको समाधान गर्नुपर्ने धारणा सहित विभिन्न आजको युगमा बौद्ध विâान, बौद्ध अभियन्ताहरू, बौद्ध संस्थाहरूले कार्यहरू गर्दै आएका छन् । यी वर्गले समकालीन समस्याहरूप्रति जागरुक भएर त्यसको निराकरण गर्न विभिन्न अभियानहरू संचालन गरिरहेका छन् । त्यसलाई समकालीन बौद्ध अभियानको रूपमा नाम दिइएको छ । विशेष गरेर भियतनामका थीकनाट हान, भारतका अम्बेडकर, श्री लंकाका ए.टि. आर्यरत्ने, टाईवानकी सेन योंग, कंबोडियाको महाघोषानन्द, भारतका सत्यनारायण गोयन्का आदिबाट महत्वपूर्ण नेतृत्वदायी भूमिका निभाएर धार्मिक कार्यहरू गरेका छन् । इन्गेज बुद्धिज्म, ह्युमानतरिएन बुद्धिज्म, एप्लाईड बुद्धिज्मको वा प्रायोगिक बुद्धधर्म नाम दिई समकालीन बौद्ध अभियानको रूपमा समकालीन विश्वमा प्रस्तुत भइरहेको छ ।

विशेष गरेर युद्धको समयमा âन्द समाधानमा भूमिका निभाउनु, ग्रामीण विकासको लागि काम गर्नु, पिछडिएको वर्गहरूको हकहित सुनिश्चित गर्नु, भिक्षुणी शासन पुनर्स्थापना गरी नारीहरूलाई सशक्तिकरण गर्नु, विभिन्न प्राकृतिक विपत्तिहरूमा स्वयंसेवक भई सेवा पुऱ्याउनु, वातावरणीय प्रदुषणलाई  कम गर्ने कार्यमा सहभागी हुनु, प्रांगारिक खेतीलाई प्रोत्साहन गर्नु जस्ता महत्वपूर्ण अभियानमा गृहस्थहरू समेट धर्मका संवाहक बनाई धर्ममा नेतृत्वदायी भूमिका दिएर धर्म प्रचार गराउने कार्यमा विभिन्न संस्थाहरूले उल्लेखनीय कार्यहरू सम्पन्न गर्दै आएको छ । विशेष रूपमा तल उल्लेखित व्यक्तिहरूको अगुवाईमा विभिन्न प्रतिष्ठानहरूको निर्माण गरी यस अभियानलाई गतिशिल तुल्याउँदै आइरहेको छ ।



https://dhamma.digital

# एकाइ १ (क) : इन्गेज्ड बुद्धिज्मः
## (Engaged Buddhism)

- बुद्धधर्मको मूल लक्ष्य चित्तलाई नितान्त निर्मल पारेर जीवन मरणको चक्रबाट पार हुनु हो । तर आफ्नो आध्यात्मिक उन्नतिको साथ साथै सामाजिक सेवामा पनि क्रियाशील रहनुलाई इन्गेज्ड बुद्धिज्म भनिन्छ । बुद्धले आफ्नो देशनामा बहुजनलाई जसरी सक्यो हित गर्नको लागि चारिका गर भनी बहुजन हिताय, बहुजन सुखाय लोकानुकम्पाय अत्थाय हिताय र सुखाय भनेर विभिन्न तवरले जीवनलाई दुःखबाट छुटकारा हुने धर्म प्रकाश गर भन्नुभएको थियो। आध्यात्मिक उन्नतिको साथै विभिन्न सामाजिक कार्यहरूमा पनि लागेर जनकल्याण गर्ने कार्यमा लाग्ने भिक्षुहरूमा थीक नाट हानलाई अग्रणी भिक्षुको रूपमा लिन सकिन्छ । उहाँ एक प्रसिद्ध तथा सम्मानित जेनगुरु हुनुन्छ। उहाँलाई अनुयायीहरूले आदरका साथ थे भनेर सम्बोधन गर्थे ।

  उहाँको जन्म सन् १९२६ मा भियतनाममा भएको थियो । १६ वर्षकै उमेरमा उहाँ श्रामणेर हुनु भयो । उहाँले पछि भिक्षु बनेर आध्यात्मिक अभ्यासका साथै विभिन्न सामाजिक कार्यमा पनि अग्रणी भूमिका खेल्नुभयो ।

- उहाँ एक कवि, शान्ति र मानव अधिकारको अभियन्ताको रूपमा पनि प्रस्तुत हुनुभयो । त्यसबेला भियतनामले युद्धको सामना गरिरहेको अवस्था थियो । निरन्तर युद्धबाट ग्रस्त भैरहेका मानिसहरूप्रति उहाँले केही न केही गर्नुपर्दछ भन्ने विचार गर्नुभयो। यस अवस्थामा विहारभित्र बसेर आध्यात्मिक अभ्यास मात्र गरेर भिक्षुहरूले कर्तव्य निर्वाह गरेको हुँदैन । आफूलाई चतुप्रत्यय पुग्ने गरी दान दिँदै आएका मानिसहरूको प्रति आफ्नो पनि कर्तव्यबोध गर्नुभयो । युद्धकालीन अवस्थाले दिएको दुःख पाइरहेको अवस्थामा



https://dhamma.digital

तिनिहरूलाई राहत स्वरूप के गर्न सकिन्छ ? के गर्नुपर्दछ ? भनी उहाँ युद्धग्रस्त ठाउँमा पुग्नुभयो । हतियार एवं बम आदिले कुरूप बनाएको ठाउँमा गएर सक्दो मद्यत गर्ने कार्यको थालनी गर्नुभएको थियो । यसरी युद्धको समयमा युद्धग्रस्त गाउँले तथा अन्य मानिसहरूको उद्धार कार्य गर्नुभएको थियो । उहाँले धर्मको सन्देश मार्फत मानिसहरूको रूपान्तरणको साथै पीडितलाई उद्धार गरी आवश्यक सहयोग दिएर उनीहरूको पीडा हटाउने र उद्धार गर्ने कार्यलाई नै इन्गेज बुद्धिज्मको रूपमा लिनुभएको छ । युद्धको विभिषिका केही मत्थर भए पनि उहाँले विभिन्न सामाजिक कार्यमा निरन्तरता दिनुभएको थियो । भियतनामको शैगोनमा सन् ६० को दशकमा उहाँले युवाहरूको लागि सामाजिक सेवा नामक स्कुलको पनि निर्माण गर्नुभएको थियो । युद्धबाट प्रभावित गाउँलेहरूको लागि शिक्षा, स्वास्थ्य र पुनर्वास र खेतीकार्यमा सहकारीको अवधारणा सहित विभिन्न तवरले सघाउने कार्यमा उहाँ लाग्नुभएको थियो ।

- स्कुलहरू, औषधि उपचार केन्द्रहरू, घरबार विहिनहरूलाई पुनर्वास क्षेत्रहरूको निर्माण र उन्नत तरीकाले खेती गर्नको लागि कृषि सहकारीको पनि उहाँले स्थापना गरेर स्कुलका १०००० भन्दा बढी विद्यार्थी स्वयंसेवकहरूलाई बौद्ध शिक्षा अनुसारको अहिंसा, करुणापूर्ण ह्रदयले समाज सेवा गर्नुपर्ने शिक्षाको बारेमा पनि तालिम दिनुभएको थियो ।

- सरकारी तवरले त्यति अपेक्षा नराखेतापनि उहाँले बौद्ध विश्वविद्यालय, प्रकाशन संस्थाहरू स्थापना गर्न पहल गर्नुभयो र शान्तिका सन्देश प्रसारित हुने तवरको पत्रिका पनि निकाल्नु भएको थियो । सन् १९६६ मा उहाँ अमेरीका र यूरोपमा शान्ति दुतको रूपमा जानुभएको थियो । सरकारसँग समन्वय नराखी गएको भनेर उहाँलाई भियतनाममा फर्कन निषेध गरिएको थियो । तर शान्तिको लागि काम गर्दै उहाँले भियतनामसँग युद्ध गर्नु अनुपयुक्त हो भन्ने बारेमा अमेरीकाका मार्टिन लुथर किंग जुनियरलाई



https://dhamma.digital

विश्वास दिलाउनु भएको र भियतनाममा शान्ति स्थापना गर्नको लागि महत्वपूर्ण भूमिका खेल्नुभएको थियो । मार्टिन लुथर किंगले उहाँलाई शान्तिको लागि नोवल पुरस्कारको लागि पनि सिफारिस गर्नुभएको थियो । पछि उहाँलाई पेरिस शान्तिवार्ताको लाीग गठन गरिएको प्रतिनिधि मण्डलमा नेतृत्वदायि भूमिका सहित पठाउनु भएको थियो ।

- सन् १९८२ मा उहाँले फ्रान्सको प्लम गाउँमा बुद्धको धर्मप्रचार गर्न, विभिन्न देशहरूबाट निकाला गरिएकाहरूको बौद्ध समुदायहरूको आश्रय स्थलको रूपमा, शरणार्थीहरूको व्यवस्थापन, माझिहरूको उद्धार, राजनैतिक बन्दिहरूको व्यवस्थापन र भुखमरी जनताहरूलाई राहत दिने स्थलको रूपमा फ्रान्सको प्लम गाउँलाई विकास गरेका थिए ।

## Inter being of Thick Nhat Hanh

### चौध शिक्षापदहरू (The Fourteen Precepts)

धर्मका अभ्यास गराउने क्रममा थिक नाट हानले १४ बुंदे शिक्षा दिने गर्दछन् । जसमा बुद्धले देशना गर्नु भएको शील समाधि तथा प्रज्ञाका कुराहरू अन्तर्निहित रहेका छन् । यी चौध शिक्षापदलाई क्लतभच दभष्लन भनेर नामाकारण गरिएको छ। उहाँका अनुसार धर्मको अभ्यास भनेको बसेर ध्यान बस्नु मात्र होइन । अपितु धर्मका अन्तर्निहित कुराहरूलाई जीवनका विभिन्न क्षणमा चाहे बसिरहेको होस्, उठिरहको होस्, खाइरहेको होस् वा काम गरिरहेको होस्, प्रत्येक क्षण अभ्यास गर्नुपर्दछ। अर्को शब्दमा जुनसुकै काममा लागिरहेता (Engaged) पनि धर्मलाई ह्रदयंगम गरी अभ्यास गर्नेकार्य Engaged Buddhism हो । उहाँका चौध बुंदाहरू यस प्रकारका छन् ।

१. मूर्ति पूजाबाट धर्महुन्छ भन्ने विश्वास नलिउँ र कुनै पनि सिद्धान्त, धर्म, विचारप्रति कट्टर नहोउँ। बुद्धको सिद्धान्तलाई पनि साम्प्रदायिक भावले वा आसक्ति भावले नलिई यसलाई मात्र मार्ग



https://dhamma.digital

निर्देशक सिद्धान्तको रूपमा लिउँ। डुंगा मार्फत नदि पार गरिसके पछि त्यस डुंगालाई सडकमा बोकेर नहिडौं । कुनै पनि वादमा नअल्भिउँ । वाद पनि एक उपादन हो भन्ने कुरालाई जानेर कुनै पनि वादप्रति आसक्ति हुनबाट बचौं ।

२. आफूमा भएको ज्ञानलाई अपरिवर्तनको रूपमा नलिउँ । आफ्नै कुरालाई मात्र परमार्थ भनेर नठानौं। कुनै पनि दृष्टिबाट आफूलाई मुक्त पार्ने प्रयास गरौं, जसबाट अरुहरूका राम्रा कुराहरूलाई पनि प्राप्त गर्ने अवसर नगुमियोस् । सत्यता भनेको सिद्धान्तमा नभई आफ्नो व्यावहारिक जीवनको अनुभवबाट पनि प्राप्त हुन्छन् भन्ने कुरालाई नबिर्सने। जीवनलाई सार्थक बनाउने हो भने सजग हुने प्रयास गरौं। बुद्धले सिकाउनु भएको चार सतिपट्ठानका कुरालाई अभ्यास गर्ने बानी बसालौं। शरीर, वेदना, चित्त र स्वभावधर्मप्रति सजग भएर नै हामी निर्मल हुन सकिन्छ भन्ने कुरालाई आत्मसात गरौं ।

३. आफ्नो सिद्धान्त अरुलाई जबरर्जस्ती नलाडौं । संसारमा विभिन्न प्रकारका सिद्धान्तहरू विद्यमान भैरहेको अवस्थामा आफ्नो मात्र ठीक छ भनेर पनि नलागौं । आफ्नो सिद्धान्त लाड्नको लागि विभिन्न प्रकारका शक्ति, बल, पैसा, प्रोपागाण्डाको प्रयोग नगरौं। विचार र सोचलाई सानो घेराभित्र कैद नगरी त्यसलाई व्यापक रूपमा बुझ्ने कोशिस गरौं । कालाम सूत्रमा भगवान् बुद्धले भने जस्तै कुनै पनि कुराहरूलाई आफ्नो दिमागको कसीमा घोटेर ठीक छ वा छैन भन्ने निर्क्यौल गर्ने बानी बसालौं । कुनै प्रलोभनको आधारमा अरुलाई आफ्नो सिद्धान्त मान्न नलगाउं। बरु करुणाको आधारमा अरुहरूलाई विभिन्न मिथ्यादृष्टिहरू छोड्न लगाउने प्रयास गरौं ।

४. दुःख देखी भाग्ने नगरौं तथा दुःखलाई सजग भएर सामना गर्न सिकौं । दुःखको समयमा जागृत भएर बाँच्न सिकौं । संसार भनेकै दुःखले भरिपूर्ण भएको स्थान हो भनेर दुःखलाई संसारको



https://dhamma.digital

स्वभावको रूपमा सहज रूपमा लिन सकौं । भगवान् बुद्धको पहिलो धर्मचक्र प्रवर्तनमा दुःख, दुःखको कारण, दुःखको निरोध र दुःखको निरोधको उपायहरूको बारेमा बताउनुभएको छ । यसलाई चतुआर्य सत्य भनिएको छ । यहाँ सबै दुःखले ग्रस्त छन् त्यसकारण अरुहरूको दुःखलाई हटाउनको लागि पनि प्रयास गर्नुपर्दछ । अरुहरूको दुःखलाई हटाउने प्रयास गरेर आफ्नो दुःखलाई कम पार्न सकिन्छ ।

५. संसार भरिनै असंख्य भुखमरी भैरहेको कुरालाई हृदयंगम गरी पैसा बटुल्ने कार्यमा मात्र आफूलाई नलगाउँ । पैसा, नाम, ईज्जत तथा सक्ति संचय गर्ने उद्देश्यमा केन्द्रित नभई सरल जीवन व्यतित गरी आफ्नो समय, श्रोत तथा शक्तिलाई अरुहरूको दुःख हटाउने कार्यमा पनि प्रयास गरौं ।

६. रीस र घृणा नगरौं । त्यस्ता मानसिक विकारहरू जरादेखि नै हटाउने प्रयत्न गरौं । मनबाट त्यस्ता दुर्भावनाहरूलाई रूपान्तरण गर्नको लागि जब उत्पन्न हुन्छन्, त्यसबेला मनलाई स्वास प्रश्वासमा केन्द्रित गरौं । जसबाट अन्तरहृदयमा विद्यमान त्यस्ता विकारहरू निर्मूल हुन थाल्छन् ।

७. आफूलाई दुःख र निराशाको भुमरीमा नपारौं । विभिन्न प्रतिकूल परिस्थितिबाट विचलित नहुनको लागि ध्यान भावनाको अभ्यास गरौं । ध्यान भावनाको अभ्यासद्वारा वर्तमानमा फर्कौं । आफूमा अन्तर्निहित आश्चर्यपूर्ण, स्वच्छ र उपचार विधिसँग संधै सम्पर्कमा रहौं । अन्तर हृदयबाट निस्केको सुख र शान्तिको बिउ रोपौं ।

८. त्यस्ता शब्दहरूको उच्चारण नगर जसबाट विभिन्न समुदायलाई आघात पुगोस् । सकेसम्म द्वन्दलाई निवारण गर्ने प्रयास गरौं चाहे त्यो सानो नै किन नहोस् ।

९. व्यक्तिगत स्वार्थको लागि असत्य नबोल । विभाजित गर्ने र घृणा उत्पन्न गर्ने कुराहरू नगर । आफूलाई एकीन नभएको समाचार प्रसारण नगर । आफूलाई थाहा नभएको विषयमा आलोचना पनि



https://dhamma.digital

नगर । संधै सत्य र रचनात्मक कुराहरू बोल । आफ्नो सुरक्षामा चुनौती आएपनि अन्यायको विरोध गर्ने साहस जुटाउँ ।

१०. आफ्नो व्यक्तिगत स्वार्थको लागि बौद्ध संघ प्रयोग नगर । बौद्ध संस्थालाई राजनीतिमा रूपान्तरण नगर । धार्मिक अभ्यासबाट टाढा रहने गरी बौद्ध संस्थाहरूमा आबद्ध नहोउ । धार्मिक संस्थाले सदैव राजनीतिमा नलागी समाजमा भैरहेका अनियमितताको विरोध गर्नुपर्दछ ।

११. मानिस र प्रकृतिलाई हानी गर्ने पेशाबाट टाढा रहौं । त्यस्ता कम्पनीमा लगानी नगरौं जसले अरुहरूको बाँच्ने अधिकार लाई चुनौती दिन्छ । त्यस्ता पेशा छानौं जसमा अरुहरूमा करुणा उत्पन्न गर्न मद्धत गर्दछ ।

१२. हत्या नगर र अरुलाई पनि हत्याबाट टाढा रहन सल्लाह दिनु । जीवन बचाउने र युद्धहरू हुन नदिन यथासंभव प्रयास गरौं । युद्धको तयारी स्वरूप विभिन्न देशमा रक्षा बजेटको आकार ठुलो हुँदै गइरहेको अवस्था छ । यसरी रक्षा बजेट बढाउनुको सट्टा शान्ति स्थापनाको लागि प्रयास गर्नेतिर मानिसहरू लाग्नु आवश्यक छ ।

१३. अरुहरूको हक अधिकारलाई नछिन । अरुहरूको सम्पत्तिको आदर गर । मानिस र सत्वप्राणीहरूलाई दुःख गरेर नाफा नकमाउ ।

१४. आफ्नो शरीरलाई नराम्रो कार्यमा नलगाउ । यसलाई आदरपूर्वक राखौं । यसलाई साधनको रूपमा नलिउँ । शरीरका शक्तिहरू ( यौन, स्वास प्रस्वास र आध्यात्मिकतालाई) लाई सदुपयोग गरी सहीमार्ग पहिल्याउँ । गृहस्थहरू एक आपसमा प्रेम र प्रतिवद्धता नगरी यौनजन्य कार्यकलापमा नफसौं । यौन कार्यकलापबाट भविष्यमा आइपर्ने बाधा व्यवधानलाई मनन गरौं । अरुहरूको सुखलाई खलल नपारौं । आउने नयाँ जीवन प्रतिको लागि आफ्नो दायित्व बोध गरौं ।



https://dhamma.digital

# एकाइ १ (ख) : चुची फाउण्डेशन

## Tzu Chi foundation

भिक्षुणी चेन येंग को जुची फाउण्डेशन Tzu Chi foundation एक अन्तर्राष्ट्रिय मानवीय संगठनको रूपमा एक गैर सहकारी संस्थाको रूपमा चिनीया भाषा बोल्ने देशहरू (चीन, ताईवान, हंगकंग आदि) मा कार्यरत यस संस्थाले बुद्ध शिक्षालाई आदर्शको रूपमा लिएको छ। यस संस्थाको स्थापना ताइवानमा भएको थियो। यो संस्था संयुक्त राष्ट्र संघमा समेत आफ्नो हैसिएत स्थापित गर्न सफल भएको छ। TZu Chi भनेका करुणा र उद्धार हुन्। त्यसकारण विपत्तिमा परेकाहरूलाई करुणा राखी उद्धार गर्नु नै यस संस्थाको मूल लक्ष्य हो।

यो संस्थाका संस्थापका धर्मगुरु Cheng yen हुन् जो एकजना भिक्षुणी हुनुहुन्छ। सन् १९६६को मे १४ मा ताईवान को ह्वालिन भन्ने ठाउँमा यस संस्थाको स्थापना भएको हो। उनलाई यस संस्था स्थापनाको लागि प्रेरणा उहाँको गुरु भिक्षु यीन सुनबाट प्राप्त भएको हो। यीन सुन एक मानवीय बुद्धधर्मका प्रचारक थिए जसले भन्नुहुन्थ्यो ‸ सर्वसत्व प्राणीहरूको हितको लागि बुद्धधर्मको प्रचार गर ‸।

ह्वालिन एक पहाडी क्षेत्र थियो जहाँका मानिसहरू धेरै समस्याहरूलाई सामना गर्दै जीवन गुजारिरहेका थिए। मास्टर चेन येंग ले एक सहयोग संस्था खडा गर्नुभयो। त्यस संस्थामा ३० गृहिणीहरूले दैनिक रूपमा सानो रकम त्यसमा जम्मा गर्दथे। दैनिक आवश्यक किरानाहरू किन्ने पैसा बचाएर उनीहरूले त्यस संस्थामा पैसा जम्मा गर्दै गयो। यस सानो शुरुवाटको फलस्वरूप आज यस संस्थामा एक करोड सदस्य तथा ४७ वटा देशहरूमा शाखा भएको एक विशाल संस्थामा परिणत भैसकेको छ।

यस संस्थाको मुल गतिविधिको रूपमा जुनसुकै जाति, धर्म र



https://dhamma.digital

राष्ट्रियता भएपनि ती विषयहरू प्रति निरपेक्ष भई पिडित व्यक्तिहरूलाई औषधि, शिक्षा, आदि आवश्यक वस्तुहरूको पूर्ति गर्नु हो । यसरी यो संस्था एक एशियाको प्रभावकारी संस्थाको रूपमा प्रसिद्ध भएको छ ।

चुची ले विभिन्न उप संगठनहरू निर्माण गरेर सेवाको कार्य अगाडी बढाउनु भएको छ । त्यस मध्ये अन्तर्राष्ट्रिय स्वास्थ्य संघ खडा गरेर त्यसमा उत्कृष्ट स्वास्थ्यकर्मीहरूलाई समावेश गर्नु भएको छ । ती स्वास्थ्यकर्मीहरू स्वयं सेवकको रूपमा गरीबि तथा अभावमा बाँचिरहेकाहरूको स्वास्थ्य उपचारमा लाग्ने र विभिन्न विपत्ति र प्रकोपको समयमा आफ्नो सेवा दिन तत्पर रहन्थे ।

चुची कलेजियत एशोसियसन भनेर विभिन्न कलेजका युवाहरूलाई संस्थामा आवद्ध गराएर विभिन्न किसिमका स्वयं सेवक कार्यमा लगाउने कार्य पनि यस संस्थाले गर्दछन् । आ आफ्नो थात थलोमा हुने विभिन्न तवरका समस्या समाधानार्थ ती स्वयंसेवकहरू लाग्ने गर्दछन् । उनीहरूलाई स्वयंसेवा कसरी गर्ने, विभिन्न प्रकोपमा कसरी उद्धार गर्ने भन्ने तालिम पनि दिइन्छ । ती स्वयं सेवकहरूलाई अन्तर्राष्ट्रिय प्रकोपको सम्बन्धमा हुने विभिन्न गैरसहकारी संस्था देखी राष्ट्रसंघ सम्म पनि भाग लिन लगाउने गर्दछन् । प्रत्येक वर्ष ह्वालिनमा चुचीका अधिकारीहरूलाई आमन्त्रण गरेर विभिन्न तवरले तालिम दिने कार्यहरू पनि गरिन्छ । संसार भरीका चुचीसँग सम्बन्धि स्वयंसेवकहरूलाई ताइवानमा आमन्त्रण गरेर तिनिहरूलाई उपयुक्त तवरले प्रकोप व्यवस्थापन, स्वास्थ्य सेवा सम्बन्धि तालिमहरू दिने गर्दछन् । गैर नाफामूलक संस्थाको हैसियतमा चुची ले अस्पताल, स्कुल आदि स्थापनामा विशेष ध्यान दिएको छ । विश्वस्तरीय स्वास्थ्य सुविधा र उत्कृष्ट शिक्षा दिने शैक्षिक संस्थाहरूको निर्माण विभिन्न प्रकोपले प्रभावित देशहरू जस्तै ईरान, चीन तथा हैटी जस्तो देशमा निर्माण गरिएको छ । यस संस्था अन्तर्गत सानो संख्यामा भिक्षुणीहरूको लागि पनि स्वाबलम्बि हुने तरीकाले विभिन्न कार्यकलापहरू सिकाउने कार्य गरिरहेको अवस्था छ ।



https://dhamma.digital

बुद्धको शिक्षा अनुसार निस्वार्थ सेवा यस संस्थाको मूल उद्देश्य रहेको छ भने । चार वटा क्षेत्रमा यस संस्थाले सेवा प्रवाह गरिरहेको अवस्था छ । दान दिने, स्वास्थ्य उपचार, शिक्षा र मानविय संस्कृति विकास गर्ने यी चार वटा चुची फाउण्डेशनको मूल उद्देश्य हुन् । त्यस्तै विभिन्न प्रकारका प्राकृतिक प्रकोप, रगत क्यान्सर भएकाहरूलाई बोन म्यारोको व्यवस्था, सामुदायिक स्वयंसेवा र वातावरणीय प्रदुषणलाई हटाउने कार्य पनि महत्वका साथ गरिरहेको छ ।

उनीहरूले आफ्नो मिशनको रूपमा आठ पदछाप (eight footprints) भनेर तलका महत्वपूर्ण कार्यहरू गरिरहेका छन् ।

१. संसारमा रहेको गरीबि तथा भुखमरी हटाउनको लागि बिभिन्न तवरले सहयोग प्रदान गर्ने

२. स्वास्थ्य जस्तो आधारभूत आवश्यकतालाई सर्वसुलभ गराउने कार्यमा तत्पर रहने

३. सबैलाई शिक्षा दिने वा कसैलाई पनि शिक्षाको उज्यालोबाट वन्चित हुन नपर्ने अवस्था निर्माण गर्ने

४. संसारमा मानवीय भावनाको ह्रास भइरहेको अवस्थामा मानवीय भावना विकासको लागि कार्य गर्ने

५. अन्तर्राष्ट्रिय रूपमा विभिन्न प्राकृतिक प्रकोपहरू जस्तै भुकम्प, सुनामी आदिको समस्या आउँदा सहयोगको हात बढाउने ।

६. रगत क्यान्सर भएकाहरूलाई बोन म्यारो को व्यवस्थापन गर्ने ।

७. सामुदायिक भावनालाई वृद्धि गर्ने वा आफ्नो समुदायमा भएका समस्याहरू एक भई सामना गर्ने ।

८. वातवरणलाई प्रदुषण हुन नदिने रिसाइक्लिंगको संस्कृति वृद्धि गर्ने ।

चुची फाउण्डेशनबाट अष्ट्रेलिया, अमेरीकामा चीनिया भाषा सिकाउने स्कुलहरू स्थापना गरेका छन् । भाषाको साथै करुणा र सामुदायिक सेवा विषयमा पनि अध्यापन गराउने गर्दछ । बुद्धको आर्यअष्टांगिक मार्गलाई आठपत्रको रूपमा मार्ग दर्शनका रूपमा यसका



https://dhamma.digital

सदस्यहरूले लिने गरेको छ। आर्यअष्टांगिक मार्ग को रूपमा, ठीक दृष्टि, ठीक संकल्प, ठीक वचन, ठीक कर्म, ठीक आजीविका, ठीक व्यायाम, ठीक स्मृति र ठीक समाधिको अभ्यास गर्नुपर्ने मार्ग निदेर्शनलाई यसका स्वयंसेवकहरूले आत्मसात गर्ने गर्दछ।

ताइवान र चीनको आन्तरीक åन्द भइरहने भएकोले चीनमा हुने उद्धार कार्यलाई चीनसँग बढी झुकाव भएको रूपमा चुचीलाई आलोचना गर्नेहरू पनि रहेका छन्। तर १९९२ मा ताइवानमा भएको ठुलो भुकम्पको अवस्थामा प्रकोपबाट कम प्रभाव पार्नको लागि चूचीले आवश्यक भौतिक सहयोग गरेर ठुलो राहतकार्य गरेपछि त्यस्ता आलोचना मत्थर भएर गएको थियो। त्यसबेला सरकारी अधिकारीहरूको स्तरबाट भन्दा पनि यस संस्थाले महत्वपूर्ण र प्रभावकारी उद्धारकार्य सम्पन्न गरेको थियो। सरकारी अधिकारीहरूको उद्धारकार्य व्यवस्थित नभएको तर यस संस्थाबाट व्यवस्थित तरीकाले उद्धारकार्य सम्पन्न गरेको थियो। यसको कारण चुचीलाई सबै क्षेत्रबाट प्रशंसा गरिएको थियो।

**चीनमा उद्धार कार्य :**

चुचीको उद्धारकार्य चीनमा त्यतिबेला शुरु भयो जब सन् १९९१ मा मध्य चीनमा बाढीले तवाह मच्चाएको थियो। चीनसाग भएको åन्दलाई एकातिर पन्छाएर चुचीले स्कुल बनाउने, नर्सिंग होम बनाउने, विभिन्न संरचनाहरू बनाएर ग्वान्जाओका गरीब जनताहरूलाई धेरै राहतका कार्य गरेको थियो। त्यसबेला स्वयंसेवकहरूले राजनीति, सम्प्रदाय र विभिन्न प्रकारका अनावश्यक टिप्पणीहरूबाट टाढा रहेर मात्र राहतमा केन्द्रित गरेको थियो। बीस वर्षको दौरानमा चीनका २८ प्रान्तहरूमा, नगरपालिकाहरूमा, स्वायत्त क्षेत्रहरूमा चुचीले विभिन्न खाले सहयोगहरू प्रदान गरेको थियो। यस बेलामा चुचीले देहाय बमोजिमका परियोजना र सामाजीक कार्यहरू गरेका थिए :

- संरचना र सामाजिक कार्यक्रमहरू : सिचुआनमा भुकम्प पछि क्षति भएका स्कुल र गाउँका घरहरूको निर्माण। गान्सु र



https://dhamma.digital

ग्वान्भायो प्रान्तमा खानेपानीको व्यवस्था । गरीबि क्षेत्रहरूमा विभिन्न प्रकारका उद्धारकार्यहरू यस संस्थाले गरेको थियो ।

- विशेष गरी जाडो याममा विभिन्न प्रकारका न्यानो कपडाहरू, ब्लान्केटहरू, ज्याकेटहरू, चामल, खानेतेल आदिको वितरण । चुचीका स्वयंसेवकहरूले घरघरमा गएर के चीज अभाव छ, त्यस चीजको आपूर्तिको व्यवस्था गरेको थियो । आर्थिक रूपले कमजोर विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था । स्वास्थ्य अभियान अन्तर्गत बोन म्यारो वितरण निःशुल्क क्लिनिकको व्यवस्था । वातावरणको रक्षाको लागि रिसाईक्लिंग को व्यवस्था ।

- चूची फाउण्डेशन चीनमा विदेशीहरूको पहिलो संस्थाको रूपमा लिइएको छ । सन् २००८ मा यो चीन सरकारले दर्ता गरिदिएको पहिलो चीन बाहिरका देशहरूको संस्थाको रूपमा लिइएको छ । सिचुआनमा सन् २००८ मा भएको विनाशकारी भुकम्पले भएको क्षतिको लागि चुचीले देखाएको सक्रियताको कारण चीन धेरै प्रभावित भएको थियो । विपत्तिमा रहेका त्यहाँका मानिसहरूलाई आवश्यक स्वास्थ्य सामाग्री, लत्ता कपडा आदि सहयोग सामाग्री तुरुन्तै पठाउने कार्यमा सक्रियता देखाएर त्यहाँका मानिसहरूलाई राहत प्रदान गरेको थियो । यसकारण चीन सरकारले यस संस्थालाई चीनभित्र पनि आफ्नो गतिविधि गर्नको लागि अधिकारीक रूपमा स्वीकृति दिएको थियो । सिचुआनमा भूकम्प पछिको पुनर्निमाण कार्य गर्दा चुचीका स्वयंसेवकहरूले पहिला आएर पछि फर्कने तवरले बडो मन लगाएर कार्य गरेको थियो । यसरी कार्य गरेको कारणले दुईवर्ष भित्रनै उनीहरूले तेह्रवटा स्कुलहरूको पुनर्निमाण सम्पन्न गरेको थियो । यसरी विभिन्न तवरका राहतकार्यको निरन्तरता र दिगो कार्य गरेको कारणले सन् २०१० को अगस्तमा पहिलो पटक वैदेशिक गैरसरकारी संस्थाको रूपमा नागरीक मन्त्रालयबाट राहत संस्थाको रूपमा अनुमति दिएको थियो । सामान्यतः विदेशी गैर सरकारी संस्था दर्ता गर्नु पर्दा वाणिज्य र उद्योग मन्त्रालयमार्फत दर्ता गर्नुपर्ने



https://dhamma.digital

प्रावधान थियो । तर चुचीले ती विभिन्न औपचारीकताहरू गर्न नपर्ने गरी नागरीक मन्त्रालयबाट सीधै दर्ता हुन पाएको थियो । यसरी सीधै दर्ता हुनपाउनु चुची प्रतिको चिनीया अधिकारीहरूको श्रद्धा र विश्वासको रूपमा लिइएको छ । चीनमा समय समयमा विभिन्न महत्वपूर्ण राहतका कार्यहरू गरेको कारणले नागरीक मन्त्रालयबाट चीनिया च्यारीटी एवार्डले चुचीलाई सम्मानित गरेको थियो ।

- मास्टर चेंग येगले यस प्रकारको कार्यले चीन र ताइवान वीचको मैत्री सेतुको रूपमा उल्लेख गरिएको छ । दुवै देशहरूको वीचमा यसले सौहार्दता, धार्मिक सदभाव र जातीय विभेदलाई छिचोल्ने कुरा बताउनुभएको थियो ।

Dhamma.Digital



https://dhamma.digital

https://dhamma.digital

परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

तृतीय पत्र

# समकालीन बौद्ध अभियान

एकाइ २ :

(क) सर्वोदय श्रमदान अभियान

(ख) साक्यधिता

Dhamma.Digital

लेखक : डा. सबिता धाख्वा

https://dhamma.digital

https://dhamma.digital

# एकाइ २ (क) : सर्वोदय श्रमदान अभियान

**(Sarvodaya Shramadana Movement)**

सर्वोदय श्रमदान आन्दोलन श्रीलंकाको सबैभन्दा ठूलो र व्यापक रूपमा सम्मिलित गैर-सरकारी सामुदायिक विकास संगठन हो। जनताको सहभागिता, आत्मनिर्भरता र आत्म-स्थायित्वमा आधारित भई विकासको लागि एकीकृत र समग्र अवधारणालाई समेटेर १५००० भन्दा बढि गाउँमा विपन्न समुदायहरूमा पुगेको छ । बुद्धका उपदेशहरू सर्वोदय आन्दोलनको आधार हुन् । लघुवित्त र उद्यमशीलता विकास जस्ता आर्थिक सशक्तिकरण कार्यक्रम तर्जुमा गर्दा बुद्धका उपदेशहरूलाई समेटेर सफल कार्यान्वयन गरेको छ । विकासमा आध्यात्मिक पक्षलाई समायोजन गरी श्रीलंकाको सर्वोदय श्रमदान आन्दोलन विगत छ-दशकदेखि श्रीलंकाका विविध समुदायहरूले सामना गरिरहेका विकास चुनौतीहरूको प्रशस्ततालाई सम्बोधन गर्न सिद्ध हुने दृष्टिकोण राखेको छ ।

सर्वोदय को शाब्दीक अर्थ सर्वोदय = सर्व (सबै) + उदय (जागरण) हो । सर्वोदयको मुख्य उद्देश्य भनेको व्यक्तिगत र सामूहिक जागरणको माध्यमबाट समुदायको आधारभूत मानव आवश्यकताहरू पूरा गर्ने न्यायपूर्ण, दिगो, उदार सामाजिक व्यवस्था निर्माण गर्ने हो । यसरी सबैको जागरणका लागि बुद्धको शिक्षा अनुसार वर्षौंदेखि सर्वोदय आन्दोलनका कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । यस संस्थाको जन्मदाता डाक्टर ए. टी. आर्यरतन हो। उनले सन् १९५८ मा श्रीलंकाको एउटा गाउँमा श्रमदानबाट शुरु गरेर सफल कार्यान्वयन पछि व्यापक रूपमा विभिन्न गाउँहरूमा विकासका कार्यक्रमहरू रूपान्तरण गरेका छन् ।

**सर्वोदय संस्थाले विभिन्न गाउँहरूमा गर्दै आएका क्रियाकलापहरू :**

- राहत र पुनर्स्थापना
- प्रारम्भिक बाल विकास र बाल संरक्षण



https://dhamma.digital

- शान्ति निर्माण र द्वन्द्व रूपान्तरण
- माइक्रो-फाइनान्सिङ र जीविकोपार्जन विकास
- सामुदायिक स्वास्थ्य र मोबाइल चिकित्सा सेवाहरू
- सामुदायिक विपद् व्यवस्थापन
- ग्रामीण प्राविधिक सेवा (पानी र सरसफाई)
- महिला सशक्तिकरण
- अनाथ बालबालिकाको लागि अनाथालय
- किशोरी आमाहरू
- आध्यात्मिक उपचार
- शान्ति सेना (शान्तिका लागि युवा)
- समुदायमा आधारित कानुनी सेवाहरू
- सूचना तथा सञ्चार प्रविधि
- विकास शिक्षा

**सर्वोदय आन्दोलनमा सामाजिक विकासका तत्वहरू:**

सर्वोदय आन्दोलनमा सामाजिक विकास कार्यक्रमहरूको योजना वा कार्यान्वयन गर्दा विचार गर्न आवश्यक तत्वहरूको रूपमा निम्नलाई मान्यता दिइएको छ र यसमा बुद्धको शिक्षाहरूलाई समेटेको छ ।

- नेतृत्व
- सहभागिता
- शिक्षा
- स्वास्थ्य
- मानव अधिकार र कर्तव्य
- पर्यावरण संरक्षण



https://dhamma.digital

- सामाजिक एकीकरण
    - महिला र बालबालिका
    - शान्ति

**नेतृत्व**

कुनै पनि समाजमा, चाहे त्यो परिवार होस्, समुदाय होस् वा ठूलो सामाजिक एकाइ होस्, नेतृत्वले धेरै महत्त्वपूर्ण भूमिका खेल्छ । शिक्षा, स्वास्थ्य, कृषि, शिल्प, सुशासन, कानून र सुरक्षा, धार्मिक व्यवस्था, आदि सामाजिक गतिविधिका लागि पनि असल नेतृत्व आवश्यक तत्व हो । नेतृत्व विकासको कुरा गर्दा सर्वोदयले बुद्धका शिक्षामा उल्लेख भएको असल शासक (दसराज धर्म) को दश सिद्धान्तहरूलाई अँगालेको छ जुन यसप्रकार रहेको छ :

- दान - धन, ज्ञान, सीप दिनु साथै  शक्ति र अधिकारको पनि बाँडफाँड गर्नु
- सील - नैतिकता, राम्रो आचरण व्यवहार
- परित्याग- अरुको हित सुखको लागि तन मन र धनले सहयोग
- इमान्दारी र सीधापन
- न्यायमा निष्पक्षता
- आचरणमा संयमता
- घृणा नगर्ने
- अहिंसा
- धैर्यता
- बदलाको भाव रहित

आज संसारमा नेतृत्व वर्गमा यी नेतृत्व गुणहरू धेरै कम छन् । नेतृत्व वर्गकै आचरण अनुकरणीय भएन भने सिंगो समाज नै पटनतिर उन्मुख हुन्छ । अराजकता, अनुशासनको अभाव, घूसखोरी र भ्रष्टाचार, बढ्दो प्रदूषण र वातावरणीय विनाश, सामाजिक विकृतिहरू असल



https://dhamma.digital

नेतृत्वको अभावका कारण हुन् । तसर्थ, सामाजिक विकासको लागि नेतृत्वको विकास अपरिहार्य छ ।

सर्वोदय कार्यक्रमले बालबालिका समूह, युवा समूह, आमा समूह, किसान समूह, वृद्ध समूह आदि जस्ता विभिन्न तहमा असल नेताहरू विकास गर्ने लक्ष्य राख्छ ।

## सहभागिता

विकास सम्बन्धि बौद्ध धारणामा सामाजिक प्रगतिको लागि जनसहभागिता अपरिहार्य छ जुन सप्त अपरिहाणीय धर्ममा चित्रण गरिएको छ ।

सर्वोदय आन्दोलनले गाउँ समुदायलाई पूर्वस्कूल समूह, बालबालिका समूह, युवा समूह, आमा समूह, किसान समूह, ज्येष्ठ नागरिक समूह र अन्यमा संगठित गरेर नेतृत्व तालिम र सहभागितामूलक कार्यलाई बढावा दिन्छ ।

## शिक्षा

मानव व्यक्तित्व जगाउन शिक्षा आवश्यक छ । यहाँ शिक्षा भनेको औपचारिक डिग्रीको लागि पढ्ने र परीक्षा पास गर्नु मात्र होइन । सर्वोदय आन्दोलनका अनुसार शिक्षाको उद्देश्य भनेको व्यक्तिमा भित्री हृदय र अनुशासित दिमागको विकास गर्नु हो जसले गर्दा मानिसहरूले सामाजिक हितका लागि शारीरिक श्रम लगायतका कुनै पनि काम गर्न तत्पर हुन्छ । यसको लागि भगवान् बुद्धले ध्यान अभ्यासको तरिका देखाउनु भएको छ ।

## स्वास्थ्य

सामाजिक प्रगतिको लागि राम्रो स्वास्थ्य आवश्यक छ । यहाँ राम्रो स्वास्थ्य व्यक्तिगत स्वास्थ्य मात्र होइन सामुदायिक स्वास्थ्य र वातावरणीय स्वास्थ्य पनि हो । भगवान् बुद्धले राम्रो स्वास्थ्यलाई सबैभन्दा ठूलो लाभ (आरोग्य परमा लाभ) भनेर उल्लेख गर्नुभयो ।



https://dhamma.digital

भौतिक गरीबि र आध्यात्मिक गरीबिको कारणले हुने रोगहरू हटाउन सर्वोदय आन्दोलन प्रयासरत हुन्छ ।

मानसिक स्वास्थ्यको प्रवर्द्धन अहिलेको समयमा अत्यन्तै जरुरी छ । यसको लागि बुद्धले आफू स्वयंले अनुभव गरेको ध्यान अभ्यासको बाटो देखाउनुभयो ।

## मानव अधिकार र कर्तव्य

बुद्धधर्ममा मानव अधिकार र कर्तव्य दुवैलाई जोड दिइएको छ । बुद्धले लैङ्गिक समानता, जातीय आधारमा भेदभाव नगर्ने आदिको रूपमा मानव अधिकारको संरक्षणको आवश्यकतालाई जोड दिनुभएको थियो । दीघ निकायको सिंगालोवाद सुत्तमा एकअर्काप्रति मानिसका कर्तव्यहरू स्पष्ट रूपमा वर्णन गरिएको छ ।

बुद्धले मानिसहरूलाई ६ दिशामा समूहबद्ध गर्नुभएको थियो र उनीहरूले एकआपसमा गर्नुपर्ने कर्तव्यहरू वर्णन गरेका थिए । एक पक्षहले पूरा गरेको कर्तव्य अर्को पक्षको अधिकार हुन्छ ।

## वातावरण संरक्षण

जनताको अत्याधिक लोभका कारण वन विनाश भइरहेको छ, नदीहरू प्रदूषित छन्, माटो विषाक्त हुँदैछ । राम्रो वातावरण प्राप्त गर्न मानिसको चाहनालाई लोभको तहसम्म नपुऱ्याई सन्तुष्टिको अभ्यास गर्नुपर्छ । बुद्ध वातावरण संरक्षणमा सचेत हुनुहुन्थ्यो । बुद्धले भन्नुभएको छ "सन्तुष्टि नै ठूलो धन हो ।"

## उदारत्तताको अभ्यासद्वारा सामाजिक एकीकरण

शान्ति र सद्भावका साथ बाँच्न सकेमा मात्र सामाजिक प्रगति सम्भव हुन्छ । वर्तमानमा विभिन्न समुदायहरू बीच द्वन्द्वका समस्याहरू छन् । विभिन्न समुदाय र समूहले एकअर्काप्रति सम्मानपूर्वक बाँच्न नसिकेसम्म सामाजिक विकास सम्भव छैन ।



https://dhamma.digital

समाजको उत्थानको आधार मैत्री (मायालु दया), करुणा (करुणा), मुदिता (सहानुभूतिपूर्ण आनन्द) र उपेखा (समानता) वृद्धि गरेरै सम्भव हुन्छ जसलाई बुद्धको शिक्षामा ४ ब्रम्हविहार भनिन्छ ।

## महिला र बालबालिका

द्वन्द्वको समयमा महिला र बालबालिका बढी प्रभावित हुने भएकाले उनीहरूलाई सधैं सुरक्षित राख्नुपर्छ ।

बलात्कार, कुपोषण, महिलाले भोग्नुपरेको समान अधिकारको अभाव र बालबालिकाको कुपोषणको समस्याले समाजको विकासमा बाधा पुऱ्याएको हुन्छ ।

## शान्ति

शान्ति भनेको युद्धको अनुपस्थिति मात्र होइन, समाजमा मानिसहरूले गतिशील रूपमा कायम राख्ने चेतनाको अवस्था हो जहाँ मानिसमा लोभ, घृणा, अज्ञानता कम भएको हुन्छ, र अलोभ, अद्वेश, अमोह वृद्धि भएको हुन्छ ।

## सप्त अपरिहानीय धर्म समुदाय विकासको आधार

महापरिनिर्वाण सुत्तमा बुद्धले दिनुभएको उपदेश सप्त अपरिहानीय धर्म सर्वोदयलले समुदाय विकासको नमुना र राम्रो समुदायको विशेषतारूपमा लिएको छ । सप्त अपरिहानीय धर्मको आधारमा सर्वोदयले मानिसहरूलाई असल समुदाय बनाउन प्रेरित गर्दछ जुन यस प्रकारका छन् :

- समुदायको बारम्बार भेटघाट
- निर्णय प्रक्रियामा समुदायको सहभागिता,
- शान्तिमा भेला, शान्तिमा छलफल र शान्ति फैलाउने
- प्रचलित कानूनहरूको पालना गर्ने र पालना गर्न नसकिने कानूनहरू लागू नगर्ने



https://dhamma.digital

- बालबालिका, महिला, बिरामी, अशक्त र वृद्धवृद्धाहरूको कल्याण र संरक्षण
- परम्परागत सांस्कृतिक क्रियाकलापरू निरन्तरता दिने ।
- भिक्षुहरू र वैरागीहरू जस्ता विद्वानजनहरू आमन्त्रित गर्ने, हेरचाह गर्ने र उहाँहरूवाट ज्ञान सिक्ने ।

**सर्वोदय श्रमदान आन्दोलनका संस्थापक डा. ए.टी. आर्यरतन**

५ नोभेम्बर १९३१ मा जन्मिएका सर्वोदय श्रमदान आन्दोलनका संस्थापक डा. ए.टी. आर्यरतन श्रीलंकाको नालंदा कलेजका पूर्व हाईस्कूल शिक्षक हुन् । उनले १९५८ मा पहिलो श्रमदान कार्य शिविर सञ्चालन गरे, जसले अन्ततः देशको सबैभन्दा ठूलो संस्था स्थापना गऱ्यो । विकासमा बुद्धका शिक्षाहरूलाई समेटेर सामुदायिक विकास गर्ने नया अवधारणा दिनुभयो र सोही अनुसार हजारौं गाउँहरूमा लागु गरी सामुदायिक विकास र गरीबी नीवारणमा टेवा पुऱ्याउन सफल भएको छ ।

उनले अर्थशास्त्र, सिंहल र शिक्षामा श्रीलंकाको विद्यायोदय विश्वविद्यालय, स्नातक (बीए) डिग्री हासिल गरे । एमिलियो अगुनाल्डो कलेज, फिलिपिन्सबाट मानविकी सास्त्रमा विद्यावारीधि उपाधि हासिल गरे भने श्रीलंकाको श्री जयवर्धनपुरा विश्वविद्यालय डि.लीट् उपाधि प्राप्त गरे ।

Dhamma.Digital

उनको योगदानको कदर गरी डा. ए.टी. आर्यरतनलाई विभिन्न अन्तर्राष्ट्रिय पुरस्कारहरूबाट सम्मान गरिएको छ, जुन निम्न उल्लेखित हुन् :

- महात्मा गान्धी शान्ति पुरस्कार, भारत, १९९६
- ह्युबर्ट एच. हम्फ्रे पुरस्कार, संयुक्त राज्य अमेरिका, १९९६
- सार्वजनिक सेवाको लागि IL–GA मेमोरियल अवार्ड, कोरिया, १९९५
- निवानो शान्ति पुरस्कार, जापान, १९९२



https://dhamma.digital

- भारत बाहिर गान्धीवादी मूल्यहरूको प्रचारका लागि जमनालाल बजाज पुरस्कार, १९९०
- अगस्ट फोरल अवार्ड, गुड टेम्प्लर मुभमेन्ट फर प्रमोटिंग टेम्परेन्स, डेनमार्क, १९९०
- एलन शान फेन्सटाइन वर्ल्ड हंगर अवार्ड, ब्राउन युनिभर्सिटी, संयुक्त राज्य अमेरिका, १९८६
- अन्तर्राष्ट्रिय विकासको लागि राजा बाउडोइन पुरस्कार, बेल्जियम, १९८२
- सामुदायिक नेतृत्वको लागि रेमन म्याग्सेसे पुरस्कार, फिलिपिन्स, १९६९

Dhamma.Digital



https://dhamma.digital

# एकाइ २ (ख) : शाक्यधिता

## शाक्यधिता इन्टरनेसनल
## (Sakyadhita International)

शाक्यधिता इन्टरनेसनल बौद्ध महिलाहरूको एक अन्तर्राष्टिय संस्था हो। शाक्यधिताको शाब्दिक अर्थ "बुद्धका पुत्रीहरू" हो। शाक्यधिताको नामाकरण गर्दा नेपालका धम्मवती गुरुमांको सुझावलाई लिएर गरेको हो। संस्थाको नाम राख्ने समयमा दुईवटा नाम आएको थियो। संघमित्रा र शाक्यधिता, जसमा शाक्यधिता नाम नेपालका धम्मवती गुरुमांले प्रस्ताव राख्नुभएको थियो। निर्णय लिन नसकेको अवस्थामा भोटिंग गरियो। शाक्यधिता नाममा बहुमत भयो र संघमित्रामा कम मात्र भयो। यसरी शाक्यधिता नाम रहन गएको हो।

यो संस्था बौद्ध समाजमा महिलाहरूको जीवन परिवर्तन गर्न प्रतिबद्ध विश्वका महिलाहरूको अग्रणी गठबन्धन हो। सन् १९८७ मा भारतको बोधगयामा आयोजित बौद्ध महिलाहरूको पहिलो अन्तर्राष्ट्रिय सम्मेलनको समापन पश्चात् यो अन्तर्राष्ट्रिय गठबन्धनको स्थापना भएको थियो। यसको विधिवत दर्ता गैर नाफामूलक संस्थाको रूपमा संयुक्त राज्य अमेरिकाको क्यालिफोर्नियामा भएको थियो। शाक्यधिताले प्रत्येक दुई वर्षमा एउटा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्दछ, जसमा विश्वभरका विभिन्न देश र परम्पराहरूका सर्वसाधारण व्यक्तिह¿, भिक्षुणीहरू र भिक्षुहरू भेला हुन्छन्। शाक्यधिताले विविध देश र परम्पराका बौद्ध महिलाहरूलाई एकताबद्ध गर्न, उनीहरूको हित कल्याण प्रवर्धन गर्न र मानवताको हितका लागि गरीने उनीहरूको कामलाई सहज बनाउने कुरामा जोड दिएको छ।

संस्था सिर्जना गर्ने पहल अय्या खेमा, कर्मा लेक्से सोमो, डा. चतसुमार्न कबिलसिंह (अहिले धम्मानन्द भिक्षुणी) र क्यारोला रोलोफ



https://dhamma.digital

(अहिले भिक्षुनी जाम्पा सेड्रोएन) ले गरेका थिए । हाल, शाक्यधिता विश्वका करिव ४५ वटा देशहरूमा फैलिएका छन् । अस्ट्रेलिया, क्यानाडा, फ्रान्स, जर्मनी, कोरिया, नेपाल, पोर्चुगल, स्पेन, ताइवान, संयुक्त अधिराज्य र संयुक्त राज्य अमेरिका, इन्डोनेसिया, मलेसिया, मङ्गोलिया, रसिया, भियतनाम आदि देशहरूमा शाक्यधिताका राष्ट्रिय शाखाहरू स्थापना भएका छन् ।

ईसापूर्व छैठौँ शताब्दीमा बुद्धले महिला र पुरुषको समान आध्यात्मिक क्षमतालाई पुष्टि गरे । बुद्धले बुद्धत्व प्राप्त गरेदेखि पैंतालीस वर्षसम्म विभिन्न ठाउँमा बहुजन हित र सुखको निमित्त हजारौं धम्म देशना दिनुभयो । उक्त उपदेशहरूमा सामाजिक विभेद हताउने र लैङ्गिक समानता प्रर्वधन गर्ने उपदेशहरू पनि प्रशस्त छन् । बुद्धले स्थापना गर्नुभएको चार परिषदमा भिक्षु संघ र भिक्खुनी संघ, उपासक र उपासिकाहरू विभिन्न धर्म, जात, वर्गका धेरै महिला र पुरुष सहभागी गराएका थिए । बुद्धका उपदेशहरू अनुसरण गरेर विभिन्न तहका महिलाहरूले ज्ञान प्राप्ति गर्नुभयो । बुद्धकालमा भिक्षु र भिक्खुनीहरूका साथै गृहस्थी महिलाहरूले पनि पुरुष सरह विभिन्न क्षेत्रमा एतदग्ग (उत्तम पद) उपाधि प्राप्त गर्न सफल भए । त्यतिबेलाका नारीहरूको जीवनकथाको विश्लेषण गर्दा हरेक पक्षमा पुरुष सरह महिला समान रूपमा सक्षम रहेको देखाएको छ । साथै महिलाहरूले पनि बुद्धधर्ममा दिक्षित भइसके पछि पहिलेको तुलनामा धेरै समानता र उच्च सम्मानको अनुभव गरेको उल्लेख छ । यसरि महिला र पुरुषको आध्यात्मिक समानतालाई मान्यता दिने प्रमुख धर्महरूमध्ये बुद्धधर्म अद्वितीय धर्म हो परन्तु यस समानता र वर्गविहीन दर्शनको बाबजुद, आज अधिकांश बौद्ध समाज र संस्कृतिहरूमा महिलाहरूले समान अवसरहरू उपभोग गर्न सकेको छैन । यसै कुरालाई मध्यनजर गरी विश्वका विविध देश र परम्पराका बौद्ध महिलाहरूलाई एकताबद्ध गर्न, उनीहरूको कल्याण प्रवर्धन गर्न र मानवताको हितका लागि गरिने उनीहरूको कामलाई सहज बनाउने जस्ता कार्यहरूलाई अधि बढाउन शाक्यधिता स्थापना भएको हो ।



https://dhamma.digital

**शाक्यधिता इन्टरनेसनलको उद्देश्यहरू:**

शाक्यधिताले बुद्धधर्ममा लैङ्गिक समानता हासिल गर्न र विश्वभरका बौद्ध महिलाहरूलाई शिक्षा र प्रशिक्षणका लागि समान अवसरहरू प्राप्त गर्न काम गरिरहेका छन् । यस संस्थाका मुख्य उद्देश्य यस प्रकारको रहेको छ :

- बौद्ध महिलाहरूको अन्तर्राष्ट्रिय गठबन्धन स्थापना गर्ने ।
- विश्वमा रहेका महिलाहरूको आध्यात्मिक उन्नति र कल्यानकारी कार्यलाई अगाडि बढाउने ।
- बौद्ध शिक्षामा, संस्थागत संरचनामा, प्रव्रज्यामा लैङ्गिक समानताका लागि काम गर्ने ।
- बौद्ध परम्परा र अन्य धर्महरूबिच सद्भाव र संवादलाई बढावा दिने ।
- बौद्ध महिलाहरूको रुचि र सवालका विषयहरूमा अनुसन्धान र प्रकाशनहरूलाई प्रोत्साहित गर्ने; मानवताको हितका लागि करुणायुक्त सामाजिक कार्यलाई बढावा दिने ।
- बुद्धको शिक्षाको माध्यमबाट विश्व शान्तिको प्रवर्धन गर्ने ।

शाक्यधिता अन्तर्राष्ट्रिय सम्मेलन प्रत्येक दुई वर्षमा आयोजना गरिन्छ । हालसम्म विभिन्न देशमा विश्वका महिलाहरू भेला भई १८ वटा सम्मेलनहरू सम्पन्न भैसकेको छ जुन यस प्रकार रहेको छ :

१. बोधगया, भारत (१९८७)

२. बैंकक, थाइल्यान्ड (१९९१)

३. कोलम्बो, श्रीलङ्का (१९९३)

४. लद्दाख, भारत (१९९५)

५. नोम पेन्ह, कम्बोडिया (१९९८)

६. लुम्बिनी, नेपाल (२०००)

७. ताइपे, ताइवान (२००२)

८. सियोल, कोरिया (२००४)



https://dhamma.digital

९. क्वालालम्पुर, मलेसिया (२००६)

१०. उलानबाटर, मंगोलिया (२००८)

११. होचीं मिन्ह सिटी, भियतनाम (२००९)

१२. बैंकक, थाइल्यान्ड (२०११)

१३. वैशाली, भारत (२०१३)

१४. जाकार्ता, इन्डोनेसिया (२०१५)

१५ हङकङ (२०१७)

१६ न्यु साउथ वेल्स, अस्ट्रेलिया (२०१९)

१७ अनलाइन (२०२१)

१८ सियोल, दक्षिण कोरिया (२०२३)

**कार्यहरू र उपलब्धि**

यी जमघटहरूबाट प्रोत्साहित भएर महिलाहरूले नयाँ ध्यान केन्द्रहरू, शिक्षाका परियोजनाहरू, गुम्वा विहारहरू र संस्थाहरू स्थापना गरेका छन् । यसको अलावा ती महिलाहरूले राष्ट्रिय र स्थानीय सम्मेलनहरू, ध्यान शिविरहरू आयोजना गर्ने, अध्ययन समूहहरू, र अन्य परियोजनाहरू सुरु गरेका छन्। हजारौं महिलाहरूले अहिले बुद्धधर्म र उनीहरूको समुदायमा नयाँ भूमिका खेलिरहेका छन्। पहिले सम्भावना नरहेको जस्तो देशहरूमा पनि महिलाहरू भिक्षुणी प्रव्रज्या हासिल गर्न प्रेरित भएका छन् ।

बुद्ध शिक्षा प्रचार र लैङ्गिक समानता प्रवर्धन गर्न सक्ने नेतृत्व वर्ग तयार गर्न महिलाहरूलाई शाक्यधिताले द्वन्द्व समाधान, वातावरणीय नैतिकता, स्वास्थ्य सेवा, र केटीहरूलाई मानव अधिकार जस्ता विषयहरूमा प्रशिक्षण पनि प्रदान गर्दै आएको छ ।

नेपालमा पनि शाक्यधिताको शाखा "शाक्यधिता नेपाल" नामले २०१२ मा धर्मकिर्ति विहारमा स्थापना भएको छ। यसले स्थापनाकालदेखि हालसम्म बुद्ध शिक्षा प्रचार प्रसार एवं बौद्ध जगतमा लैङ्गिक समानता प्रवर्धन गर्ने क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ ।



https://dhamma.digital

परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

तृतीय पत्र

# समकालीन बौद्ध अभियान

एकाइ ३ :

## (क) इन्द्रमांग

लेखक : डा. त्रिरत्न मानन्धर

## (ख) फो गुआन शान

लेखक : देवकाजी शाक्य



Dhamma.Digital

https://dhamma.digital

https://dhamma.digital

# एकाइ ३ (क) : कोरियाको ईन्द्रमांग वा इन्द्र सामुदायिक संजाल

## Indra Mang or Indra net.com

- इन्द्रमांग गृहस्थ बौद्धहरूको एक अभियान हो । यसलाई इन्द्र नेट डट कम पनि भनिन्छ । यसको स्थापना सन् १९९९ मा दक्षिण कोरियामा भएको थियो । यस अभियानले आध्यात्मिक तथा भौतिक विकासको लागि पहल गर्ने उद्देश्य लिएको छ । ग्रामीण विकासको अवधारणा बोकेको यस अभियानको मुख्य केन्द्र कोरिया प्रायद्वीपको दक्षिणमा अवस्थित चिरी पहाडमा निर्मित सिलसंसा विहार हो ।

  यो एक इन्गेज्ड बुद्धिज्मको मार्गचित्र अनुसार स्थापना भएको अभियान हो । इन्गेज्ड बुद्धिज्म भन्नाले बुद्धधर्मका सबै यानहरूलाई एकवद्ध गरेर आध्यात्मिक तथा भौतिक विकासको लागि कार्य गर्ने संस्थाको रूपमा लिइन्छ । यसका प्रणेता मध्येका एक क्रिस्टोफर क्वीनले यस किसिमको बौद्ध निकायको प्रणेताको रूपमा लिइन्छ । थेरवाद, महायान र वज्रयान जुनसुकै यान भए पनि आध्यात्मिक उन्नतिको लागि मात्र नभई समाजका विभिन्न समस्या समाधान गर्न पनि क्रियाशील रहनुपर्ने नै इन्गेज्ड बुद्धिज्मको मूल मन्त्र हो ।

- इन्गेज्ड बौद्धहरू मरणशील जीवनबाट मुक्तिको लागि दैनिक अभ्यासको अलावा कसरी सामाजिक, आर्थिक र राजनैतिक समस्याहरू पनि समाधान गर्नेतिर पनि खतिएर काम गर्छन् । इन्गेज्ड बुद्धिज्मका प्रसिद्ध विद्वानहरूको रूपमा भियतनामका भिक्षु थीक नाट हान, दलाई लामा, ए.टि आर्यरत्ने, महाघोषानन्द, भिक्षुणी चेंग येन आदि पर्छन् । उनीहरूबाट धर्मको अभ्यासको अलाबा सामाजिक, आर्थिक, स्वास्थ्य, विभिन्न आपातकालीन



https://dhamma.digital

समयमा सेवा प्रदानका कार्यहरू गर्दै बुद्धको शिक्षालाई नया तवरले अभ्यास गर्न सिकाउनु भएको छ ।

इन्द्रमांग वा इन्द्र नेट पनि इन्गोज बुद्धिज्मको अवधारणा बोकेको एक संस्था हो । यसका प्रणेता भिक्षु तोवो हुन् । कोरियामा बुद्धशासनलाई उपयुक्त तवरले परिमार्जित गर्ने कार्य यस प्रगतिशील भिक्षुले गर्नुभएको छ । संघमा सन् १९९४ मा आएका विभिन्न प्रकारका विकृति र åन्दलाई हटाउने कार्यमा उहाँको महत्वपूर्ण भूमिका रहेको छ । संघको समस्या समाधान पछि संघको प्रशासनबाट निवृत भएर उहाँले आफ्नो विहार चिरी पहाडमा फर्कनु भई इन्द्रमांगको अभ्यास गराउने तिर लागेको थिए । प्रांगारिक खेतीमा पहल ईन्द सामुदायिक संजाल अभियानको शुरुवाट भिक्षु टोवो बाट गर्नुभएको थियो जसले कोरियाको  बौद्धसंघमा पनि केहि सुधारका प्रयासहरू गर्नुभएको थियो। उहाँलाई प्रगतिशील भिक्षुको रूपमा लिइन्छ जसले संघलाई प्रभावकारी बनाउन १९९४ मा महत्वपूर्ण कार्य गरेका थिए । उहाँले १९९८ र १९९९ मा संघमा देखापरेको åन्दलाई निराकरण गर्न महत्वपूर्ण भूमिका निभाउनु भएको थियो ।  संघको समस्या निराकरण पश्चात उहाँ फेरी केन्द्रिय प्रशासनको पदलाई छोडेर पहाडको विहारमा फर्कनुभयो । सिलसंगसाका प्रमुख आवासिय भिक्षु भएर उहाँले ग्रामीण विकासको नयाँ अवधारणा ल्याई नयाँ किसिमको खेतीलाई प्रोत्साहन दिने कार्यमा लाग्नुभएको थियो । जैविकखेतीको शुरुवाट बेरोजगारहरूको लागि १९९७ देखी शुरु गरिएको थियो । त्यसको लाीग १९९८ मा  खेतीमा फर्क भन्ने नाराका साथ सिलसंगसा र सिओलमा विद्यालयहरू खोलिएको थियो । १९९९ मा ईन्द संजाल अभियानको स्थापना गरियो । देशको राजधानी सिओलमा देशको जनसंख्याको आधाभन्दा बढि बसाई सरेर आएको कारण गाउँहरूमा वृद्ध अवस्थामा पुगेका जनसंख्या मात्र बाँकि रहन गई आर्थिक तथा सामाजिक समस्या



https://dhamma.digital

हुन थाल्यो । यस समस्याको सम्बन्धमा  वैकल्पिक जीवनको अभ्यासको स्वरूप यस अभियानको शुरुवाट भएको थियो । यसरी गाउँमा जैविक खेतीलाई बढावा दिएर पर्यायवरणीय समस्याप्रति किसानहरूलाई सजग गराउनु यस अभियानको मुख्य लक्ष्य थियो।

शहरमा यस अभियान विकास गर्ने क्रममा शहरी खेती समुदाय स्थापना गरी उत्पादक तथा उपभोक्ता सँग सीधा सम्पर्क राख्ने काम पनि यस संस्थाले पहल लिने कार्य भयो । यसरी जैविक खेतीलाई बढावा दिनुको अतिरिक्त यस अभियानले देशभर शान्तिको आवश्यकता र परस्पर आदरभाव जगाउने सन्देश दिने हेतुले  जीवन र शान्ति अभियान नामक नारा दिई ५वर्षसम्म देशभर पदयात्राको आयोजना गरिएको थियो ।

सिलसंगसामा रहँदै सन् १९९५ देखी सन् २००३ सम्ममा उहाँले ग्रामीण विकासको अवधारणलाई बढावा दिनुहुँदै विभिन्न सामुदायिक अभियानलाई तिब्र पार्नुभएको थियो । उहाँले सन् १९९७ मा जैविक कृषिको अवधारण सुरुवाट गरेर सिलसंगसामा रहेका बेरोजगार युवाहरूलाई जैविक कृषि कार्यमा लगाउनु भएको थियो । सन् १९९८ मा उहाँले गाउँफर्क अभियानको शुरुवाट गर्नुभयो । यस अभियानलाई साकाररूप दिनको लागि उहाँको प्रयासमा सिउल र सिलसंगसामा स्कुलपनि स्थापना गर्नुभयो । यसकार्यलाई तीब्रता दिनको लागि सन् १९९९ मा इन्द्रमांग भन्ने एउटा वैकल्पिक जीवन को शुरुवाट गर्नुभयो । यस  अनुसार सामाजिक समस्या हटाउनको लागि विभिन्न प्रयासहरू गर्नुभयो। कोरिया धेरै गाउँहरू भएको देश थियो । तर मानिसहरू गाउँघर छोडेर सिउल तथा अन्य महानगरमा गएर काम गर्न जाने र गाउँघरको खेतलाई बाँझै राखेर छोडेर जाने क्रम थियो । यसले गर्दा ग्रामीण क्षेत्रका धेरैजसो मानिसहरू शहरमा मात्र केन्द्रित हुन थाले । करीब आधा जनसंख्या सिउलमा नै केन्द्रित भएर ग्रामीण भेगमा जनसंख्याहरू न्यून हुँदै मात्र बुढापाकाहरूमा मात्र हुन



https://dhamma.digital

गयो। शहर केन्द्रित भएको कारणले शहरमा पनि विभिन्न प्रकारका सामाजिक समस्याहरू आउन थालेको थियो । यस समस्यालाई निराकरण गर्नको लागि उहाँले गाउँघरमै जनताहरूलाई फर्काउने कार्यको रूपमा गाउँफर्क अभियान संचालन गर्नुभएको थियो ।

- ग्रामीण कृषि समुदायलाई महत्व दिने उदेश्यले जैविका खेतीलाई बढावा दिनु यस अभियानको मुख्य उद्देश्य थियो । यसले गर्दा वातावरण पनि सुरक्षित हुने र मानिसहरू पनि स्वस्थ बन्न सक्ने हुन्छ । यस कार्यलाई उचित व्यवस्थापन गर्नको लागि शहरमा रहेका मानिसहरूसित सम्पर्क गरेर गाउँमा उत्पादित स्वस्थ उत्पादन शहर सम्म पनि पुऱ्याउनको लागि यस अभियानले महत्वपूर्ण सेतुको रूपमा कार्य सम्पादन गर्दथे । यस अभियानले गाउँफर्क र जैविक खेतीलाई बढावा दिने कार्यका अलावा जीवनमा शान्ति कसरी प्राप्ति गर्ने भन्ने विषयमा ठाउँ ठाउँमा पदयात्रा åरा जागरण ल्याउने कार्य गरेको थियो। मानिसहरूको जीवनको अमुल्यता र यस जीवनमा सुख पाउने उपायको बारेमा जागरण कार्यमा पाचवर्षसम्म पदयात्राको माध्यमबाट जागरण ल्याउने कार्य पनि गरेको थियो।

## ईन्द्रमांग को मूलमन्त्रहरू

इन्द्रमांगको सिद्धान्तः ब्रम्हाण्डमा भएका जतिपनि विषयवस्तुहरू एक अर्कासंग सम्बन्धित रहेको हुन्छ । एक अर्कासंग निर्भर भएका हुन्छन् । स्वतन्त्र केहि छैन । त्यसकारण यहाँ ठुलो सानो कोही छैन भन्ने नाराका साथ सबैमा करुणा जगाउने कार्यमा उत्प्रेरणा दिनुपर्दछ। सबै जीवहरू एक अर्काका पूरकको रूपमा रहेका हुन्छन् । सबैले समग्र समाजको लागि आआफ्नै तरीकाले भूमिका निर्वाह गरिरहेका हुन्छ। यस प्रकारको सन्देश यस अभियानको निर्देशक सिद्धान्त हुन् । त्यसकारण मानिसहरू शक्ति, नाफा, स्वरूप, प्रतिस्पर्धामा लाग्नुको सट्टा सरल जीवन जिउनाले, आफुसँग भएको विषयवस्तुहरू अरुलाई पनि बाँडेर



https://dhamma.digital

जिउँदा सुख शान्ति मिल्ने महत्वका कुराको जागरण ल्याउने कार्य पनि यस अभियानले गर्दै आइरहेको छ । शक्ति, सत्ता, नाफा, प्रतिस्पर्धा लाई महत्व नदिई सरल जीवन, अरुलाई बाँड्ने तथा शान्ति निर्माण गर्ने कार्यमा विशेष महत्व दिनु यस अभियानको मूलमन्त्रको रूपमा लिइएको छ ।

## इन्द्रमांगका मूलकार्यहरू

### गाउँ फर्क वा कृषि फर्क अभियान

यस अभियानको शुरुवाट सन् १९९७ मा अन्तराष्ट्रिय मुद्राकोषबाट निकट भविष्यमा विभिन्न प्रकारका खाद्य संकटहरू उत्पन्न हुने आर्थिक संकटहरूको समाधानको लागि देशहरू सचेत रहनुपर्ने विषयमा गरिएको आव्हानलाई मध्यनजर गरेर शुरु गरिएको हो । कृषि फर्क अभियान १९९७ मा शुरु भएको हो । यस समयमा अन्तर्राष्ट्रिय मुद्राकोषमा आएको संकटले सामान्य मानिसहरूको जीवनयापनलाई समेत प्रभावित पारेको थियो ।

- यसको लागि सिलसंगसाका यी हायेगोंग जो सिलसांगको कृषिफर्क अभियान स्कुलका प्राचार्य थिए, उहाँले यस कार्यमा मानिसहरूलाई अभिप्ररित गर्नुभएको थियो । यस अभियानका सदस्यहरू समुदायमा बसेर एक अर्काको सहयोगीको रूपमा काम गर्नुपर्ने नियम बनाइएको थियो । यसको जोड आर्थिक रूपमा सबल बन्नुभन्दा पनि शान्ति र स्वतन्त्रतापूर्वक जीवन जिउनको लागि भविष्यका लागि समेत सुरक्षित हुने वैकल्पिक मार्गको रूपमा यस अभियानलाई जोडदिनु थियो । उहाँका विचार अनुसार गाउँका युवाहरूलाई आर्थिक सुरक्षा मात्र सुरक्षा नभइ शान्ति र स्वतन्त्र रूपले जिउनु पनि एक महत्वपूर्ण वैकल्पिक र उत्कृष्ट जीवन हुन सक्ने कुरामा विश्वस्त पार्नुपर्ने कुरा बताउनु भएको थियो । सहकार्य, सहकारी र समुदायिक भावनाको महत्वको बारेमा जनचेतना जागरण गराउनु पर्ने कुरामा उहाँको जोड थियो ।



https://dhamma.digital

गाउँमा फर्केर खेती कार्यमा शरीक हुन चाहने युवाहरूको लागि आवश्यक व्यवस्थापन गर्नुपर्ने कुराको बारेमा बताउनु भएको थियो । उनीहरूमा शहरमा मात्र आफ्नो भविष्य देख्ने सोचलाई बदलिनु पर्ने र नयाँ तवरले जीवन जिउने कला सिकाउनु पर्ने र त्यसमा रमाएर काम गराउनु पर्ने कुरामा जोड दिनुभएको थियो । उनीहरूलाई सरल जीवको महत्व बुझाउनु पर्ने, एकले अर्कालाई सहयोग गर्ने भावनाले जीवनमा सुखशान्ति आउने र विभिन्न प्रकारका तनावलाई व्यवस्थापन गर्न सिकाउने कुरा अवगत गराउनु पर्ने कुरा पनि अघि सारेको थियो । समुदायिक जीवनको महत्व बुझाउनु पर्ने जसले गर्दा आर्थिक तथा विभिन्न संकट टाट पार हुनसक्ने कुरा सिकाउनु आवश्यक भएको कुरा अगाडी सार्नुभएको थियो ।

## गाउँफर्क अभियानको मूल आशयहरू

- गाउँफर्क कृषि स्कुलले तीन चरणका तालीमहरू दिने गर्दछ ।

कार्यमा स्वतन्त्रताको पुनर्स्थापना

सामुदायिक जीवन र

पर्यायवरण मैत्री जीवन

Dhamma.Digital

## जैविक खेतीमा जोड

इन्द्रमांगले शहरमा केन्द्रित भएका युवा जनसक्तिहरूलाई गाउँ फर्कने वातावरण निर्माण गर्ने र ती जनशक्तिहरूलाई कृषिकार्यमा फर्काउने र प्रांगारिक वा जैविक कृषिमा लगाउने अभियानमा लागि परेको छ । जैविक खेतीको लागि त्यस विषयमा विशेषता हासिल गरेका, अनुसन्धान गरिहेका दक्ष प्राविधिकबाट दिएको निर्देशन अनुसार शुरुवाट गरिन्छ । खेतमा नै गएर विभिन्न प्रकारका जैविक खेती सम्बन्धि तालिमहरू कृषिकार्यमा लाग्ने विद्यार्थीहरूलाई दिइन्छ । यस सिलसंगसा विहारमा प्रांगारिक



https://dhamma.digital

कृषिकार्यको तौरतरीका सिकाउने तथा त्यस उत्पादनलाई सहकारी आजीविका संघ मार्फत शहरका विहारहरू मार्फत बजारको प्रवर्धन गर्ने गरिन्छ ।

यसरी विद्यार्थीहरू तथा स्थानीयहरूले उत्पादन गरेका जैविक कृषि उत्पादनहरूको लागि विक्री वितरणको लागि एक सहकारीको स्थापना गरिन्छ । ती सहकारीको माध्यमबाट शहर बजारमा ती उत्पादनहरू विक्री गर्ने कार्य हुन्छ । सिओलको स्कुलमा सैद्धान्तिक पाठ्यक्रम अन्तर्गत दुईमहिने कोर्स गरिसकेपछि तालिम कार्यको लागि सिओल संगैको खेतमा काम गर्ने र तीन दिनको प्रयोगात्मक कक्षा सिलसांगमा हुने गर्दथ्यो । यस स्कुलबाट उत्तीर्ण भएका विद्यार्थीहरूले एक अर्कामा मद्धत गर्ने संजालमा आवद्ध भएर जीवनभर ईन्द्र संजालमा आवद्ध भएर  नया प्रविधि सिक्ने, नैतिक समर्थन प्राप्त गर्ने र प्रांगारिक उत्पादनहरू बेच्ने कार्यमा सहयोग आदान प्रदान गर्ने कार्यमा लागि पर्छन् । यसको लागि सियोलमा सैद्धान्तिक कक्षाहरू संचालन गर्दछन् । यस तालीम दुई महीनाको हुन्छन् र  वर्षेनी दुईपटक गर्दछन् । सैद्धान्तिक कक्षा लिएकाहरूले ज्ञानलाई व्यवहारमा उतार्नको लागि नजीकको खेतमा प्रयोगात्मक अभ्यास गरिन्छ भने सिलसंगसाको कृषि फार्ममा तीन दिनको प्रयोगात्मक कक्षामा समावेश गराइन्छ । यस शिक्षाबाट दीक्षित भएका स्नातकहरू एउटा सञ्जालमा आवद्ध भएर भविष्यमा नयाँ नयाँ प्रविधिहरूको बारेमा आदान प्रदान गर्ने, नैतिक समर्थन एक आपसमा लिने, र जैविक उत्पादनहरू कसरी विकिगर्ने भन्ने सम्बन्धमा विचार विमर्श गर्दछन् ।

## इन्द्रजाल सामुदायिक आजीविका संघ

- इन्द्रजाल सामुदायिक आजीविका संघको स्थापना किसान र उपभोक्ताबीचको सम्बन्ध सुमधुर गर्नको लागि गरिएको हो । किसानहरूले उत्पादन गर्ने जैविक धान, अन्न, फलफुल,



https://dhamma.digital

तरकारीहरू उपभोक्ता सम्म पुऱ्याउनको लागि यस संघले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ। यस संस्था सन् २००३ मा गैर सरकारी संस्थाको रूपमा सक्रिय भएको थियो। विभिन्न विहारहरू मार्फत किसान र सहरका उपभोक्ता बीच सम्बन्ध राख्न सक्ने वातावरण बनाई उत्पादन विक्रीको लागि सहज वातावरण तयार पर्ने कार्य यसले गर्दछ। यसले सरकारको स्वतन्त्र बजार नीतिको अगाडी प्रतिस्पर्धा गर्न नसकेर ऋणमा डुबेर टाट पल्तिसकेको किसानहरूले पनि फेरी काम गर्ने वातावरण बनाउन सक्ने परि स्थिति उत्पन्न गरेको थियो । यसरी किसानहरूको जीवनस्तर उकास्ने र फेरी पनि कार्य गर्ने वातावरण बनाउन यस संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। एकातिर किसान समुदायको यसले सुरक्षा गरेको छ भने अर्कोतर्फ वातावरण संरक्षणमा पनि महत्वपूर्ण भूमिका यसले खेलेको भन्न सकिन्छ।

यस संस्थाको कारणले किसानहरू अव जीवनभर कृषिमा नै लाग्ने र अरु कामबाट भन्दा पनि कृषिकार्यबाट नै रमाउने शिक्षा प्राप्त गरेको छ । पैसा बनाउनुमा भन्दा खुसी अभिवृद्धि गर्नु नै मानिसहरूको प्रमुख लक्ष्य हुनुपर्दछ भन्ने भावना पनि यसबाट जागेको छ। जीवनमा सरलता र सहयोग नै प्रमुख हो भन्ने भावनाको वृद्धिले नाफामुखी हुने परम्परागत खेतीको साटो पर्यायवरण मैत्री वा यसप्रति जागरुक भएर सानो क्षेत्रमा भए पनि बरु विविध प्रकारका बाली लगाउने कार्यमा उनीहरू सक्रिय हुन थालेको थियो।

**एक जीवन (सबै प्राणीहरू एक अर्कासँग जोडिएका हुन्छन्)**

सन् २००१ मा इन्द्रजाल समुदायले एक जीवन भन्ने एक गैरसरकारी संस्थाको स्थापना गरियो । यस संस्थाको मूल मर्म थियो संसारमा जतिपनि प्राणीहरू र वनस्पतिहरू छन् सबै एक अर्कासँग जोडिएको हुन्छ । त्यसकारण समाजमा भएका मानिसहरू पनि एक अर्कासँग सम्बन्धित रहेका हुन्छन् र आफ्नो



https://dhamma.digital

र अरुभन्दा पनि हामी र हाम्रो भन्ने भावनाले कार्यगर्नुपर्ने सन्देश दिएर त्यस अनुसार मानिसहरूमा एक जीवन भन्ने भावना विकास गर्नको लागि महत्वपूर्ण कार्य गरेको थियो । एक जीवन नामक संस्था सिलसंगसा समुदायमा नै स्थापना भएको थियो । यस संस्थाले पनि ग्रामीण समाजलाई खेतीमा प्रोत्साहन गर्ने, विभिन्न प्रकारका तालीमहरू प्रदान गर्ने, स्वावलम्बि आर्थिक कार्यकलाप, सहकारी समुदाय र पर्यायवरण रक्षाको लागि यस संस्थाले महत्वपूर्ण कार्यहरू सम्पादन गरिरहेको छ । यस बाहेक यस संस्थाले प्राकृतिक सम्पदालाई सुरक्षा गर्ने, वैकल्पिक औषधि उत्पादन गरेर औषधि उपचारबाट टाढा रहेका ग्रामीण जनताहरूको स्वास्थ्यलाई राम्रो पार्ने, प्रकृतिलाई हानी नोक्सानी नगरी वातारण मैत्री जीवन जिउने त्यसको लागि माटोको घरमा बस्ने, सरल र परम्परागत कपडाहरू लगाउने प्राकृतिक रूपमा कपडाहरू रंगाउने कार्यहरूलाई प्रोत्साहन र प्रयोग गर्ने वातावरण बनाउने कार्यमा महत्वपूर्ण भूमिकाहरू निर्वाह गरिरहेको अवस्था छ ।

**महिलाहरूको सशक्तिकरणको लागि कार्यक्रम (महिलाहरूको लागि एक जीवन :)**

महिलाहरूको लागि एक जीवन भन्ने महिला कृषकहरूको लागि विशेष कार्यक्रम हो । यस अन्तर्गत कृषिकार्यमा लाग्ने महिलाहरूलाई कृषिकार्यको साथै आफ्नो परिवारहरूलाई पनि कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा विभिन्न कार्यक्रमहरू मार्फत तालिम दिने गर्दछ । उनीहरूलाई बच्चाहरू कसरी स्याहार सुसार गर्ने, परिवार कसरी व्यवस्थापन गर्ने, स्वास्थ्यप्रति कसरी सचेत हुने, कृषिकार्यहरू कसरी गर्ने, कसरी माटाका भाडाहरू बनाउने कार्यहरूको बारेमा जानकारी दिने आदि क्षेत्रमा कार्य गर्दछन् । साथै इच्छुक महिलाहरूलाई कम्प्यूटरको तालिम, बच्चाहरूलाई स्कुल पठाउनु पूर्व कसरी स्याहार गर्ने, स्कुल पछि उनीहरूलाई के



https://dhamma.digital

के कार्य गर्न लगाउने आदि पनि तालिम दिने कार्य गरिन्छ। साथै संगठनात्मक रूपमा कसरी उन्नत कृषिकार्यमा लाग्ने उत्पादित कृषि पैदावारहरूको विक्री वितरण कसरी गर्ने आदि विषयहरूको बारेमा जानकारी मूलक कायक्रमहरूको संचालन गर्ने गर्दछ।

**वैकल्पिक पाठशाला :**

यस अन्तर्गत इन्द्रमांगले बच्चाहरूलाई वैकल्पिक पाठशालाको माध्यमबाट एक अर्कालाई सहयोग गर्ने भावना विकसित गर्ने, जैविक खेतीहरू कसरी गर्ने आदिका कार्यहरूको बारेमा अध्ययन गराइने गर्दछ। ती स्कुलहरू गैर सरकारी संस्थाको रूपमा संचालन हुने हुन्छ। यसमा मूल रूपमा सरल, सादा जीवन जिउने , कम उपभोग गर्ने प्रवृत्ति विकास गर्ने कार्यहरूमा प्रशिक्षण दिने गर्दछ। सन् २०११ म यस अभियानले बौद्ध वैकल्पिक स्कुलको स्थापना गरेको थियो। समकालीन विश्वसंग परिचित हुनको लागि विभिन्न पाठ्यक्रमहरू राखेर बुद्ध शिक्षाका माध्यमबाट विभिन्न प्रकारका समस्याहरू कसरी निराकरण गर्न सकिन्छ भन्ने विषयलाई यस स्कुलले जोडदिने तवरले कक्षा लिने गर्दछ। विशेषगरी अरुलाई आदर राख्ने, आफुसँग भएको वस्तु अरुलाई पनि बाँड्ने, व्यक्तिगत सृजनशीलता आदि कसरी विकास गर्ने भन्ने विषय अध्ययनको विषय हुने गर्दछ।

माध्यमिक तह पछिका विद्यार्थीहरूको लागि जुनियर हाईस्कुल पनि  वैकल्पिक स्कुलको रूपमा इन्द्रमांग समुदायले विभिन्न स्थानमा स्थापना गर्ने गर्दछ । यसमा औषधि सम्बन्धि ज्ञान, आवास, साधारण कपडाहरू तयार पर्ने जस्ता वैकल्पिक विषयहरू सिकाइन्छ । सिलसंगसा समुदायसँगका विभिन्न विहारहरूको सामिप्य स्थापना गर्ने ती स्कुलहरूमा आफ्नै प्रयासले विभिन्न विषयहरू सिक्ने अवसरहरू दिने गर्दछ।

यस स्कुलमा शिक्षक र विद्यार्थीहरू विहान सबेरै उठेर ध्यान गर्ने, बौद्ध परम्परा अनुसार भोजन गर्ने गर्दछ  जस अनुसार



https://dhamma.digital

खाना उत्पादन गर्नेहरूप्रति कृतज्ञता ज्ञापन र कुनै पनि खानेकुरा नफालिकन खाने आदि कुराहरू सिकाइन्छ।

## संस्थामा आबद्ध हुनको लागि बौद्धमार्गी नै हुनुपर्ने बाध्यता नभएको

यस संस्थामा आवद्ध हुनको लागि र विभिन्न तालिमहरू प्राप्त गरेर आफ्नो जीवन उन्नयन गर्नको लागि बौद्धमार्गी नै हुनुपर्ने कुनै किसिमको बाध्यता नहुने र उनीहरूमा धार्मिक आस्था हुनुपर्ने किसिमको कुनै प्रावधान पनि आवश्यक नहुने स्पष्ट गर्दछ। स्वतन्त्ररूपमा संचालन हुने यस्ता कार्यक्रमहरूको मूल उद्देश्य मानिसहरूलाई सुखी र शान्तिपूर्वक बाच्न सक्ने अवसर दिनु हुन्थ्यो।

## सारांश र निष्कर्श

इसरी इन्द्रजाल अभियान सन् १९९८ मा शुरुवाट भएर कृषिफर्क अभियानको शुरुवाट गरियो। अन्तर्राष्ट्रिय मुद्रा कोषमा आएको संकटको कारणले विश्वव्यापी रूपमा आएको आर्थिक संकटबाट पार पाउनको लागि यस अभियान शुरु गरिएको थियो। यस अभियानले सत्वप्राणीहरू एक अर्कामा निर्भर रहने बुद्धको शिक्षालाई आत्मसात गर्दै प्रकृति मैत्री, सामुदायिक जीवन, ध्यान भावना र निस्वार्थतालाई मानव हृदयमा जगाएर समग्र मानिसहरू विकासको बाटोमा अघि बढ्ने र शान्ति र समुन्नत समाजको निर्माणको लागि प्रयास गर्नुपर्ने कुरालाई अगाडी सारेको छ। यस अभियानले विद्यमान जीवन पद्धतिबाट हुनसक्ने समस्या समाधानार्थ वैकल्पिक जीवन, वैकल्पिक मूल्य मान्यता जुन एक्काइसौं शताब्दीको लागि सुहाँउदो हुन्छ, ती विभिन्न विषयहरूलाई अगाडी सारेर पूजीवादबाट थिचिएर आउन सक्ने समस्याहरू जस्तै उपभोक्ताबाद, मुनाफाखोरी, प्रतिस्पर्धाबाट टाढा भएर त्याग, सन्तोष, स्वार्थीरहित भएर अरुलाई सहयोगको भावना सरल जीवनलाई महत्व दिनुपर्ने सन्देश दिएको छ।



https://dhamma.digital

- यस अभियान अन्तर्गत नयाँ पिढिका रूपमा रहेका साना साना स्कुलका विद्यार्थीहरूलाई पनि वैकल्पिक औषधि उपचार, वैकल्पिक वास स्थानको व्यवस्था र परम्परागत कपडाहरू तयार गर्ने तालिम पनि दिने गरिन्छ ।
- प्रतिस्पर्धा गरेर छिटो छिटो दगुरेर हामी कुनै पनि गन्तव्यमा पुग्न सकिंदैन भन्ने यथार्थलाई आत्मसात गरेर यस अभियानमा गृहस्थहरूले यस अभियानका विषयहरूलाई कार्यान्वयन गर्ने गर्दछ भने भिक्षुहरूले सल्लाहकारका रूपमा, ध्यानी गुरुहरूको रूपमा भूमिका खेल्ने गर्दछन् । इन्गेज बुद्धिज्मको भावना अनुसार गृहस्थहरूका लागि पनि धर्ममा यथोचित स्थान दिएर परम्परागत विहारमा आधारित धर्म भन्दा पनि बुद्धको सन्देश अनुसार दैनिक जीवनका समस्याहरूलाई समाधानार्थ विभिन्न प्रकारले लागि पर्ने हुन्छ । भित्री तवरले नै मानसिक रूपमा जागृत भएर भौतिक जीवनलाई शान्ति र सुखमय जीवन व्यतीतको लागि यस अभियानले प्रेरित गर्दछ । सरल जीवन र पर्यायवरण सुरक्षा गरेर आफू पनि शान्तिपूर्वक जिउने र अरुलाई पनि शान्तिपूर्वक जिउन दिने तवरले यस अभियानले आफ्नो कार्य अगाडी बढाउने कार्य गर्दछ । बौद्धधर्मावलम्बी मात्र होइन जुनसुकै धर्म समुदाय, स्तर, लिंग, राजनैतिक विचारधाराका व्यक्तिहरूसँग हातेमालो गरेर समग्र प्राणीहरूको सुखको लागि यस अभियान अगाडि बढेको देखिन्छ ।



https://dhamma.digital

# एकाइ ३ (ख) फो गुआङ शान

**फो गुआङ शानको शब्दार्थ : बुद्ध ज्योति पर्वत**

संस्थापक : श्रद्धेय भिक्षु सिङ्ग युन

स्थापना : सन् १९६७ मा ताइवानको काओ सियुङमा ।

**फो गुआङ शानका अन्तरनिहित अवधारणाहरू :**

१. बुद्ध शिक्षालाई आधुनिकीकरण र विश्वब्यापीकरण गर्ने । समय, परिस्थिति र युग सुहाउँदो गरी बुद्धशिक्षालाई प्रचारप्रसार गर्ने । आधुनिक प्रविधि र सञ्चार माध्यमहरूलाई अधिकतम सदुपयोग गर्ने । मानव वस्ति भएको ५ वटै महादेशहरूका धरतीलाई धर्मरूपी जलद्वारा सिंचन गर्ने ।

२. फो गुआङ शान मन्दिर (गुम्बा) विश्वका ठूला ठूला शहरमा निर्माण गर्ने र विस्तार गर्ने ।

३. बुद्ध उपदेश र शिक्षालाई स्थानीयकरण गर्ने अर्थात स्थानीय तहका सर्वसाधारण जन जनसम्म पुऱ्याउने । बुद्धधर्मलाई सरल र सहज बनाई सबैको पहुँच सम्म पुऱ्याउने । आफनै धरातलमा टेकी बुद्ध धर्मको अभ्यास गर्दै मानवमात्रको सेवाभाव अभिवृद्धि गर्ने सोचको विकास गर्ने (Stand Locally, Think Globally)

४. मानवीय बुद्ध धर्मको परिकल्पना

**फोगुआङ शानको परिचय र विशेषताहरू**

१. फो गुआङ शान धर्म अभ्यास गर्ने स्थल मात्र नभई समुदायको लागि सांस्कृतिक केन्द्र पनि हो - मानवीय कला सृजनाको स्थल ।

२. मानव मुक्तिको लागि पथ प्रदर्शन गर्ने थलो



https://dhamma.digital

३. आध्यात्मिक पथमा अगाडि बढिरहेका व्यक्तित्वहरू बीच अन्तरक्रियाको लागि भेला हुने स्थान

४. उत्कृष्ट मानवीय गुणहरूका वीजारोपण, वृद्धि र विकासको लागि अभिप्रेरणा प्रदान गर्ने थलो ।

५. सबै प्रकारका दोषहरू बढार्ने र निर्मूल गर्ने सही उपचार गर्ने अस्पताल

६. नैतिकता र भित्री हृदयका असल गुणहरू प्रस्फुटन गर्ने धर्म पाठशाला

७. कारण र परिणामको न्याय संरक्षण गर्ने अदालत

८. व्यक्तिहरूमा भाइचाराको भावना अभिवृद्धि गर्ने सामुदायिक क्रियाकलापहरू संचालन गर्ने स्थान ।

फो गुआङ शान आधुनिक दृष्टिकोणले सबै सुविधा सम्पन्न- धार्मिक अभ्यास, परम्परागत बौद्ध रीति रिवाज सञ्चालन, ध्यान गृह, सभा गृह, बौद्ध कक्षा सञ्चालनको लागि उपयुक्त व्यवस्था ।

फो गुआङ शान अहिले २०० भन्दा बढी संख्यामा विश्वभर छरिएर रहेका छन् । २० वर्षको अवधिमा १०० भन्दा बढी शाखा मन्दिरहरू स्थापना भएका छन् । एशियामा ३९ संयुक्त राज्य अमेरिकामा २९, क्यानाडामा ७, दक्षिण अमेरिकामा १३, युरोपमा ७ र ओसिनियामा १६ वटा र अझ बढ्दो क्रममा छ । धर्मको कुनै किसिमको सीमा हुँदैन भन्ने कुरा यसले पुष्टि गर्दछ । विश्वको विशाल आकाशमा बुद्ध ज्योति चम्कँदै छ । फो गुआङ शानले यही सन्देश प्रवाह गर्दछ ।

बुद्ध ज्योति करूणाले भरिएको हृदय (फो गुआङ) तीन हजार लोक अथवा ब्रहमाण्डमा (सहालोक धातु) झल्मल्ल भएर चौंविसै घण्टा चम्किरहन्छ ।

पृथ्वीमा एक भाग, सूर्य चम्किरहेको बेला ठीक यसको उल्टो अर्को भागमा रात परेको हुन्छ भने झैं फो गुआङ शान चौबिसै घण्टा प्राणी मात्रको सेवामा खटिरहेका हुन्छन् । विश्वको एक भागमा फो



https://dhamma.digital

गुआङ शान आराम लिइरहेको बेला ठीक अर्को भागमा मानव सेवामा ब्यस्त भएका हुन्छन् ।

**बुद्धधर्मको व्यावहारिक रुपान्तरण अर्थात दैनिक जीवनमा**

१. अभ्यासमा जोड दिने । बुद्धधर्मलाई मानवीयकरण ।

२. बुद्धधर्मलाई हरेक मुलुकको संस्कृतिको मूलधारमा आवद्ध गर्ने र यसको उपस्थितिको अनुभूति गराउने ।

३. भिक्षु, भिक्षुणीहरू, उपासक, उपासिकाहरू अर्थात गृहस्थ समाज बीच एकता कायम गर्ने र अन्तरक्रिया वृद्धि गर्ने ।

४. बुद्धधर्मको क्षेत्र विस्तारित गर्ने पवित्र लक्ष्य कुनै एक्लो व्यक्ति वा संस्थाको मात्र काम नभई सामूहिक प्रयास-धार्मिक सद्भावना वा सहिष्णुताको आधारमा विभिन्न धार्मिक समुदायहरू बीच सुमधुर सम्बन्ध बढाउने ।

५. फो गुआङ शानका सदस्यहरू कुनै अर्को फो गुआङ शानका मन्दिरमा वा धार्मिक केन्द्रमा जाँदा आफ्नै घरमा पुगेको महशुश गर्ने भावना जगाउने र एक अर्कालाई त्यस्तै किसिमले स्वागत गर्ने ।

६. कुनै पनि प्रक्रिया एक्लै देखा पर्दैन भन्ने कुरालाई चिन्तन मनन गरी सबै सम्भाव्यताहरू माथि भर पर्दै फो गुआङ शानले नयाँ परिस्थिति र नवीन कुरा सृजना गर्ने ।

**फो गुआङ शानका महान पवित्र उद्देश्यहरू**

१. संस्कृतिको माध्यमद्वारा बुद्धले प्रतिपादन गर्नु भएको मौलिक धर्मलाई विश्वव्यापी गर्ने ।

२. बुद्ध शिक्षाद्वारा मानिसमा अन्तरनिहित क्षमता र भावनालाई बाहिर प्रस्फुटन गर्ने ।

३. परोपकारी कार्यद्वारा समाजलाई फाइदा पुऱ्याउने ।



https://dhamma.digital

४.	धर्म वीजारोपण र अभ्यासद्वारा मानवीय चित्तलाई परिशुद्ध गर्ने ।

**उपसंहार :**

वास्तवमा फो गुआङ शानले परम्परागत रूपमा अभ्यास गर्दै आएका बुद्धधर्मको अभ्यास, जोश जागरलाई आधुनिकताको स्वरूपसँग कस्सिलो गाँठोद्वारा अझ बढी चहक प्रदान गरेको छ ।

शाक्यमुनि बुद्धको धर्मको मौलिक स्वरूप मानवीय नै भएको । व्यक्तिको नैतिक रूपमा आन्तरिक व्यक्तित्वको उत्थान (Elevation of 'self' spiritually), स्व पहिचान (self Identification) र स्व बोध (self realization) गर्ने सक्षम बनाउनेको साथसाथै उसको अरुसँगको सम्बन्ध परिवार, समुदाय, समाज, राष्ट्र र सम्पूर्ण मानव जातिसँग कस्तो हुनुपर्दछ भन्ने कुरा सिकाउने फो गुआङ शानको आफ्नो दर्शन, सिद्धान्त र आदर्श रहेको छ ।

फो गुआङ शानले अँगालेको मानवीय बुद्धधर्मले भौतिक शरीर, मानसिक स्वास्थ्य, आर्थिक, मानवीय संवेग, आचरण, अन्तर्राष्ट्रियवाद, सामाजिक, प्रकृति र वातावरण आदि विषयमा छलफल गर्दछ, छोटकरीमा भन्दा मानवीय समग्र परिस्थिति र अवस्थाबारे चर्चा गरी यही धरतीमा नै "सुखावती" भुवनको सुख र शान्ति परिकल्पना गरेको छ । सुखावती भुवन व्यक्तिको आफ्नै अन्तकरणमा छ, बाहिर होइन । बुद्ध, धर्म र संघमा आफूलाई समर्पित गरी निरन्तर अघि बढ्न सकेमा "सुखावती भुवन" व्यक्तिको पहुँच भित्र नै छ ।

फो गुआङ शान पुण्य कमाउन, धर्म वीज छर्न, अभ्यास गर्न र मानवहरू बीच विशाल र फराकिलो सम्बन्ध स्थापना गर्न गराउन ठूलो र उत्कृष्ट मञ्च बन्न सफल भएको छ भन्दा कुनै अत्युक्ति हुनेछैन ।

फो गुआङ शान र श्रद्धेय भिक्षु सिङ्ग युनले नै स्थापना गर्नुभएको बुद्ध ज्योति अन्तर्राष्ट्रिय संघ - एउटै चराको दुईटा पखेटाहरू मानवका दुईटा पाखुराहरू (हातहरू) हुन् जसले एउटै परम लक्ष्य मानवीय बुद्ध धर्मको अभ्यासलाई जोड दिई सँगसँगै अगाडि बढ्छन् ।



https://dhamma.digital

एउटै हाँगाले रूख बन्दैन न त एउटै रूखले जङ्गल बन्दछ भन्ने कुरालाई मनन गरी हामीले बुद्ध शासनलाई सम्बर्धन गर्दै स्थायीत्व र निरन्तरताको लागि विभिन्न बौद्ध दर्शन समूहहरू मिली एक भई, हातमा हात मिलाई, कुममा कुम जोडी अगाडि बढ्नुमा नै सबैको हित र कल्याण छ भन्ने सिद्धान्त नै फो गुआङ शानले बोकेको आदर्श हो ।

**सन्दर्भ सामाग्री :**


देवकाजी शाक्य, (अ.) *Bright Star Luminous Cloud – Ven. Master Hsing Yun*

देवकाजी शाक्य, (अ.) *Humanistic Buddhism A Blueprint for Life – Venerable Master Hsing Yun*

देवकाजी शाक्य, (अ.) *The Essence of Humanistic Buddhism - Venerable Master Hsing Yun*

देवकाजी शाक्य, (अ.) *Epoch of the Buddha's Light – Venerable Master Hsing Yun*

देवकाजी शाक्य, (अ.) *The Everlasting Light – Ven. Master Hsing Yun*


Dhamma.Digital

https://dhamma.digital

https://dhamma.digital

परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

तृतीय पत्र

# समकालीन बौद्ध अभियान

## एकाइ ४ :

क) Pali Text Society

(ख) Vipassana Research Institute

Dhamma.Digital

लेखक : गुण केशरी महर्जन

https://dhamma.digital

https://dhamma.digital

# एकाइ ४ (क) : पालि टेक्स्ट सोसाइटी

## (Pali Text Society)

"पालि टेक्स्ट सोसाइटी" बेलायतमा Dr. Thomas William Rhys Davids व्दारा सन् १८८१ मा स्थापना गरिएको एक गैर नाफामुलक संस्था हो । यो संस्थाले स्थापनाकाल देखि नै बुद्धवाणि एवम् पालि ग्रन्थहरूको अध्ययनलाई प्रोत्साहन र प्रवर्द्धन गर्नका लागि बिभिन्न माध्यमबाट सेवा प्रदान गर्दै आइरहेको छ। यसको प्रमुख उद्देश्य सम्पूर्ण बौद्ध ग्रन्थहरू रोमन लिपिमा प्रकाशन गर्ने, ती ग्रन्थहरू अंग्रेजीमा अनुवाद गर्ने साथै पालि शब्दकोशहरू, व्याकरणहरू, पालि प्राइमर र जरनलहरू प्रकाशित गर्ने रहेको छ। यो सोसाइटी प्रकाशनहरूको बिक्री, सदस्यहरूको सदस्यता शुल्क (साधारण सदस्य र प्रायोजन सदस्य) र दाताहरूको दानमा निर्भर रहेको छ। पाली ग्रन्थहरूको अध्ययनमा रुचि राख्ने जो कोही यसको सदस्य बन्न सक्दछ। प्रत्येक वर्ष कम्तिमा दुईवटा नयाँ पुस्तकहरू र सकेसम्म हरेक बर्ष जरनलको प्रकाशन गर्ने लक्ष्य राखेको छ । यसले प्रकाशन गतिविधिहरूको साथसाथै विश्वभर पालि अध्ययनको क्षेत्रमा काम गर्ने विद्वानहरूलाई सहयोग गर्न र अनुसन्धानमा अनुदान पनि प्रदान गर्दछ ।

पालि टेक्स्ट सोसाइटीका संस्थापक, पाली भाषाका विद्वान Dr. Thomas William Rhys Davids को जन्म मे १२, १८४३ मा इङ्गलैण्डमा भएको थियो। वहाँ सन् १८६४ मा २१ बर्षको उमेरमा इङ्गलैण्डबाट एक सिविल कर्मचारीको रूपमा श्रीलंकामा पुग्नु भएको थियो। सोही समयमा इङ्गलैण्डका अर्का एक विद्वान च्यदभचत ऋबभकगच ऋजषमिभचक पनि सिविल कर्मचारीको रूपमा श्रीलंका पुग्नु भएको थियो । वहाँहरू दुबै जना श्रीलंकामा भईरहेको बुद्ध धर्मको पुनरुत्थानको लहरबाट प्रभावित भई बुद्ध धर्ममा आकर्षित भएका थिए । Dr. T. W. Rhys Davids ले



https://dhamma.digital

“विध्योदय परिवेण“का संस्थापक, प्रधानाचार्य हिक्कडुवे सुमंगल स्थविरसँग पालि एवं बौद्ध साहित्यको अध्ययन शुरू गर्नुभयो र आठ बर्षको श्रीलंका प्रवासको दौरान पालि भाषामा विशेष दखल हासिल गर्नु भएको थियो । सो अवधिभित्र सन् १८७२ मा Dr. T. W. Rhys Davids ले Robert Caesur Childers लाई पालि भाषाको शब्दकोष (Dictionary या the Pali Language) पहिलो भाग तयार गरि प्रकाशित गर्ने काममा सघाउनु भएको थियो । त्यस्तै सन् १८७८ मा उहाँले “A Manual of Buddhism" तयार गर्नु भई प्रकाशन गर्नु भएको थियो ।

त्यसबेला Robert Caesur Childers को निर्वाण सम्बन्धि एक लेख प्रकाशित हुँदा निकै विवाद उठेकोमा Dr. T. W. Rhys Davids ले स्पष्टिकरणको रूपमा बुद्ध धर्मको परिपक्व ज्ञानद्वारा राम्ररी विवेचना गरि “Buddhism” नामक पुस्तक सन् १८७८ मा प्रकाशित गर्नु भएको थियो । त्यसपछि पुनर्जन्मको बारेमा स्पष्ट रूपमा विवेचना गरेको ग्रन्थ “निदान कथा“ अंग्रेजीमा अनुवाद गरि प्रकाशित गरेका थिए । सन् १८८१ मा Hermann Oldenburg का साथ पालि विनय पिटकलाई ३ खण्डको रूपमा अनुवाद गर्नुभई पहिलो भाग प्रकाशन गर्नुभयो ।

बुद्धधर्म सम्बन्धि हुने अनेकौं विवादलाई स्पष्ट रूपमा निर्णय दिन सामर्थ हुनु भएकोले वहाँप्रति बौद्धहरू प्रभावित हुँदै आएको थियो । वहाँबाट बुद्ध धर्मको प्रवचन/व्याख्यान सुन्न सन् १८८१ मा उहाँलाई अमेरिकामा निमन्त्रणा गरिएको थियो । अमेरिका जानु अगाडि सन् १८८१ मा पालि ग्रन्थहरूको अध्ययनलाई प्रोत्साहन र प्रवर्द्धन गर्न लण्डनमा आफ्नै अध्यक्षतामा ५ सदस्य “पालि टेक्स्ट सोसाइटी“ (Pali Text Society) सन् १८८१ मा स्थापना गरेका थिए ।



https://dhamma.digital

**प्रकाशनहरू:**

यस सोसाइटीले बिभिन्न शिर्षक अन्तर्गत पुस्तकहरू प्रकाशन गर्दै आएको छ। ती यस प्रकार रहेका छन्।

१. **The Books of the Pāli Canon (Tipiṭaka)**

पालि तिपिटकका ९१ वटा ग्रन्थहरू प्रकाशित भएका छन्।

२. **The Pali Canon (Tipitaka) its commentaries (Attakatha)**

पालि ग्रन्थका २६ वटा अट्ठकथाहरू प्रकाशित भएका छन्।

३. **Texts in Pali – Commentaries –**

जम्मा ५५ पुस्तकहरू प्रकाशित भएका छन्।

४. **Translations:**

पालि तिपिटकका ७४वटा ग्रन्थहरू अनुवाद गरी प्रकाशित भएका छन्।

५. **Journal:**

पाली टेक्स्ट सोसाइटीको जर्नल (JPTS) मूल रूपमा सन् १८८२ र सन् १९२७ को बीचमा प्रकाशित भएको थियो। यसलाई सन् १९८१ मा पुनः प्रकाशन थालनी गरिएको थियो। पाली अध्ययनको क्षेत्रमा नवीनतम अनुसन्धानलाई प्रोत्साहनगर्ने उद्देश्यले वार्षिक रूपमा जर्नल प्रकाशित गर्दै आएको छ। सोसाइटीको स्थापनाकालदेखि हालसम्म प्रकाशित भएका जरनलहरू (Journal Vol. 1, 1882 देखि Journal Vol. 34, 2021) https://palitextsociety.org/journals–of–the–pali–text–society–free–downloads/वेबसाइटबाट निःशुल्क डाउनलोड गरी अध्ययन गर्न सकिने सुबिधा उपलब्ध छ।

६. **Pāli Canon in English Translation – Complete Set**

यसमा पालि तिपिटकका विनयपिटक - ६ वटा, सुत्तपिटक - २० वटा र अभिधम्मपिटक - १० वटा गरी जम्मा ३६ वटा पुस्तकहरू उपलब्ध छन्।



https://dhamma.digital

७. **Pāli Canon in Pāli (Tipiṭaka) - Complete Set**

यसमा पालि तिपिटकका विनयपिटक - ६ वटा, सुत्तपिटक - ३८ वटा र अभिधम्मपिटक - ११ वटा गरी जम्मा ५५ वटा पुस्तकहरू उपलब्ध छन् ।

८. **A Dictionary of Pali online :** हालै मात्र (28 March 2024 मा) पाली टेक्स्ट सोसाइटीले gandhari.org (Margaret Cone) वेबसाइटमा शब्दकोश (A Dictionary of Pāli) सबैका लागी निःशुल्क उपलब्ध गरेको छ । साथै यस वेबसाइटमा पाली टेक्स्ट सोसाइटीको पालि-अंग्रेजी शब्दकोश (T. W. Rhys Davids and William Stede) र प्राचीन दक्षिण एसियाली भाषाहरूको अन्य शब्दकोशहरू पनि एकै स्थानमा समावेश गरेका छन्।

साथै यस साइटमा "Catalog of Gandhari Texts" (Stefan Baums and Andrew Glass) अन्तर्गत बिभिन्न देशहरूमा प्राप्त Inscriptions, Manuscripts, Document and Coin हरू संग्रहित गरेका छन्।

**सदस्यताः**

पालि टेक्स सोसाइटीले तीन प्रकारका सदस्यता प्रदान गर्ने गर्दछ । पाली ग्रन्थहरूको अध्ययनमा रुचि राख्ने सबैलाई सदस्यता प्रदान गर्दछ। सबै सदस्यहरूले प्रत्येक सेप्टेम्बरमा लन्डनमा हुने वार्षिक साधारण सभामा उपस्थित हुन र भोट दिन सक्छन् र सोसाइटीका कुनै पनि प्रकाशनहरूको खरिदमा २०% सम्म छुट प्राप्त गर्न सक्छन् । सदस्यहरूले सोसाइटीका नियमहरू र वार्षिक न्यूजलेटर प्राप्त गर्छन् । इमेल ठेगाना प्रदान गर्ने सदस्यहरूलाई हरेक नयाँ प्रकाशनहरूको सूचना पनि उपलब्ध गराउने गर्दछ ।

१. प्रायोजक सदस्यले एक वर्षको लागि वा पाँच वर्षको लागि एकमुष्ट भुक्तानी गरी सदस्यता हुन सकिन्छ । प्रायोजक सदस्यले प्रत्येक वर्ष एक भोल्युम न्युजलेटर निःशुल्क प्राप्त गर्छन्।



https://dhamma.digital

२. एक वर्षको लागि वा पाँच वर्षको लागि एकमुष्ट भुक्तानी गरी साधारण सदस्य हुन सकिन्छ ।

३. आजीवन सदस्यले एकपटक शुल्क भुक्तानी गरी सदस्यता प्राप्त गरेपछि प्रत्येक वर्ष एक भोल्युम न्युजलेटर निःशुल्क (र पोस्ट-फ्री) प्राप्त गर्छन् ।

पालि टेक्स्ट सोसाइटीका प्रकाशनहरू https://palitextsociety.org वेबसाइट मार्फत अनलाइन खरीद गर्न सकिने सुबिधा दिएको छ । साथै उक्त वेवसाइटमा पालि टेक्स सोसाइटीका प्रकाशनहरू बाहेक पालि भाषा र त्यससित सम्बन्धित अन्य साहित्यहरू, पालि भाषाको अभ्यास, पालि ग्रन्थहरूको संक्षिप्त रूपहरू (Abbreviations या Pali texts) आदि पनि उपलव्ध छन् ।

**सोसाइटीको योजनाः**

१. **Project to Digitize Myanmar Manuscripts:-** सन् 2013 को फेब्रुअरी देखि पाली टेक्स्ट सोसाइटी, यूके, र जापानका प्रोफेसर युमी ओसाकाले उठाएको अनुदान सहयोगबाट म्यानमारका चैत्य र विहारहरूबाट प्राप्त ताड-पात्र पाण्डुलिपि र parabaiks को फोटो खिच्ने काम सुरु गरिएको छ ।

२. **The Fragile Palm Leaves Foundation:-** क या ा ि म ब, ज विश्वविद्यालयको एसियाली र मध्य पूर्वी अध्ययनको संकायले पाली टेक्स्ट सोसाइटीसँग सम्बन्धित अभिलेख राख्छ। सन् १९९४ मा पाली टेक्स्ट सोसाइटीले दक्षिणपूर्व एशियाका बौद्ध पाम-लीफ पाण्डुलिपिहरू सूचीकृत र संरक्षण गर्ने प्रयासको रूपमा फ्रेगाइल पाम लीभ्स परियोजनाको लागि दर्ता गरिसकेको छ ।

पाली टेक्स सोसाइटीको स्थापनादेखि हालसम्म अध्यक्षको कार्यभार सम्हाली सेवा गर्नु हुने अध्यक्षहरू निम्न अनुसार रहेका छन् :

१. १८८१ - १९२२ Thomas W. Rhys Davids (1843 – 1922)



https://dhamma.digital

| | | |
|---|---|---|
| २. | १९२२ - १९४२ | Caroline A. F. Rhys Davids (1857 – 1942) |
| ३. | १९४२ - १९५० | William H. D. Rouse (1863 – 1950) |
| ४. | १९५० - १९५८ | William Stede (1882– 1958) |
| ५. | १९५९ - १९८१ | Isaline Blew Horner (1896 – 1981) |
| ६. | १९८१ - १९९४ | Kenneth R. Norman (1925 – 2020) |
| ७. | १९९४ - २००२ | Richard Gombrich (1937 – ) |
| ८. | २००२ - २००३ | Lance Cousins (1942 – 2015) |
| ९. | २००३ | Rupert Gethin (1957 – ) |

Dhamma.Digital



https://dhamma.digital

# एकाइ ४ (ख) विपश्यना रिसर्च इन्स्टिच्युट (VRI)

विपश्यना रिसर्च इन्स्टिच्युट (विपश्यना विशोधनी विन्यास) विपश्यना ध्यानको सैद्धान्तिक र अभ्यासमा वैज्ञानिक अनुसन्धान गर्न स्थापना गरिएको संस्था हो। विपश्यना ध्यान मन र शरीरको अवलोकन र अन्वेषण गर्ने एक प्रविधि हो । यो प्रविधिले मनको शुद्धिकरणमा डोऱ्याउँछ र व्यक्तिको मनोवृत्ति, व्यवहारमा अनि सम्पूर्ण समाजमा ठूलो परिवर्तन ल्याउनसक्छ । शिक्षा, स्वास्थ्य, संगठन, व्यवस्थापन र सामाजिक परिवर्तनका लागि यो एक सशक्त प्रविधि हो । विपश्यना २५५० वर्षभन्दा बढीको अवधि पछि पुनर्जीवित भएको छ ।

VRI ले बुद्धका शिक्षाहरू, बुद्धको समयमा र अहिलेको जीवनका विभिन्न पक्षहरूमा पारेको प्रभावको बारेमा प्राज्ञिक अनुसन्धान र व्यावहारिक अनुसन्धान गर्ने र सबै सम्बन्धित समसामयिक साहित्यहरूको तुलनात्मक अध्ययन गरि तथ्याङ्कहरू उपलब्ध गराउने काम गरेको छ। आजका अनुसन्धानकर्ताहरूको लागि एकेडेमिक अनुसन्धान गर्न त्रिपिटक विपश्यना विन्यासका स्रोतहरूले अन्वेषणमा ठूलो मद्दत पुगेको छ ।

Dhamma.Digital

### (१) त्रिपिटक र अन्य सम्बद्ध साहित्यको प्रकाशन

पालि साहित्य र यसका अर्थकथा, टिका र अनुटिकाहरू अनुसन्धानको लागि मुख्य स्रोत सामग्रीहरू हुन् । त्रिपिटकको एक प्रमाणिक संस्करण, यसको अर्थकथा, टिका र अनुटिका देवनागरी लिपिमा हुनु आवश्यक थियो । अनुसन्धानको लागि यो आधारभूत आवश्यकता हासिल गर्न, अर्थात् सामग्रीको उपलब्धताको लागि, VRI ले सम्पूर्ण पालि त्रिपिटक, यसको अर्थकथा, टिका र अनुटिका संकलन, सम्पादन र प्रकाशनको विशाल काम गरेको थियो ।

(क) संस्थानले यसको प्रकाशनको लागि बर्मेली लिपिमा सन् १९५४ मा बर्माको छैठौं संगायनमा संग्रह गरिएको प्रमाणिक संस्करणलाई



https://dhamma.digital

आधार लिएको थियो । सो काममा भारत, नेपाल र अन्य देशका विद्वान भिक्षुहरू र बर्माका शोधकर्ताहरू सहित पालि विद्वानहरूले सहयोग गरेका थिए ।

(ख) सम्पूर्ण पालि साहित्य १४० खण्डहरूमा प्रकाशित भएको छ र प्रत्येक खण्डमा ४०० पृष्ठहरू छन् ।

(ग) १४० खण्डहरूमा सम्पन्न र प्रकाशित कार्यमा निम्न मुख्य विशेषताहरू छन् :

- प्रत्येक खण्डमा पदहरूको अनुक्रमणिका बाहेक सान्दर्भिक शब्दहरू र विस्तृत अनुक्रमणिका समावेश भएका छन् ।
- बुद्धका शिक्षाहरू बुझ्नको लागि महत्वपूर्ण विपश्यना, सति र सम्पजञ्ञका सन्दर्भहरू हाइलाइट गरिएका छन् ।

(घ) पालि टेक्स्ट सोसाइटी, लन्डनको रोमन संस्करण र म्यानमार संस्करणको पृष्ठ सन्दर्भहरू पनि दिइएको छ ।

(ङ) अनलाइन तथा कम्प्युटर प्रयोगको लागि छट्ठ संगायनमा आधारित कम्प्याक्ट डिस्क (सीडी) पनि तयार गरिएको थियो । ग्रन्थहरूको १४० खण्डहरू बाहेक, केही थप पुस्तकहरू सीडीमा प्रविष्ट गरिएको छ । यसका केही मुख्य विशेषताहरू तल दिइएको छ ।

(अ) पाठहरू देवनागरी लिपिमा मात्र नभई निम्न ६ वटा लिपिहरूमा पनि हेर्न सकिन्छ : रोमन, सिंहली, थाई, कम्बोडियन, मंगोलियन र बर्मी ।

(आ) सम्बन्धित अर्थकथा, टिका र अनुटिकामा सजिलै पहुँच गर्न सजिलो लिंकिङ सुविधा प्रदान गरिएको छ ।

(इ) सीडीमा पालि-हिन्दी शब्दकोश पनि समावेश छ जसले शब्दकोश आइकन मार्फत पालि शब्दहरूको अर्थ दिन्छ ।

(ई) कुनै पनि शब्द वा वाक्यांश सजिलैसँग खोज्न सकिने र कुनै पाठमा कुनै शब्द कति पटक आउँछ र विभिन्न सन्दर्भमा त्यसको उपस्थिति देखाउन सकिने गरि प्रोग्रामिङ गरिएको छ । यो अनुसन्धानकर्ताको लागि एक शक्तिशाली साधन हो ।



https://dhamma.digital

(उ) यसलाई वेब्स् www.tipitaka.org बाट पनि निःशुल्क डाउनलोड गर्न सकिन्छ।

यसरी VRI ले बुद्धका शब्द र साहित्यलाई अनुसन्धानकर्ताहरूका लागि पहुँचयोग्य बनाउन त्रिपिटकको प्रकाशनबाट सुरु गरेको हो। VRI ले भारतीय र विदेशी विद्यार्थीहरूलाई एकैसाथ पालि भाषामा गहन आवासीय आधारभूत र प्रशिक्षण दिने काम पनि गर्दै आएको छ। यससँगै पालिमा साप्ताहिक रूपमा सञ्चालन हुने गैरआवासीय पाठ्यक्रमहरू पनि तय गरिएको छ।

भारत सरकारले विपश्यनाको प्रशिक्षण र पालि शिक्षाको लागि यस संस्थानलाई आफ्नै प्रकारको एक मात्र संस्थानको रूपमा मान्यता दिएको छ, जसले विपश्यनाको अभ्याससँग सैद्धान्तिक सिद्धान्तहरूलाई एकिकृत गर्दछ। पालि भाषा र साहित्यमा विद्वानहरूको ठूलो अभाव छ र यसरी अनुसन्धान परियोजनाहरू अगाडि बढाउन पालि विद्वानहरूलाई तयार गर्न VRI को योगदान अपरिहार्य भएको छ।

दर्शन विभाग, मुम्बई विश्वविद्यालयले VRI सँगको सहकार्यमा शैक्षिक वर्ष सन् १९९९ बाट "डिप्लोमा इन बुद्धिस्ट स्टडीज" र "विपश्यना सिद्धान्त र अभ्यास" नामक शिक्षण पाठ्यक्रम सुरु गरेको थियो। VRI ले विपश्यना ध्यानको उत्पत्ति, विकास, शिथिलता र पुनरुत्थानको ऐतिहासिक अध्ययन गरिरहेको छ। त्यस्तै पालि त्रिपिटक र वेद, उपनिषद, जैन धर्म आदिका प्राचीन भारतीय साहित्य बीचको तुलनात्मक अध्ययनमा पनि लागि नै रहेको छ। केही अनुसन्धानका क्षेत्रहरू दैनिक जीवनका विभिन्न पक्षहरूमा विपश्यनाको प्रभावमा आधारित छन्। पालि र बौद्ध अध्ययन सिकाइने विभिन्न संस्थान र विश्वविद्यालयहरूमा अनुसन्धान स्रोतसामग्री तथा पाठ्यक्रमको निम्ति VRI एक अनिवार्य अध्ययन सामग्री जस्तै बनिसकेको छ।

## व्यावहारिक अनुसन्धान

VRI को प्रयास भनेको विपश्यना अभ्यासले स्वास्थ्य (शारीरिक र मानसिक) मा धेरै लाभकारी प्रभावहरू स्थापित गर्न वैज्ञानिक आधार



https://dhamma.digital

प्रदान गर्नु हो । वयस्क वा बच्चाहरू बाहेक लागूपदार्थ दुर्व्यसनी, कैदीहरू र मनोवैज्ञानिक रोगबाट पीडित व्यक्तिहरू, उच्च रक्तचाप जस्ता रोगहरू लागेकाहरूमा अनुसन्धान गरिएको हुन्छ । यसबाहेक विपश्यनाको माध्यमद्वारा मनोवृत्ति परिवर्तन, तनाव र तनाव व्यवस्थापन गर्न, व्यक्तिमा करुणा र समानता जस्ता गुणहरू विकास गर्न, कर्तब्य र जिम्मेवारी निर्वाहमा इमान्दारी र दक्षता प्रवर्द्धन गर्नको लागि धेरै प्रभावकारी औजार भएको देखिन्छ ।

## शरीर र दिमागमा विपश्यना ध्यानको प्रभाव

VRI ले विपश्यना इन्टरनेशनल एकेडेमी (VIA), धम्मगिरि, इगतपुरीसँगको सहकार्यमा व्यक्तिको शरीर र दिमागमा विपश्यना ध्यानको प्रभावको अध्ययन गरिरहेको छ । VIA ले नियमित प्रयोगात्मक पाठ्यक्रमहरू सञ्चालन गर्दछ र विभिन्न उमेर समूहका विद्यार्थीहरू जात, धर्म, रंग, लिङ्ग र राष्ट्रियताको भेदभाव नगरि भाग लिन्छन् ।

## अनुसन्धान निष्कर्षहरूको प्रसार

हिन्दी, अंग्रेजी र अन्य भारतीय तथा विदेशी भाषाहरूमा विपश्यना पुस्तक र सीडीहरू प्रकाशित भएको छ । यस संस्थाले ध्यान गर्नेहरूको प्रत्यक्ष अनुभवमा आधारित ज्ञान र जानकारीलाई विश्व समुदायमा प्रसारण गर्ने लक्ष्य राखेको छ। विपश्यना ध्यानको अनुसन्धान र अध्ययन प्रभावका लागि पहिचान गरिएका चार क्षेत्रहरू स्वास्थ्य, शिक्षा, सामाजिक परिवर्तन र संगठन व्यवस्थापन हुन् ।

## स्वास्थ्य सम्बन्धि अध्ययन

विभिन्न मनोवैज्ञानिक विकारहरू, व्यक्तित्व विकास, रक्सी र लागूपदार्थको दुरूपयोग र लतविरुद्ध सकारात्मक परिवर्तनको उपायको रूपमा यसले लाभकारी भूमिका स्थापित गरेको छ । विपश्यनामा रहेको चिकित्सामय गुणको प्रभावकारितालाई औँल्याउँदै शारीरिक र मानसिक दुवै किसिमका विभिन्न स्वास्थ्य विकारहरूबाट पीडित व्यक्तिहरूले



https://dhamma.digital

छुटकारा पाएको अनगिन्ती रिपोर्टहरू उपलब्ध छन् । यस बाहेक, यो प्रविधिले योग, प्राकृतिक चिकित्सा, होमोप्याथी, आयुर्वेद, एलोप्याथी, आदि जस्ता विविध विषयहरूमा निको पार्नेहरूसँग रिपोर्ट तयार पार्ने स्वीकृति पाएको छ ।

## शिक्षा र विपश्यना

विपश्यना एक वैज्ञानिक र धर्मनिरपेक्ष प्रविधि भएकोले यसलाई सानै उमेरदेखि विद्यार्थीको व्यक्तित्व विकास, भावनात्मक र आध्यात्मिक आयामहरू विकास गर्न, उसलाई सन्तुलित, आत्मविश्वासी र खुसी मानव बन्नको लागि एक आदर्श साधनको रूपमा प्रयोग गर्न सकिन्छ । सन् १९८६ देखि भारतमा बाल पाठ्यक्रमहरू सञ्चालन भइरहेका छन् र वर्षौंदेखि उनीहरूले नेपाल र विदेशमा पनि यस कार्यलाई निरन्तरता दिइरहेका छन् ।

## सामाजिक परिवर्तनः

व्यक्तित्व र पारस्परिक सम्बन्ध आदिमा विपश्यनाको सकारात्मक प्रभावबारे धेरै वैज्ञानिक अध्ययनहरू भएका छन् । अखिल भारतीय आयुर्विज्ञान संस्थानमा गरिएको अनुसन्धानले विपश्यना ध्यानले व्यक्तिको भावनामाथि नियन्त्रण बढाउँछ भन्ने कुरा स्थापित गरेको छ । त्यस्तै क्रोध, तनाव, बदला र असहायताको भावनामा कमी, लागूपदार्थको लत, न्यूरोटिक र मनोवैज्ञानिक लक्षणहरू पनि कम भएको पत्ता लागेको छ ।

साथै कारागारमा विपश्यना ध्यान अभ्यास गर्ने कैदीहरूले काम गर्न, अन्य उपचार कार्यक्रमहरूमा भाग लिन, कारागारका नियमहरूको पालना गर्न र कारागारका अधिकारीहरूसँग सहकार्य गर्न बढ्दो इच्छा देखाएका थिए । धम्म तिहार केन्द्र, नयाँ दिल्लीको उल्लेखनीय उदाहरणले विश्वभरका धेरै जेलहरूलाई विपश्यना ध्यानलाई पुनर्वासको उपकरणको रूपमा प्रयोग गर्न आकर्षित गरेको छ । युनिभर्सिटी अफ वाशिंगटनको सहयोगमा गरिएको अध्ययनले विपश्यना अभ्यास गर्ने जेलका कैदीहरूको पुनरावृत्तिमा उल्लेखनीय कमी आएको संकेत गरेको



https://dhamma.digital

थियो । सियाटल, वाशिंगटनको उत्तरी पुनर्वास सुविधा (NRF) को जेल कर्मचारीहरूले विपश्यना पाठ्यक्रम पूरा गर्नेहरू शान्त, अनुशासित र व्यावहारिक भएको पत्ता लगाएका थिए । यी सबै अनुसन्धानको नतिजा स्वरूप अहिले अमेरिका, स्पेन, मेक्सिको, थाइल्याण्ड, ताइवान र न्यूजिल्याण्डका जेलहरूमा विपश्यनाको अभ्यास भइरहेको छ ।

## संगठन व्यवस्थापन विकास

विभिन्न क्षेत्रहरूमा बढ्दो मानसिक चापलाई न्यूनीकरण गर्न एउटा पाठ्यक्रमलाई विशेष गरि व्यावसायिक करियरको माग र तनावपूर्ण जीवनशैलीलाई मध्यनजर गरि तयार पारिएको थियो । यसलाई उच्च पदस्थ सरकारी अधिकारी र व्यवसायीहरूले राम्रोसँग स्वीकार गरेका छन् । यस कार्यक्रम अन्तर्गत विपश्यनामा कर्मचारीहरूलाई बढी तालिम दिइएको छ । यो ताइवान र चिनियाँ देशवासीहरूको लागि मान्डरिन भाषामा आयोजित गरिएको थियो । त्यस्ता पाठ्यक्रमहरू मार्फत जनसंख्याको यस खण्डलाई सम्बोधन गर्ने र कर्पोरेट व्यवस्थापनको यस विशाल क्षेत्रमा परिणामहरूको विश्लेषण गर्ने यो VRI द्वारा जारी प्रयास हो । सिम्बायोसिस र पुनेको साधना इन्स्टिच्युट जस्ता धेरै व्यवस्थापन संस्थानहरूले आफ्नो पाठ्यक्रमको अंशको रूपमा १० दिने विपश्यना पाठ्यक्रम बनाएका छन् ।

महाराष्ट्र सरकारले सन् १९९६ देखि राज्य सरकारी अधिकारीहरूलाई विपश्यना परिचय गराउन अग्रगामी भएको छ । सन् २००३ देखि, सरकारले राज्य सरकारका सबै कर्मचारीहरूलाई विपश्यना पाठ्यक्रममा भाग लिन १४ दिनको बिदा दिइरहेको छ । महाराष्ट्र सरकारद्वारा विपश्यनाको राम्रो प्रभावको मान्यता यति स्पष्ट छ कि बच्चाहरूको पाठ्यक्रमको गतिविधिको एक भागको रूपमा यसलाई मुम्बईका स्कूलहरूमा समेत समावेश गरिएको छ । विद्यालयहरूलाई यी पाठ्यक्रमहरू सञ्चालन गर्न VRI बाट सहयोग लिन भनिएको छ । यस संस्थाले राज्यभरका दुई करोडभन्दा बढी बालबालिकालाई तालिम दिने लक्ष्य राखेको छ ।



https://dhamma.digital

परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष
तृतीय पत्र

# समकालीन बौद्ध अभियान

## एकाइ ५ :

(क) नवयान

(ख) बौद्ध आधुनिकतावाद

(ग) गृहस्थ बौद्ध अभियान

Dhamma.Digital

https://dhamma.digital

https://dhamma.digital

# एकाई ५ (क) : नवयान (Neo Buddhism)

## भीवराव अम्बेडकर : नवयानका प्रत्युत्पादक

भीवराज रामजी अम्बेडकर (१४ अप्रिल १८९१ - ६ डिसेम्बर १९५६) बहु प्रचलित नाम बाबासाहेब, एक भारतीय कानुनविद, राजनैतिक नेता, दार्शनिक, मानवशास्त्री, इतिहासकार, वक्ता, अर्थशास्त्री, शिक्षक, सम्पादक, लेखक, क्रान्तिकारी तथा भारतमा बुद्धधर्मको पुनर्जागरणकारी थिए। उनी भारतीय स्वतन्त्र संग्राम पश्चातको संविधानका प्रमुख कालीगढ पनि थिए । गरिब महर (एक अछुत जात) को परिवारमा जन्मिएका अम्बेडकरले सामाजिक भेदभाव विरुद्ध अभियान चलाए । विद्यमान चर्तुवर्ण पद्धति (हिन्दु समाजलाई तथाकथित चार वर्णहरूमा विभाजन गर्ने) र समग्र जाति प्रथा विरुद्ध उनले आफैलाई (बुद्ध धर्मावलम्बीमा) परिवर्तन गरेर लाखौं अन्य अछुत (अर्थात दलित) हरूलाई पनि बुद्धधर्म अवलम्बन गर्न बलियो प्रेरणा दिए। उनी १९९० मा भारतको सर्वोच्च नागरिक पदवी 'भारत रत्न' बाट सम्मानित भएका थिए ।

## बुद्धधर्मप्रति श्रद्धाको विकास

हिन्दुत्वले जातीय अन्यायलाई निरन्तरता दिने भन्दै उनले सन् १९३५ को अक्टोबर १३ का दिन एक सम्मेलनका बीच आफु हिन्दुको रूपमा मृत्युवरण नगर्ने घोषणा गरेका थिए । यसै सन्दर्भमा विभिन्न सम्प्रदाय तथा धर्मका नेताहरूले उनलाई भेट गरे र दलितहरूको धर्म के हो र धर्म परिवर्तन गर्ने नगर्नेबारेमा व्यापक छलफलहरू भए ।

सन् १९३६ मे २२ का दिन लखनउमा एक "सर्व धर्म सम्मेलन" को आयोजना गरिएको थियो। प्रमुख भारतीय दलित नेता जगजीवनराम लगायतले यसमा भाग लिए । तर अम्बेडकर यसमा सहभागी हुन



https://dhamma.digital

पाएनन वा सकेनन् । चर्चित दलितहरूलाई आफ्नो धर्मतर्फ ल्याउन इस्लाम, इसाई, सिख तथा बौद्ध प्रतिनिधिहरूले उक्त सम्मेलनमा सक्दो कोशिस गरेका थिए ।

सन् १९३६ जुन १० मा बौद्ध भिक्षु लोकनाथले अम्बेडकरलाई दादरस्थित उनकै निवासमा भेटे र बुद्धधर्म अँगाल्न प्रेरित गरे । एक पत्रकारलाई अन्तर्वार्ता दिंदै लोकनाथले बताए कि अम्बेडकर बौद्ध धर्मबाट प्रभावित भएका छन् र उनी आफु मात्र होइन, अरु दलितहरूलाई पनि बुद्धधर्ममा लान चाहन्छन् । ती पीडित वर्गलाई समर्पण गर्दै उनले 'बुद्धधर्मले तिमीलाई स्वतन्त्र तुल्याउँछ' (Budhism will make you free) शिर्षकको एक पर्चा सिलोनमा रहेको उनको छापाखानाबाट छपाए ।

**अम्बेडकरको धर्म परिवर्तन :**

बुद्धधर्म नै सारा दलितहरूको समानताको एउटै उपाय हो भन्ने बारेमा श्रृंखलावद्ध रूपमा पुस्तक तथा लेखहरूको प्रकाशन गरे पश्चात सन् १९५६ को अक्टोबरको १४ मा नागपुरको दीक्षाभूमि भन्ने स्थानमा उनले आफूलाई सार्वजनिक रूपले बौद्ध धर्म अनुयायीमा रूपान्तरण गरे ।

उनले प्रसिद्ध बौद्ध भिक्षु भद्दन्त उ. चन्द्रमणि महास्थविरबाट (प्रचलित बौद्ध परम्परा बमोजिम) त्रिशरण गमन र पञ्चशील ग्रहण गरे । अनि त्यसै क्षण उनले आफ्ना छ लाख दलित अनुयायीहरूलाई त्यसरी नै त्रिशरण गमन तथा पञ्चशील ग्रहण पनि गराए । यसबाट ती छ लाख उपस्थित दलितहरू एकै अवसरमा हिन्दुधर्मको दासमय कुप्रथाबाट सदाका लागि उत्मुक्त भै अन्य मानिसहरू समान साधारण मानिस बनेका थिए । उनले आफ्नो ऐतिहासिक पुस्तक 'बुद्ध र वहाँको धर्म' को लेखन पुरा गरे, र त्यसको दुई महिना नबित्दै आफ्नो चोला समाप्त गरे ।



https://dhamma.digital

## नवयान (Neo-Buddhism)

नवयान भनेको भारतको एउटा आधुनिक बौद्ध परिवर्तनकारी अभियान हो । सन् १९५४ मा २० औं शताब्दीका यी अति प्रभावशाली दलित नेता अम्बेडकरले आफू र आफ्ना ६ लाख सहजातिहरूका साथमा बौद्ध धर्मावलम्बीमा परिणत गरेसँगै नवयानको महान शुरुवात भएको थियो ।

Deekshabhoomi Stupa in Nagpur where Ambedkar converted to Buddhism.



(फोटो : नागपुरको दीक्षाभूमि स्तुप जसको प्रांगणमा अम्बेडकरले आफूलाई बौद्ध धर्मावलम्बीमा परिवर्तन गरेका थिए ।)

## बुद्धधर्मको विशिष्ट व्याख्या :

अम्बेडकरले प्रचारमा जोड दिएको बुद्धधर्म खास गरी थेरवादी सम्प्रदायमा आधारित छ । तर महायानी तथा बज्रयानी परम्पराहरूबाट पनि धेरै प्रभावित छ ।

बुद्धधर्मलाई विभिन्न दृष्टिकोणहरूबाट व्याख्या गरिएको छ । तीमध्ये प्रमुखमा, शाक्यमुनि बुद्धलाई आध्यात्मिक नेता मात्र नभै राजनीतिक र सामाजिक सुधारकर्ताको रूपमा प्रस्तुत गर्नुमा जोड दिइएको छ ।



https://dhamma.digital

## अम्बेडकरका बाईस बौद्ध शिक्षापदहरू :

आफुले प्रव्रज्या ग्रहण गरिसकेपछि अम्बेडकरले आफ्ना अनुयायीहरूलाइृ धम्म दीक्षा प्रदान गरे । सो समारोहमा त्रिरत्न र पञ्चशील ग्रहण गरेका सबै अनुयायीहरूलाई बाइस शिक्षापदहरू पनि प्रदान गरे । सन् १९५६ अक्टोबर १६ का दिन अम्बेडकरले अर्को विशाल धर्म परिवर्तन समारोह पनि सम्पन्न गरे ।



(चित्र : दीक्षाभूमि नागपुरमा २२ शिक्षापदहरू अंकित अभिलेख)

### २२ शिक्षापद (प्रतिज्ञा) हरू

१. म ब्रह्मा, बिष्णु र महेशमा कुनै विश्वास गर्दिन र न म उसको पूजा नै गर्नेछु ।

२. म राम र कृष्ण, जो भगवानको अवतार मानिन्छन्, मा कुनै आस्था राख्ने छुइन र न म उसको पूजा नै गर्नेछु ।

३. म गौरी, गणपति र हिन्दुहरूको अरु कुनै देवी-देवताहरूमा आस्था राख्ने छुइन र न म उसको पूजा नै गर्नेछु

४. म भगवानको अवतारमा विश्वास गर्ने छुइन

५. म यो मान्दिन र मान्ने पनि छुइन कि भगवान बुद्ध विष्णुको अवतार थिए, म यसलाई पागलपन र झुठा् प्रचार-प्रसार मान्दछु



https://dhamma.digital

६. म श्राद्धमा भाग लिने छुइन र न पिंड-दान नै दिनेछु
७. म बुद्धका सिद्धान्तहरू र उपदेशहरूको उल्लंघन हुने गरी कुनै काम गर्ने छुइन
८. म ब्राह्मणहरू मार्फत कुनै पनि काम गराउने छुइन
९. म मनुष्य बीचको समानतामा विश्वास गर्दछु
१०. म समानता स्थापित गर्ने प्रयास गर्नेछु
११. म बुद्धको आष्टांगिक मार्गको अनुसरण गर्नेछु
१२. म बुद्धले निर्धारण गर्नुभएको दश पारमिताहरूको पालना गर्नेछु
१३. म सबै जीवित प्राणिहरूप्रति दया राख्नेछु र तिनको रक्षा गर्नेछु
१४. म चोरी गर्ने छुइन
१५. म झुटो बोल्ने छुइन
१६. म कामुक पापहरू गर्ने छुइन
१७. म मदिरा, ड्रग जस्ता मादक पदार्थहरूको सेवन गर्ने छुइन
१८. म महान आष्टांगिक मार्ग पालनको प्रयास गर्नेछु र दैनिक जीवनमा सहानुभुति तथा प्रेमपूर्ण दयालुताको अभ्यास गर्नेछु
१९. म हिन्दु धर्मको त्याग गर्दछु जुन मानवताको लागि हानिकारक छ एवं उन्नति र मानवताको विकासमा बाधक छ, किनकि यो असमानतामा आधारित छ, तथा स्व-धर्मको रूपमा बुद्धधर्मलाई अपनाउने छु
२०. म दृढताका साथ यो विश्वास गर्दछु कि बुद्धधर्म नै सत्य मार्ग हो
२१. मलाई विश्वास छ कि म फेरी जन्म लिन गै रहेको छु (धर्म परिवर्तनद्वारा)
२२. म गम्भीरता एव दृढताका साथ घोषित गर्दछु कि म यस (धर्म परिवर्तन) पछि आफ्नो जीवनलाई बुद्धको सिद्धान्तहरू र शिक्षाहरू एवं तिनको धर्म अनुसार मार्गदर्शन गर्नेछु ।



https://dhamma.digital

बुद्धको महान् उद्‌गार गाथा 'न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो, कम्मना वसलो होति, कम्मना होति ब्राह्मनो' बाट अत्यन्त प्रभावित भएको देखिन्छ। त्यसैले उनले आफ्ना अनुयायीहरूबाट जातीय विशेषताहरूलाई सदैव त्याग गराउनुपर्ने कुरामा विशेष जोड दिने गर्दथे। फलस्वरूप ती अनुयायीहरूले पनि कुनै पनि व्यक्ति जन्मदाको दुःखी वा दुर्भाग्यशाली परिस्थिति उसको पूर्वजन्मको कर्मको फल हुन्छ भन्ने कुरा कदापि विश्वास गर्दैनन्।

अम्बेडकरको धर्म परिवर्तन लगत्तै मृत्यु भएपछि नवयान अभियानमा केही सुस्ती आएको थियो। उनले सोचे जस्तो गरी अन्य अछुत जनमानसबाट तत्काल कुनै ठूलो समर्थन आएन। उनको अभियानका नेताहरू माझको मतभेद तथा त्यसबाट उत्पन्न निर्देशनको अभावको अवस्थाले अभियानमा थप बाधा पुऱ्यायो। परिणामस्वरूप बुद्धधर्मको पुनरुत्थानको सिलसिला, एउटा उनको मातृ राज्य महाराष्ट्र र अर्को उत्तर प्रदेश गरी जम्मा दुई राज्यहरूमा सीमित हुन पुग्यो।

१९९१ को जनगणनाले देखाए अनुसार भारतमा हाल बौद्धहरूको संख्या ६४ लाख छ, जसमध्ये ५० लाख त महाराष्ट्रको नवयानीहरू नै छन्। यो संख्याले गर्दा भारतमा बौद्ध धर्म पाँचौं प्रमुख धर्म बन्न पुगेको छ र महाराष्ट्रमा यसले जनसंख्याको ५% ओगट्छ। तर समग्र भारतीय जनसंख्याको तुलना भने जम्मा १% मात्र हुन आउँछ।

तर नवयानी नेताहरू के दाबी गर्दछन् भने जनगणनाको प्रकृयागत अनियमितता तथा धेरै परिवर्तित बौद्धहरू सम्भावित सामाजिक बहिष्कारको भयले आफ्नो धर्म बताउन नचाहिरहेको कारणले उपरोक्त बौद्ध जनसंख्याको गणना नै गलत छ। उनीहरू तर्क गर्छन्, वास्तविक बौद्ध संख्या यो भन्दा उल्लेखनीय संख्याले बढी हुनुपर्छ।

आजको समयमा यी २२ प्रतिज्ञाहरूप्रति प्रतिबद्ध धेरै अम्बेडकरका अनुयायीहरू कार्यरत छन्। भारतमा बुद्धधर्मको अस्तित्व तथा विस्तारमा मुख्यतः यिनै २२ प्रतिज्ञाहरू नै प्रमुख रहेका छन् भन्ने विश्वास गर्दछन्। "बाइस प्रतिज्ञा आचरण और प्रचार अभियान" नामाकरण गरिएको



https://dhamma.digital

छाता संगठन यस लक्ष्य प्राप्तिका लागि पूर्णतः होमिएको छ । यो एउटा गैर राजनीतिक अभियान अरविन्द सीतक्केको मस्तिष्कको उपज हो र यसमा पचास लाख स्वयंसेवक जसलाई प्रचारक भनिन्छ, संलग्न छन्, जो भारतभर धेरै क्षेत्रीय तथा स्थानीय समुहहरूमा आवद्ध छन् ।

भीवराव रामजी अम्बेडकर (१४ अप्रिल १८९१-६ डिसेम्बर १९५६) बहु प्रचलित नाम बाबासाहेब, एक भारतीय कानुनविद, राजनीतिक नेता, दार्शनिक, मानवशास्त्री, इतिहासकार, वक्ता, अर्थशास्त्री, शिक्षक, सम्पादक, लेखक, क्रान्तिकारी तथा भारतमा बुद्धधर्मको पुनर्जागरणकारी थिए । उनी भारतीय स्वतन्त्र संग्राम पश्चातको संविधानका प्रमुख कालीगढ पनि थिए । गरिब महर (एक अछुत जात) को परिवारमा जन्मिएका अम्बेडकरले सामाजिक भेदभाव विरुद्ध अभियान चलाए । विद्यमान चर्तुवर्ज पद्धति (हिन्दु समाजलाई तथाकथित चार वर्णहरूमा विभाजनकारी) र समग्र जाति प्रथा विरुद्ध उनले आफैलाई (बुद्ध धर्मावलम्बीमा) परिवर्तन गरेर लाखौं अन्य अछुत (अर्थात दलितहरूलाई पनि बुद्धधर्म अवलम्बन गर्न बलियो प्रेरणा दिए । उनी १९९० मा भारतको सर्वोच्च नागरिक पदवी 'भारत रत्न' बाट सम्मानित भएका थिए ।

Dhamma.Digital



https://dhamma.digital

# एकाई ५ (ख) : बौद्ध आधुनिकतावाद
## (Buddhist Modernism)

**बौद्ध आधुनिकतावादको अर्थ :**

आधुनिकतावाद भन्नाले आधुनिक चरित्र अर्थात प्रवृत्तिलाई बुझिन्छ । यसले आधुनिक व्यवहारको अनुसरणलाई जनाउँदछ । बौद्ध भन्नाले बुद्धको शिक्षाहरूको पालना गर्ने मानिसहरूलाई बुझिन्छ। तसर्थ 'बौद्ध आधुनिकतावाद' भन्नाले बुद्धका शिक्षाहरूलाई आधुनिक समयको सन्दर्भमा पालना अर्थात् अनुसरण गर्ने मानिसहरूलाई जनाउँदछ ।

**नयाँ स्वरूपको बुद्धधर्म :**

विश्वमा हरेक विषयवस्तुहरू परिवर्तनशील छन् । समय परिवर्तनशील छ, अवस्था परिवर्तनशील छ, तसर्थ मानिसहरूको सोच र विचार शैलीहरू पनि परिवर्तनशील छन् । हिजोको सर्वथा ठीक धारणाहरू आज बेठीक, र हिजोको सर्वथा अनुचित धारणाहरू आज उचित र मान्य भैरहेका छन् । त्यसैको फलस्वरूप, विगतका समयका बुद्धधर्मप्रतिको धारणा, अनुसरणको ढंग, व्यवहारिक प्रयोग, आदिमा पनि धेरै परिवर्तनहरू आएका छन् । आधुनिक समय अनुकूल बुद्धधर्मको अनुसरणमा आएका यस्ता परिवर्तनहरूको यसै अवस्थालाई बौद्ध आधुनिकतावाद भन्ने गरिएको हो । यस धारणालाई आधुनिक बुद्धधर्मको आधुनिकतावाद पनि भन्ने गरिन्छ । यो स्वरूप बुद्धधर्मको समसामयिकरण गरिएको नुतन स्वरूप हो ।

**प्रोटेस्टेन्ट बुद्धधर्म (Protestant Buddhism)**

आधुनिकतावाद भन्नु पुरातनवादबाट भिन्न हुनु अर्थात पुरातनवादको विरोध हो । 'प्रोटेस्टेन्ट' शब्द मूलतः इसाई शब्दावलीमा



https://dhamma.digital

पर्दछ र यसको अर्थ इसाई धर्मको क्याथोलिक विचारधारा माथि गरिएको सुधारको सम्प्रदाय भन्ने मानिन्छ । तर समग्रमा हेर्ने हो भने यो इसाई धर्मका परम्परागत शैलीमा आधुनिक समयानुकुल आएको परिवर्तन हो । बुद्धधर्मको अनुसरणमा आएको यस्तै परिवर्तनलाई जनाउन बौद्ध आधुनिकतावादलाई पश्चिमाहरूले आफ्नै शैलीको नामाकरण 'प्रोटेस्टेन्ट बुद्धधर्म' भन्ने गरेका छन् । यो शैली पश्चिमीहरूको विकास मात्रै हो । मौलिक बुद्धधर्ममा यस्तो पाइँदैन ।

**बौद्ध आधुनिकतावादको धारणा :**

- युरोपीय तथा अमेरिकी मुलुकहरूमा बुद्धधर्मको प्रवेश पश्चात त्यहाँका सांस्कृतिक तथा बौद्धिक समूहबाट प्रभावित भएर आएको परिवर्तित अवस्था हो ।
- पश्चिमा आधुनिकतावादको प्रमुख विचारधाराहरूबाट प्रभावित भएर आएको परिवर्तित अवस्था हो ।
- लामो समयका बीच उत्पन्न भै आएको अनगिन्ती विचारधाराहरू तथा सम्पन्न भएर आएका श्रृंखलावद्ध व्याख्या एवं पुनर्व्याख्याहरूको परिणाम हो ।
- समयको अन्तरालमा आएका विभिन्न आन्तरिक सुधारहरू तथा विशुद्ध (Pure) एवं मौलिक बुद्धधर्म तर्फको पुनर्यात्रा हो ।

**बौद्ध आधुनिकताको उत्पत्तिका कारणहरू :**

बौद्ध आधुनिकताको उत्पत्ति हुनुमा धेरै कारक विषयवस्तुहरू छन् । ती मध्ये, पश्चिमा मुलुकहरूमा १९औं शताब्दीमा भएको बुद्धधर्मको प्रवेश पछि बौद्ध विचारधारा तथा अभ्यासहरूमा पश्चिमा आधुनिकताको विचारधाराहरूको मिश्रण हुनु एक हो भने, मूलतः एशियाका बौद्ध मुलुकहरूमा युरोपीय औपनिवेशीकिरण तथा इसाई धर्म प्रचार अभियानको तीव्र कृयाकलापहरू पनि महत्वपूर्ण कारण हो ।



https://dhamma.digital

**सामान्य लक्षणहरू :**

बौद्ध आधुनिकतावादबाट बुद्धधर्मको अनुसरणमा मूलतः दुईवटा लक्षणहरू देखापरेका छन् :

- बौद्ध ग्रन्थ, तर्कसिद्धता, ध्यान पद्धति तथा समानतावाद माथिको जोड तथा महिला सहभागितासहित उपासक-उपासिका वर्गको बढ्दो प्रवेश
- विद्यमान कर्मकाण्डीय अभ्यास, सिद्धान्त माथिको जोड, पदीय मर्यादाक्रमको कट्टरता, अन्धविश्वास, परम्परागत विश्वशास्त्र तथा प्रतिमा पूजा आदिको अभ्यास प्रतिको घट्दो विश्वास

**डेभिड म्याकमहन तथा बौद्ध आधुनिकतावाद**

प्रमुख लेखक डेभिड म्याकमहनले बौद्ध आधुनिकतावादको उत्पत्ति हुनुका चार महत्वपूर्ण कारकहरू औंल्याएका छन् :

- सत्य (देवता) एक मात्र हुन्छन् अर्थात एक देवत्ववादको पश्चिमा नमूना
- तर्कसिद्धता अर्थात् कुनै पनि ज्ञानको कारण हुनुपर्छ भन्ने धारणा
- वैज्ञानिक प्रकृतिवाद/स्वाभाविकतावाद अर्थात संसारमा हरेक कुराहरू प्रकृतिको नियम तथा विज्ञानसँग आवद्ध छन्
- रोमाञ्चक अभिव्यक्ति, अर्थात विचार तथा अभिव्यक्तिको स्वतन्त्रता।

**बौद्ध आधुनिकतावादको उदयमा सहयोगी अभियानहरू :**

बौद्ध आधुनिकतावादको उदय हुनुमा विभिन्न अभिमत, चिन्तन तथा परम्पराहरू कारक रहेका देखिन्छन्, ती मध्ये प्रमुख देहाय बमोजिम छन्:

| | |
|---|---|
| मानवीय बुद्धधर्म | Humanist Buddhism |
| मानवीय बुद्धधर्म | Engaged Buddhism |
| बुद्धधर्म तथा प्रज्ञानवाद | Buddhism and Gnosticism |



https://dhamma.digital

| | |
|---|---|
| निचिरेन बुद्धधर्म | Nichiren Buddhism |
| सोका गाक्काई | Soka Gakkai |
| नवीन कदम्पा परम्परा | New Kadampa tradition |
| तिब्बती बौद्ध अभियान | Tibetan Buddhist Movement |
| फ्रेन्च बौद्ध अभियान | Buddhist Movement in France |
| विपश्यना अभियान | Vipassana Movement |
| त्रिरत्न बौद्ध समुदाय | Triratna Buddhist Community |
| फो गुआंग शान | Fo Guang Shan |
| जुनिपर फाउण्डेशन | Juniper Foundation |

**संगठनहरू तथा अभियान**

बुद्धधर्ममा आधुनिकतावादको उद्‌भव हुनुमा विभिन्न अन्तर ाष्ट्रिय संगठनहरू तथा अभियानको कृयाकलापहरू उल्लेखनीय रूपले महत्वपूर्ण छन्ः

- मानवीयता, मानवतावाद, बुद्धधर्म तथा Engaged Buddhism (EB) चीन, ताइवान, जापान, भियतनाम आदि मुलुकहरूमा भैरहेको समसामयिक बौद्ध पुनर्जारणको आधारशीला हुन् । यो, पश्चिमा मुलुकहरूका बुद्धधर्मको गैरसाम्प्रदायिक (Non Demominational) स्वरूप हो, किनभने यसमा बुद्धधर्मका हालको विश्वमा प्रचलित थेरवाद वा महायान आदि सम्प्रदायहरूको कुनै विभाजन छैन, यो ती विभाजनबाट स्वतन्त्र, नितान्त अलग निष्पक्ष र विशुद्ध बुद्धधर्मको स्वरूप हो ।
- त्यसै गरी, प्रज्ञानवादले बुद्धधर्म र धर्मको आध्यात्मिक पाटाको गुढ ज्ञानलाई जनाउँदछ । निचिरेन बुद्धधर्म र सोका गाक्काईहरू बुद्धधर्मको विश्वव्यापी प्रचार-प्रसारको एक जापानी अभियान हो । नवीन कदम्पा परम्परा भनेको तिब्बतको दीपंकर श्री ज्ञान तथा तिब्बतको चोङखापा परम्पराको शिक्षाहरूको सुधारिएको स्वरूप



https://dhamma.digital

हो । पश्चिमा मुलुकहरूमा तिब्बती बौद्ध गुरुहरूद्वारा गरिएको बुद्धधर्म प्रचारको यो एक प्रमुख कृयाकलाप हो । फ्रान्सको बौद्ध अभियान भनेको प्रसिद्ध भियतनामी बौद्ध गुरु थिक नाट हानद्वारा शुरु गरिएको बुद्धधर्म विस्तारको अभियान हो ।

- त्यस्तै, विपश्यना अभियान भनेको म्यानमारमा शताब्दीयौंदेखि संरक्षित बौद्ध ध्यान पद्धतिको विस्तार हो । यस कार्यमा महासि सयादो र सत्यनारायण गोयन्काको योगदान महान छन् । त्रिरत्न बौद्ध समुदाय भन्नाले एक अंग्रेज व्यक्तित्व संघरक्षितद्वारा स्थापना गरिएको पश्चिमा बौद्ध संघको एक मित्र हो । फो गुआंग शान : यो एक अन्तर्राष्ट्रिय चिनीया महायानी बौद्ध समाज हो । जुनिपर फाउण्डेशन, एक आधुनिक जीवन पद्धतिमा बुद्धधर्मको अनुसरण तथा प्रवर्द्धन गर्ने, तिब्बतमा आधार भएको एक बौद्ध संगठन हो ।

## बौद्ध आधुनिकतावादको उद्भव (Emergence)

- एकातिर युरोपीय औपनिवेशीकरण तथा इसाई धर्म प्रचारको तीव्र प्रचार अभियानको सामना गर्न, तथा अर्कातिर पश्चिमा दर्शन, धर्म, सामाजिक स्वरूप तथा जीवनशैलीका सकारात्मक पक्षहरू समायोजन गर्दै बुद्धधर्म तथा आधुनिक पश्चिमा चिन्तन तथा अभ्यासहरूको समागमबाट बौद्ध धर्मको उन्नत स्वरूपको सृजनाको क्रममा बौद्ध आधुनिकतावादको उद्भव भएको हो ।
- यस अर्थमा यसलाई शिक्षित सुधारोन्मुख एशियाली बौद्धहरू तथा पश्चिमा प्राच्यवादी तथा समर्थकहरूको सह-सृजना (Co-creation) मान्न सकिन्छ ।
- त्यसै गरी, तर्कशीलता, चिन्तन स्वतन्त्रता र लोकोत्तरवादको दृष्टिकोणबाट हेर्दा, यसको उद्भव, गहन खोज, सृजनात्मकता तथा जगतको अन्तरनिर्भरताको आधारमा भएको हो भन्न सकिन्छ ।

## बौद्ध आधुनिकतावादको रुपरेखा (Overview) :

सामान्यतया यो दाबी गरिन्छ कि बौद्ध आधुनिकतावाद - मूलतः



https://dhamma.digital

बुद्धद्वारा प्रतिपादित मौलिक पुरातन धारणातर्फ नै फर्कदैछ ।

तर यसलाई पुरातन अवस्थातर्फको पुनरागमन नै भन्न पनि मिल्दैन, किनभने मूलतः यो पश्चिमा आधुनिकताका सोंचको शैली, संभाषण तथा शब्दावलीसँग मेल खाने गरी गरिएको बौद्ध धारणाहरूको समायोजन हो, किनभने जहाँ-जहाँ बुद्धका शिक्षाहरूको प्रसार हुँदै गयो, त्यहाँ त्यहिं-त्यहिंको संस्कृति र परम्पराहरूको मिश्रण पनि हुँदै गएको थियो, जसमध्ये धेरै चैं अप्रासंगिक एवं असुहाउँदा पनि थिए ।

बौद्ध आधुनिकतावादले धेरै कुराहरूलाई समेट्दछ । हालको विश्वमा देखापरेका गृहस्थ ध्यान भावना अभियान जस्तै विपश्यना ध्यान भावना, जेन बौद्ध धर्मको आधुनिक स्वरूप र इन्गेज्ड बौद्ध धर्म आदि ।

**बौद्ध आधुनिकतावादका केही विद्वान तथा उनका कृतिहरू :**

- विभिन्न बौद्ध विद्वानहरूले बौद्ध आधुनिकतावाद विषयमा प्रशस्त विश्लेषण गर्दै यसका विशिष्ट पक्षहरूमाथि पनि कलम चलाएका छन्, जस्तै : बौद्ध धर्मको महिला पक्ष, Socially engaged advocacy scholarship, आदि बौद्ध वाङमयका मौलिक स्रोतहरूको थोरै मात्र नमुनाहरू (sampling) हुन् ।
- जर्मन विद्वान हाइन्ज बेकर्ट : यो बौद्ध आधुनिकतावाद माथि लेखिएको कार्यपत्र हो, र यस विषयमाथि प्रकाश पार्न लेखिएको संभवतः पहिलो कृति पनि हो । यो मूलतः थेरवादी बुद्धधर्ममा केन्द्रित कृति हो, तथापि यो बौद्ध आधुनिकतावादको समग्र पक्ष माथि लक्षित राम्रो शुरुवाती कृति हो ।
- आर्थर सी. क्लार्क (१९९७) र किंग (१९९९) दुबैले पश्चिमा संस्कृति र एशियाली धर्म, बुद्धधर्म समेत समावेश गरिएको, सम्पर्क सुत्रको इतिहासलाई समालोचनात्मक तथा विस्तृत दुबै ढंगले सम्बोधन गरेका छन् ।
- डोनाल्ड एस. लोपेज (१९९५) ले बौद्ध अध्ययनको ऐतिहासिकतालाई उपनिवेशकालभन्दा पछिको अध्ययनसँग दाँजेर हेरेका छन् ।



https://dhamma.digital

- उनले सोएन शाकु जस्ता प्रमुख बौद्ध आधुनिकतावादीदेखि वर्तमान समयका चोग्याम टुंगपा (Chogyam Trungpa) सम्मका विद्वानहरूको रचनाहरूबाट साभार गरिएका संक्षिप्त उद्धरणहरू प्रस्तुत गरेका छन् । उनको परिचयात्मक निबन्ध बौद्ध आधुनिकतावादीका विषय माथि लेखिएको मूल्यवान् ऐतिहासिक तथा प्रकरणगत (Thematic) सर्वेक्षण नै सरह मान्न सकिन्छ ।
- David Brazier ले २००१ मा रचना गरेको "नयाँ बुद्ध धर्म" Socially Engaged Buddhism को विधान (Manifesto) हो भने James William Coleman ले सोही वर्ष सोही शिर्षकमा परम्परागत धारलाई त्याग्न जोड दिँदै रचना गरेको, पश्चिममा प्रचलित बुद्धधर्मको अध्ययन हो ।
- डेभिड एल. म्याकमहन (२००८) को दृष्टिमा बौद्ध आधुनिकतावाद भन्नाले पश्चिमा चिन्तनको आमुखमा बुद्धधर्ममा देखिएको रूपान्तरण हो ।
- डेभिड वर्कविजले पनि म्याकमहनकै जस्तै दृष्टि राख्दै बौद्ध आधुनिकतावादलाई विश्वका विभिन्न राष्ट्र तथा भूभागहरूमा आधुनिकताको परिदृश्यमा देखापरेका/आएका/विकसित भएका बुद्धधर्मका विभिन्न आमुखहरू हुन् भनेका छन् ।

**दृष्टिकोण तथा धारणाहरूः**

बौद्ध आधुनिकतावादको अध्ययन हाल आएर समग्र बौद्ध अध्ययनको एउटा महत्वपूर्ण नयाँ पाटोको रूपमा विकसित भैरहेकोले यस विकास क्रममा विभिन्न दृष्टिकोणहरू उत्पन्न भएका छन् :

- एशिया उपमहाद्वीपमा अतीतमा अस्तित्वमा रहेको उपनिवेशको अवस्थाको दृष्टिकोण
- राष्ट्र-राष्ट्रहरू माझ स्थापना हुन आएका सम्बन्धहरूका जालको दृष्टिकोण
- पश्चिमा संस्कृतिहरूसँग भएको बुद्धधर्मको समायोजनको दृष्टिकोण



https://dhamma.digital

- आधुनिक बौद्धवादी (Buddhist) का धार्मिक तथा बौद्धिक कृतिहरूको दृष्टिकोण
- बौद्ध आधुनिकतावादको विषयमा देखिएका विभिन्न अनुमानक दृष्टिकोण

लोपेजको दृष्टिमा “आधुनिक बुद्धधर्म” ले समग्र आधुनिक बौद्ध परम्पराहरूलाई जनाउँदछ जसले विश्वव्यापी बौद्ध समुदाय विकसित भइरहेको छ र जसले राष्ट्र-राष्ट्रहरूको भौगोलिक र वैचारिक सिमानालाई पार गरिरहेको छ । उनी थप्दछन् कि बुद्धधर्मको आधुनिकतावाद (Buddhist modernism) ले अंग्रेजीभाषी र विद्धतवर्गको विश्ववासी सञ्जाल (Cosmopolitan Network) सृजना गरिरहेको छ, र यो कुनै पनि एक देशीय भूगोल र संस्कृतिको संकुचित सीमा भित्र आवद्ध नभई, विश्वव्यापी रूपमा विस्तार भैरहेको छ । त्यसकारण यसलाई संसारका विभिन्न क्षेत्रमा विस्तार भैरहेको विभिन्न बौद्ध विचार श्रृंखलाहरूको आधुनिक अवधारणाको रूपमा पनि बुझ्न सकिन्छ ।

**बौद्ध आधुनिकता सम्बन्धी महत्वपूर्ण केही बौद्धिक कृतिहरू :**

विभिन्न आधुनिक विद्वानहरूले बौद्ध आधुनिकतावाद माथि कलम चलाएका छन्, ती मध्ये केही प्रमुख रचनाकारहरू यसप्रकार छन् :

शोएन शाकु, ड्वाइट गाडार्ड, डी.टी. सुजुकी, अलेक्सान्ड्रा डेभिड-नील, सुनर्‍यु सुजुकी, संघरक्षित, एलन वाट्स्, टिक नाट हान ।



https://dhamma.digital

# एकाई ५ (ग) : गृहस्थ बौद्ध अभियान
## (Lay Buddhist Movement)

**परिचय**

बुद्ध शासनमा धर्मको उचित परिपालना तथा अभिवृद्धिका लागि भगवान् बुद्धले चतुपरिषद्को महत्वलाई राम्ररी स्थापना गर्नुभएको छ । चतुपरिषद् भन्नाले सांसारिक विषयवस्तु तथा जीवनशैलीको त्याग गरी प्रव्रजित जीवनशैली अपनाएका बौद्ध भिक्षु तथा भिक्षुणीहरू (अनागारिका, श्रामणेर सहित) एवं सांसारिक विषय-वस्तु तथा जीवनशैली नै अपनाइरहेका भए पनि बुद्ध शासनको सेवा तथा उपासना गरिरहेका गृहस्थ, उपासक तथा उपासिकाहरूसमेतको समूह भन्ने बुझिन्छ ।

यस सन्दर्भमा गृहस्थ भन्नाले (अझ स्पष्ट बनाउनको लागि केहि पाठ थप्नु उपयुक्त हुने भएकाले रिक्त स्थान राखिएको) लाई समेत बुझिन्छ । तसर्थ गृहस्थ शब्दले बुद्ध शासनको सेवामा समय-समयमा अथवा निरन्तर लागि परेका, बुद्धधर्मलाई आफ्नो पारिवारिक धर्मको रूपमा अवलम्बन गरेका तथा नगरेका र गैऱ्ह-बौद्ध धर्मावलम्बीहरूलाई समेत जनाउँदछ ।

अर्को शब्दमा भन्ने हो भने, बुद्धशासनरूपी सद्धर्मको रथका चार पांग्राको रूपमा भगवान् बुद्ध स्वयंद्वारा प्रतिष्ठित गरिएको बौद्ध भिक्षु तथा भिक्षुणीहरू एवं बुद्ध शासनको मर्यादा राख्ने समग्र गृहस्थ पुरुष तथा महिलाहरूको समूहलाई चतुपरिषद् भनिन्छ ।

बुद्ध शासनको सन्दर्भमा, ती गृहस्थहरूले भगवान् बुद्धको शरण, भगवान बुद्धले प्रदान गर्नुभएको धर्मको शरण, र वहाँ भगवानको शिक्षा ग्रहण गरेर प्रव्रज्या लिएका भिक्षु-भिक्षुणीहरूको संघको शरण –अर्थात्, त्रि-शरण ग्रहण गरेका हुन्छन् । त्यस्ता गृहस्थहरूले भिक्षु-भिक्षुणीहरूलाई



https://dhamma.digital

समय समयमा खाद्य वस्तु (भोजन), वस्त्र (चीवर), ओढ्ने-ओछ्याउने (सयनासन) तथा औषधीमूलो (गिलानपच्चय) सहितको चार प्रत्यय (चतु पच्चयो)हरूको दान दिने काम पनि गर्दछन् । धेरैजसो त्यस्ता गृहस्थहरूले प्रव्रजित जीवन अपनाइरहेका भिक्षु-भिक्षुणीहरूले झैं शील, समाधि र प्रज्ञाको अभ्यास पनि गरिरहेका हुन्छन् ।

म्यानमार, थाइलैण्ड, आदि प्रमुख थेरवादी मुलुकहरूका परम्परागत बौद्ध समुदायहरूमा गृहस्थहरू समय समयमा अस्थायी प्रवज्या ग्रहण गरेर भिक्षु जीवन नै अवलम्बन गर्ने गर्दछन् । बौद्ध-विशेष चाड पर्व र अवसरहरूमा त्यसरी भिक्षुत्व ग्रहण गर्ने गृहस्थहरूको संख्या सामान्य भन्दा निकै ठूलो हुने गर्दछ ।

त्यसो भएर पश्चिमा देशहरूमा त भिक्षु र गृहस्थ जीवनयापन गर्ने व्यक्तिहरू बीच परम्परागत रूपमा देखिइरहेको भिन्नता नै बिस्तारै लुप्त हुन थालेको देखिन्छ, अर्थात बढी भन्दा बढी मानिसहरू गृहस्थको साथै प्रव्रजित हुन थालेको देखिन्छ ।

भगवान् बुद्धले सम्बोधि ज्ञान प्राप्त गर्ने क्षणमा मारले बुद्धलाई परिनिर्वाणको बारेमा एउटा वाचा गराएका थिए । त्यसै वाचालाई स्मरण गराउँदै 'अब परिनिर्वाण लिन' बिन्ती गराएको अवस्थामा भगवान् बुद्धले जब मेरा भिक्षु, भिक्षुणी, उपासक तथा उपासिकाहरूले धम्मलाई राम्ररी ग्रहण गर्न सक्नेछन्, तब मात्र निर्वाण ग्रहण गर्ने छु ।' भनी उद्गार गर्नु भएबाट भगवान्ले गृहस्थहरूलाई कति धेरै महत्व दिनुभएको रहेछ भन्ने कुरा प्रष्ट हुन आउँछ ।

आजभन्दा झण्डै २६०० वर्ष अगाडिको बुद्धको समयदेखि लिएर आजको दिनसम्ममा बुद्धधर्मको प्रचार-प्रसार/अभिवृद्धिमा धेरै गृहस्थहरूले महान योगदान पुऱ्याइसकेका छन् । तीमध्ये अनाथपिण्डिक श्रेष्ठी, विशाखा, चित्र गृहपति, हस्तक आलवक, सुप्रिय, खुज्जुत्तरा, जीवक वैद्य, घोषक, आदि व्यक्तिहरू बुद्धको समयको प्रमुखहरूमध्येका थोरै मात्र हुन्, यथार्थमा त्यस्ता व्यक्तिहरूको संख्या धेरै विशाल छ ।



https://dhamma.digital

**बौद्ध धर्मावलम्बी/अनुयायी शब्दको अर्थ :**

बौद्धहरू दुई प्रकारका हुन्छन् - त्यागी तथा गृहस्थ। त्यागीहरू प्रव्रजित हुन्छन् भने गृहस्थहरू घर-घरमा नै धर्मको अभ्यास गर्दछन्। अधिकांश बौद्धहरू गृहस्थी हुन्। त्यसकारण उनीहरू घरैमा रहेर बुद्धधर्मको पालना गर्ने गर्दछन्।

**गृहस्थ बौद्ध अभियानको महत्व**

बुद्ध धर्ममा Monasticism को ठूलो महत्व छ। बुद्धको शिक्षालाई अवलम्बन गर्दै यसको प्रचार-प्रसारमा लाग्ने व्यक्तिलाई भिक्षु भनिन्छ र उ भिक्षु संघको सदस्य रहन्छ। संघका यस्ता सदस्यहरूले समय-समयमा वा विशेष अवसरहरूमा मात्र नभै पूर्णकालीन रूपमा निरन्तर बुद्धधर्मको अभ्यास तथा प्रचार-प्रसार गर्ने गर्दछन्।

तर यो कार्यमा भगवान् बुद्धले भिक्षु भिक्षुणी मात्र नभै गृहस्थ मानिसहरूलाई पनि उत्तिकै महत्व दिनुभएको छ। उनीहरूलाई भगवान् बुद्धले आफ्नो क्लेशको नाश गर्ने धर्मको अभ्यासका साथसाथै संघ सदस्य भिक्षुहरूलाई चतु-प्रत्यय प्रदान गर्ने दोहोरो भूमिका सहित प्रतिष्ठित गर्नुभएको छ।

मनुष्य जन्मको लक्ष्य भनेको गृहस्थ अथवा भिक्षुत्व दुबै जोसुकैले पनि सबै क्लेशको नाश गर्नु नै हो भनेर बुद्धबाट आज्ञा भएको छ। त्यसकारण सम्बोधिज्ञान प्राप्त गर्ने अभिष्ट भिक्षु मात्र होइन, गृहस्थहरूको पनि हुनुपर्दछ भन्ने कुरा प्रष्ट हुन आउँदछ।

तर आजका उपासक-उपासिकाहरूलाई निर्वाण प्राप्त गर्नु नै जीवनको अन्तिम लक्ष्य हो भन्ने कुराको कमै ज्ञान छ। गृहस्थ बौद्ध अभियानले धर्मको अभ्यासद्वारा क्लेशको नाश गरेर आफ्नो जीवन सार्थक बनाउने प्रयास गर्नलाई ती गृहस्थहरूलाई जागरुक गराउँदछ।

**बर्माको बृहत गृहस्थ बौद्ध अभियान**

यसले आजको म्यानमारमा बौद्ध अभ्यासहरूको रूपान्तरण गर्ने



https://dhamma.digital

गर्दछ । म्यानमार त्यो देश हो जहाँ भगवान् बुद्धले शिक्षा दिनुभएको विपश्यना भावनाको लामो समयदेखि संरक्षण गरिनुका साथै व्यापक रूपमा अभ्यास पनि गरिआएको छ ।

विपश्यना ध्यानले दशौं लाख मानिसहरूको लागि, सर्वसत्तावादी शासन प्रणालीको बारेमा स्वतन्त्रतापूर्वक सोच्न र काम गर्न सक्षम बनाएर विश्वको दृष्टिमा एक महान परिवर्तन ल्याएको छ भन्नुमा अत्युक्ति नहोला ।

म्यानमारमा विपश्यना ध्यानको प्रचार प्रसारमा विशिष्ट योगदान पुऱ्याएका गृहस्थहरू उ बा खिन र सत्य नारायण गोयन्काको संक्षिप्त चर्चा गर्नु यहाँ सान्दर्भिक हुन आउँदछ ।

**ऊ बा खिन**

ऊ बा खिनको जन्म बेलायती उपनिवेशकालमा बर्माको पेगु प्रान्तको यांगुन शहरमा सन् १८९९ को मार्च ६ का दिन एक मध्यम वर्गीय परिवारमा कान्छो सन्तानको रूपमा भएको थियो ।

त्यसबखत बर्मामा बेलायती शासन चलिरहेको थियो । तसर्थ अंग्रेजी भाषाको ज्ञान अत्यन्त महत्वपूर्ण थियो, अझ भन्ने हो भने त अंग्रेजी भाषामा राम्ररी बोल्न सक्ने क्षमता त सबै खालका कामहरूमा अघि बढ्न अपरिहार्य नै थियो । सौभाग्यवश, उनी आठ वर्षको हुँदा नजिकैको एक कारखानामा काम गर्ने एकजना वयस्क मानिसले उनलाई मेथोडिस्ट निम्न





https://dhamma.digital

माध्यमिक विद्यालयमा भर्ना गराइदिए जहाँ उनी एक उत्कृष्ट विद्यार्थीको रूपमा अगाडि आए । उनमा हरेक पाठहरूलाई कण्ठस्थ गर्न सक्ने क्षमता भएकाले उनले त्यहाँ अंग्रेजी व्याकरणलाई बुँदा-बुँदा सिक्न सके । उनी हरेक कक्षामा प्रथम श्रेणीमा उत्तीर्ण हुँदै गए, र निम्न माध्यमिक विद्यालयस्तरको छात्रवृत्ति प्राप्त गरे । एक बर्मी शिक्षकले उनलाई सेन्ट पल भन्ने संस्थामा भर्ना पाउन मद्दत गरे, र त्यहाँ पनि उनले निम्न माध्यमिक तहका कक्षाहरूमा जस्तै निरन्तर अव्वलता हासिल गरिरहे ।

सन् १९१७ को मार्च महिनामा उनले माध्यमिक तहको अन्तिम परीक्षालाई स्वर्ण पदक सहित उत्तीर्ण गरे, र कलेज अध्ययनका लागी छात्रवृत्ति पनि पाए । तर दुर्भाग्यवश, परिवारको जीविकोपार्जन गर्नु पर्ने दबाबको कारणले उनी आफ्नो सो औपचारिक अध्ययनको क्रमलाई छोडेर परिवारको लागि आय आर्जन गर्ने काममा लाग्न बाध्य भए । यस क्रममा उनले सर्वप्रथम द सन नामक बर्मी अखबारमा काम गरे, र त्यसको केही समयपछि उनी बर्माको महालेखा नियन्त्रकको कार्यालयमा लेखा सहायकको रूपमा काम गर्न थाले । त्यस बखत धेरैजसो निजामती कर्मचारीहरू अंग्रेज अथवा भारतीय हुने गर्थे, र सो कार्यालयमा पनि थोरै मात्र कर्मचारीहरू बर्मी थिए । सन् १९२६ मा उनी तत्कालीन भारतको प्रान्तीय सरकारले लिएको लेखा समूहको परीक्षामा उत्तीर्ण भए । त्यसको एघार वर्षपछि, अर्थात् सन् १९३७ मा बर्मा भारतबाट अलग भयो, र  उनी नै त्यस कार्यालयको पहिलो विशेष सुपरीवेक्षकको रूपमा नियुक्त भए ।

सन् १९३७ को जनवरीमा उनको भेट सया थेट् गी नाम गरेका एक विद्यार्थीसँग भयो, जो एक धनी कृषक थिए र बुद्धले बताउनुभएको ध्यानको एक विधि - आनापानसति सिकाउने प्रशिद्ध गुरु लेदी सयादोका एक शिष्य पनि थिए । ऊ बा खिनले यो ध्यानविधि प्रयोग गरेर हेर्दा राम्रो एकाग्रता पाए । यसबाट उनी यति धेरै प्रभावित भए कि उनले ती शिष्य थेट् गीले स्थापना गरेको ध्यान केन्द्रमा गएर विपश्यना ध्यान विधिको एउटा पुरा सत्रभरी भाग लिने निधो गरे ।



https://dhamma.digital

सोही अनुसार, उनले आफ्नो कार्यालयबाट विदा लिए, र सो केन्द्रबाट दश दिनको सत्र पुरा गरे । यो पहिलो सत्र नै उनलाई धेरै फलदायी भएकाले जब-जब उनी रंगुन आउँथे, सो ध्यान केन्द्रमा गएर गुरु र शिष्य दुबैलाई भेट्ने र ध्यान अभ्यास गर्न थाले ।

सन् १९४१ को कुरा हो, उनी कार्यालयको काममा बर्माको उत्तरी भागमा पुगेका थिए, त्यहाँ धेरैले 'अरहन्त हुन्' भनी मान्ने गरेका एक भिक्षु वेबु सयादोसँग उनको संयोगवश भेट भयो । ऊ बा खिनको ध्यान कौशलता देखेर वेबु सयादो अत्यन्त प्रभावित भए, र उनलाई ध्यान गुरु बन्न आग्रह गरे । उनको लागि यी भिक्षु त्यो पहिलो व्यक्ति भए जसले उनलाई यो बाटोमा डोऱ्याए ।

सन् १९४८ को जनवरी ४ मा बर्मा स्वतन्त्र मुलुक बन्यो । अनि ऊ बा खिन नयाँ बर्मेली संघको पहिलो महालेखा नियन्त्रक बने ।

सन् १९५० उनले आफ्नै कार्यालय भवनमा महालेखा नियन्त्रक कार्यालयको विपश्यना संघको स्थापना गरे, जहाँ सबै गृहस्थहरू विशेषगरी उनकै कार्यालयका कर्मचारीहरू विपश्यना ध्यान सिक्न सक्दथे । त्यसपछि सन् १९५२ मा विश्व प्रसिद्ध श्वेदगो पगोडाको तीन किलोमीटर उत्तरतर्फ तत्कालीन रंगुन शहरमा उनले 'अन्तर्राष्ट्रिय ध्यान केन्द्र' को स्थापना गरे ।

उनले रंगुन शहरमा सन् १९५४ देखि १९५६ सम्म आयोजित 'छट्ठ संगायना' (छैठौं बौद्ध सम्मेलन) को योजना तर्जुमा गर्न सकृयताका साथ भाग लिए । अन्ततः सन् १९६७ मा उनले आफ्नो सरकारी सेवाको उत्कृष्ट वृत्तिबाट अवकाश लिए । त्यस उपरान्त, उनको स्वास्थ्य उपचारको क्रममा गरिएको शल्यक्रियाबाट उत्पन्न भएको स्वास्थ्य समस्याको कारणले सन् १९७१ मा असामयिक निधन हुनु अघिसम्म उनी ध्यान केन्द्रमा ध्यान सिकाउनमा नै तल्लीन रहिरहेका थिए ।

ऊ बा खिन विपश्यना ध्यानको उत्कृष्ट शिक्षक बने । उनको निधन पछि उनका शिष्यहरूले उनकै परम्परामा ध्यान सिकाउने गरी



https://dhamma.digital

देश-विदेशमा ध्यान केन्द्रहरूको स्थापना गरे ।

हालसम्ममा ऊ बा खिन ध्यान परम्परा बमोजिम ध्यान सिकाउने छ वटा अन्तर्राष्ट्रिय ध्यान केन्द्रहरू स्थापना भैसकेका छन् ।

उनै ऊ बा खिनका एक शिष्य सत्य नारायण गोयन्का हुन् जसको मातहतमा उनको ध्यान परम्पराका लागि विश्वभरीकै विभिन्न मुलुकहरूमा गरी २०० भन्दा बढी विपश्यना ध्यान केन्द्रहरू खोलिएका छन् ।

ऊ बा खिनको एउटा गहिरो ईच्छा के थियो भने भगवान् बुद्धको कर्मभूमि भारतबाट धेरै लामो समयदेखि लुप्त भैरहेको विपश्यना ध्यानको परम्परा भारतमा पुनः उदाओस् र त्यहाँबाट संसारभरि फैलिएर जाओस् । यस उद्देश्यका लागि उनले पश्चिमा मुलुकहरूको यात्रा गर्ने दृढ निश्चय पनि गरेका थिए । तर त्यसबेलाको विदेश भ्रमणमाथिको सरकारी प्रतिबन्धको कारणले उनको त्यो ईच्छा पुरा हुन पाएन ।

तर अब आफ्नो बिस्तारै समय धल्किँदै छ भन्ने महशुस गरेपछि उनले बिस्तारै गैर बर्मेली शिष्यहरूलाई चयन गर्न थाले र उनीहरूको आ-आफ्नो मुलुकमा विपश्यना सिकाउने कामको जिम्मेवारी दिन थाले ।

उनको मृत्यु सन् १९७१ जनवरी १९ मा ७१ वर्षको उमेरमा भएको थियो । विपश्यना ध्यानप्रतिको उनको लगाव र योगदानको फलस्वरूप उनलाई यस ध्यानको २०औं शताब्दीका अगुवा ज्ञाताको रूपमा चिनिन्छ ।



**सत्य नारायण गोयन्का**

Satya Narayan Goenka को जन्म बर्माको एक भारतीय व्यापारिक घरानामा सन् १९२४ को जनवरी २९ मा भएको थियो । ऊ बा खिनबाट विपश्यना ध्यानमा राम्ररी दीक्षित भैसकेपछि भारतमा त्यसको



https://dhamma.digital

प्रसारको लागि उनी ४५ वर्षको उमेरमा सन् १९६९ मा भारत आए । उनी आफ्नो जीवनपरन्त विश्वव्यापी रूपमा विपश्यना ध्यानको प्रचार प्रसारमा समर्पित भए ।

## जापानमा गृहस्थ बौद्ध अभियान

रिश्शो कोसे काई भनेको जापानको एक प्रसिद्ध बौद्ध अनुयायीहरूको समुदाय हो । यसको स्थापना जापानका एक नागरिक क्योको नागानुमा (१८८९-१९५७) द्वारा सन् १९३८ मार्चमा भएको थियो । जापानमा बहु-प्रचलित निचिरेन परम्पराको गृहस्थ बौद्ध संस्था भएतापनि यसले अन्य सबै बौद्ध परम्पराहरूप्रति आदरभाव कायम राखेको छ । हाल विश्वभरीमा यसका साठ्ठी लाख भन्दा बढी सदस्यहरू रहेका छन् ।

यो नाम तीन शब्दहरूबाट बनेको हो । 'रिश्शो' को शाब्दिक अर्थ सम्यक नियममा स्थापित/आवद्ध हो, अर्थात् यस संस्थाले धम्मको यथार्थ आदर्शको पालन गर्दछ । 'कोशेइ' को शाब्दिक अर्थ 'बुद्धधर्म, सम्बोधि तथा अन्ततः बुद्धत्व' मा विश्वास गर्ने मानिससँग आवद्ध हो । त्यस्तै 'काई को शाब्दिक अर्थ 'समाज' हो । समग्रमा 'रिश्शो कोसे काइ' भन्नाले बुद्धका शिक्षाहरूको अनुपालना माथि विश्वास गर्ने व्यक्तिहरूको समाज भन्ने बुझिन्छ । अर्को शब्दमा भन्ने हो भने, यो समाजलाई बुद्ध शिक्षाको अवलम्बन गर्दै पूर्णतातर्फ डोऱ्याउने लक्ष्यले स्थापना गरिएको समाज हो ।

यो समाज पहिलेको 'रेयुकाई' भनिने जापानी संस्थाबाट पैदा भएको हो । यसका अनुयायीहरूले महायानी बौद्ध धर्मको पुण्डरीक सूत्रको हरेक दिन दुईपटक पाठ गर्ने गर्दछन् । यो सुत्र घरघरका पूजा थानहरूमा र कलेजहरूमा विस्तारमा अभ्यास तथा अध्ययन गरिन्छ र सबैभन्दा महत्वपूर्ण कुरा त यसका हरेक सदस्यहरूको दैनिक जीवनमा आइपरेका समस्याहरूको समाधान गर्न नियमित रूपमा यस सुत्रको प्रयोग गर्ने गरिन्छ ।



https://dhamma.digital

रिश्शो कोसे-काइले यस कुरामा जोड दिन्छ कि पुण्डरीक सुत्र, अन्य बौद्ध ग्रन्थहरूसँगै नै रहन सक्दछ र महायान, थेरवाद बौद्ध सम्प्रदायहरूबीच राम्रो सामञ्जस्यताका साथ रहन सक्दछ ।

बोधिसत्वको भावनाबाट उत्प्रेरित हुँदै, रिश्शो कोसे काइले यो विश्वास गर्दछ कि हरेक मानिसहरूले पारमिता हासिल गर्न सक्दछन् र उसको सामाजिक संलग्नता अत्यन्त आवश्यक हुन्छ ।

सन् १९६० को दशकतिर जापानले विशाल आर्थिक प्रगति गर्दै गर्दा, त्यहाँका जनताले भौतिक सुख सुविधाभन्दा माथि उठेर मानव जीवनको मूल्य र लक्ष्यको खोजी गरिरहेको समयमा रिश्शो कोसे-काइको यो विश्वासले ठूलो जनमत सृजना गर्न सकेको थियो ।

## होजा बैठक

'Caring & Sharing' अर्थात आफ्नो हेरविचार गर्ने र अरुलाई मद्दत पनि गर्ने' - दुईवटा पारस्परिक मूल्य- मान्यताहरूको होजा बैठकको विशिष्ट कृयाकलाप मार्फत् ठूलो अभिवृद्धि भएको थियो । सामूहिक परामर्शको यो अनौठो स्वरूपमा, पुरुष तथा महिला दुवै समावेश हुँदै, आ-आफ्ना दैनिक जीवनका पारिवारिक समस्या तथा विषयहरूमाथि छलफल गर्न गोलाकारमासँगै बस्दछन् ।

'होजा बैठक' को विशिष्ट क्रियाकलापहरूद्वारा स्याहार तथा समान वितरण (Caring & Sharing) को सापेक्षिक मूल्य-मान्यताहरूको थप अभिवृद्धि हुन्छ ।

त्यसपछि समूहको नेताले पारिवारिक, कार्यस्थल, तथा स्वास्थ्य आदि, विभिन्न समस्याहरूबाट खिन्न भएका मानिसहरूलाई मद्दत गर्नका लागि बुद्ध शिक्षाहरूको अवलम्बन गर्दछन् । होजालाई करुणाको वृत्त अर्थात सहिष्णुताको वृत्त पनि भनिन्छ । यस्ता भेलाहरूको आयोजना मूख्य केन्द्रहरूमा मात्र नभै जिल्ला सदरमुकाम, अस्पताल, अन्य संस्थाहरू र सदस्यहरूको घरमा नै पनि गर्ने गरिन्छ । समग्र समाजले पाएको फाइदाको कारणले रिसो कोसे काईको वृत्तका यस्ता भेलाहरूबढी भन्दा



https://dhamma.digital

बढी प्रचलनमा आइरहेका छन् । यसबाट रिसो कोसे काईका सदस्यहरू एउटै ठूलो परिवारमा रहिरहेको झैं महसुस गर्ने गरेको पाइएको छ ।

ती सदस्यहरू प्रदेश-प्रदेशबाट राजधानी शहर टोक्योको सुगिनारीको वडा भन्ने स्थानमा रहेको मुख्य कार्यालयको महान पवित्र मानिएको कक्षमा पुगेर सप्ताह अन्तको भेलामा उपस्थित हुने गर्दछन् ।

यसको महत्वपूर्ण विशेषता के छ भने ती भेलाहरूमा निश्चित उमेर समूहका व्यक्तिहरू मात्र नभै परिवारसहित नै पुजामा सामेल हुने गर्दछन् ।

समाजमा सकारात्मक प्रभाव पार्न सक्नुमा रिश्शो कोसे काईको 'उज्जवल समाज अभियान' (Bright Society Movement) को क्रियाकलाप पनि महत्वपूर्ण छ जसले रक्तदान, अपांगहरूलाई मद्दत, वातावरणीय सरसफाई, कार्यपत्र गोष्ठी, चन्दा संकलन, आदि आयोजना गर्ने समन्वयात्मक अंगको भूमिका निर्वाह गर्ने गर्दछ ।

**अमेरिकामा गृहस्थ बौद्ध अभियान :**

- बुद्धशासनमा बुद्ध, धर्म र संघलाई त्रिरत्नको उपमा दिएर श्रद्धा गरिन्छ र यो त्रिरत्न नै बुद्धधर्मको आधारशीला मानिन्छ ।
- संघ भन्नाले बुद्ध शासनबाट पूर्ण रूपमा प्रव्रज्या ग्रहण गरेर आफ्नो जीवनलाई बौद्ध मार्गमा सम्पूर्ण रूपमा निसर्ग गरेका भिक्षु तथा भिक्षुणीहरूको समुदायलाई बुझिन्छ ।
- अमेरिकामा धेरैजसो नयाँ बौद्धहरूमा एउटा नयाँ विचारधारा आइरहेको छ कि उनीहरू संघ हुन् र उनीहरूको गृहस्थ संघ अभियान अमेरिकी परिदृश्यमा बुद्धधर्मको सहि अनुकुलन/परिमार्जन हो । तर परम्परागत बौद्धहरू भने, यसलाई एउटा प्रतिकुल विचारधारा भनेर स्वीकार गरिरहेका छैनन् ।
- संघका सदस्यहरूको सामान्य जीवन निर्वाह पद्धतिका सम्बन्धमा बुद्धधर्मका दुबै शाखाहरू उत्तरी (महायानी) र दक्षिणी (थेरवादी)



https://dhamma.digital

मतहरू व्यवहारतः एकरूपता/समानता छ।

- दुबैले निर्मल, ब्रम्हचर्य र सांसारिक चाहनाहरूबाट मुक्त जीवनशैली/पद्धतिलाई निर्देशित गर्दछन्।
- दुबैका महान आचार्यहरू तथा विमुक्त गुरुहरूप्रायः संघबाट नै मात्र आएका छन्।
- विगतमा केहि गैर संघ सदस्य, अर्थात उपासक तथा उपासिकाहरूले पनि विमुक्ति हासिल गरेका छन्। तीमध्ये सबैले वृहत बौद्ध समुदायको आधारशीला भनेको संघ नै हो भन्ने कुरालाई स्वीकार गरेका छन्।
- गृहस्थ संघ अभियानलाई जापानीहरूको जेन सम्प्रदाय (Schools), जुन कि उत्तरी अर्थात् महायान बुद्धधर्म अन्तर्गत पर्दछ, बाट अमेरिकी जेन केन्द्रहरूमार्फत बुद्धधर्म (Introduced Buddhism) भित्र भित्र्याइएको थियो।
- उनीहरूले पाएका छन् कि ती सम्प्रदाय (Schools) का शिक्षकहरू (Teachers) जापानी हुन् वा अमेरिकी हुन्, विवाहित छन् र धेरैजसो अरु बौद्ध जस्तो त्यागी र झर्रो/निक्खर/पवित्र (Pure) नितान्त छैनन्।
- त्यसो हुँदा उनीहरू त्यस्ता तथाकथित 'पण्डित' अथवा भिक्षुहरूलाई समर्थन गर्नुपर्ने कुनै कारण नै देख्दैनन् जसको जीवन पद्धति उनीहरूको भन्दा (वास्तवमा) न त उत्तम छ, न त प्रशंसायोग्य नै छ।

## अन्तर्राष्ट्रिय गृहस्थ बौद्ध मञ्च

- अन्तर्राष्ट्रिय गृहस्थ बौद्ध मञ्च एउटा स्वतन्त्र गृहस्थ बौद्ध अभियान हो।
- कुनै पनि गृहस्थ अथवा प्रवजित व्यक्ति, अथवा गृहस्थ अथवा बौद्ध संगठनका सदस्यहरूले यस मञ्चमा प्रवेश गर्न सक्दछन्।



https://dhamma.digital

- यसले आजको विश्वमा बुद्धधर्मको सम्बर्धनमा गृहस्थ बौद्धहरूको रुचि तथा भूमिकाहरूको अभिवृद्धि गर्ने लक्ष्य राखेको छ ।

**पृष्ठभूमि :**

- अन्तर्राष्ट्रिय गृहस्थ बौद्ध मञ्चको शुरुवात सन् २००७ मा दक्षिण कोरियाको राजधानी सोलमा सम्पन्न भएको प्रथम विश्व गृहस्थ बौद्ध मञ्चको सम्मेलनमा एउटा गृहस्थ बौद्ध अभियानको रूपमा भएको थियो ।

- सो मञ्च/सम्मेलनको आयोजना "कोरियाली बौद्ध संघको संगठन" को सहयोगमा "चोंगजी संघ" ले गरेको थियो ।

- त्यसपछि यस्ता सम्मेलनहरू हरेक वर्ष नै आयोजना हुँदै आइरहेका छन् । ती सम्मेलनहरूमा एशिया, युरोप तथा उत्तर अमेरिकी विभिन्न मुलुकहरूका गृहस्थ तथा प्रवजित बौद्धहरूले भाग लिंदै आइरहेका छन् ।

- ती हरेक सम्मेलन (Forum) हरू मा सहभागीहरूले आधुनिक विश्वमा बुद्धधर्मको स्वस्थ संवर्द्धनमा निर्वाह गर्नुपर्ने भूमिकाको बारेमा र यस कार्यका लागि एउटा गृहस्थ संगठनको आवश्यकता भएको बारेमा आवाज उठाइरहेका छन् ।

- हरेक पछिल्ला सम्मेलनहरूमा यो आवाज झन् झन् बलियो, प्रखर र स्पष्ट भएर आइरहेको छ, जसले गर्दा एउटा अन्तर्राष्ट्रिय गृहस्थ बौद्ध अभियानको स्थापना गर्नुपर्ने विचार झन् झन् टड्कारो देखिरहेको छ ।

- यस मञ्चमा भैरहेको अन्तर्राष्ट्रिय सहभागिता तथा विश्वव्यापी तस्वीरको कारणले यसका लागि एउटा अन्तर्राष्ट्रिय स्तरकै संगठनात्मक स्वरूपको संरचनाको आवश्यकता बोध गरिएको छ ।

- यस्तो लक्षित संगठनलाई औपचारिकता दिंदै एक अन्तर्राष्ट्रिय



https://dhamma.digital

गृहस्थ बौद्ध अभियानको विकास गर्न तथा यसको प्रगति सुनिश्चित गर्नका लागि सन् २०१० मा एउटा अस्थायी तदर्थ समिति गठन गरिएको थियो ।

- उक्त समितिले संगठनको एउटा विधान तैयार गर्न र पदाधिकारीहरूको चयन गर्न सन् २०११ को अक्टोबर २६ मा बैठक गरेर उक्त विधानलाई पारीत गर्दै, संगठनको औपचारिक नामाकरण गर्‍यो र सोही दिन एउटा औपचारिक संचालक (Steering) समितिको गठन पनि गर्‍यो ।
- यस संगठनको औपचारिक नाम "अन्तर्राष्ट्रिय गृहस्थ बौद्ध मञ्च" (International Lay Buddhist Forum) (छोटकरीमा ILBF) रहेको छ ।

**गृहस्थ तथा प्रवजितहरूमा भिन्नता :**

१. प्रवजितहरू दश शील ग्रहण गर्दछन् भने गृहस्थहरू आठ अर्थात् अष्टशील ग्रहण गर्दछन् ।

२. प्रवजितहरू गृहत्याग गरी विहारमा रहन्छन्, भने गृहस्थहरू घर परिवारसँगै रहन्छन् ।

३. प्रवजितहरू चीवर धारण गर्दछन् भने गृहस्थहरूले चीवर धारण गर्न मिल्दैन, उनीहरू सामान्य पहिरन धारण गर्दछन् । प्रवजितहरूले धारण गर्ने चीवरको रंग र धारण विधि भने देश-देशमा फरक पर्दछ ।

४. यसप्रकार विहारहरूमा रहने प्रवजितहरू बुद्धशासनको निश्चित विनय (नियम) मा रहेर, बुद्धशिक्षाको अभ्यास गर्दै गृहस्थ बौद्धहरूलाई सो शिक्षा प्रदान गर्ने गर्दछन्, भने गृहस्थहरू आफ्नो श्रद्धा र क्षमता बमोजिम प्रवजितहरूलाई दान प्रदान गर्दै पुण्य आर्जन हुने काम गर्ने गर्दछन् ।



https://dhamma.digital

## परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष
## तृतीय पत्र

# समकालीन बौद्ध अभियान
## पाठ्यक्रम

(अंक विभाजन : एकाई १ को २० अंक, एकाई २ को २० अंक, एकाई ३ को २० अंक, एकाई ४ को २० अंक, एकाइ ४ को २०)

**जम्मा शिक्षण अवधि १५० घण्टा**

**एकाइ १ (क) इन्गेज्ड बुद्धिज्म**

**(ख) चूची फाउण्डेशन** शिक्षण अवधि:३०

**एकाइ २ (क) सर्वोदय श्रमदान अभियान**

**(ख) साक्यधिता**

**एकाइ ३ (क) इन्द्रमांग** शिक्षण अवधि:३०

**(ख) फो गुआन शान**

**एकाइ ४ (क) Pali Text Society**

**(ख) Vipassana Research Institute** शिक्षण अवधि:३०

**एकाइ ५ (क) Neo Buddhism** शिक्षण अवधि:३०

**(ख) Buddhist Modernism**

**(ग) Lay Buddhist Movement**



https://dhamma.digital

https://dhamma.digital